विकास अभियानमा व्यापक जनसहभागित, स्वावलम्बी नगर हाम्रो प्राथमिकता

# हेटौंडा नगरपालिका कार्यालय

## मकवानपुर, नेपाल

# HETAUDA MUNICIPALITY OFFICE

## Makawanpur, Nepal

**आ.ब. २०६७।०६८ मा भएका बोर्ड को निर्णय हरु:**

आज मिति २०६७४।३ गतेका दिन दिनको ३:३० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री कमलचन्द्र सुमन | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णय :

१. यस हेटौंडा नगरपालिका अन्तर्गत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाद्वारा कार्यान्वयनमा रहेको Supply of Equipments and Vehicles for Sanitation and Sewerage (HE-LIB-B-02) को परियोजनामा कार्यरत परामर्श दातृ संस्था DEDCS Consultant Building Design Authority (Pvt) Ltd बाट Revised BOQ, गर्नु पर्ने थप कार्यहरुको Variation Order-I (VO -I) र उक्त कार्य सम्पन्न गर्नका लागि म्याद थप समेतको सिफारिस पेश भए अनुसार परियोजना कार्यान्वयन एकाईबाट निर्णयका लागि पेश भएकोमा Consultant ले पेश गरे अनुसारको Revised BOQ (रकम रु.२,०८,९३,५२९।३२) र Variation -I रकम रु.३३,९७,६५१।१८ (भ्याट सहित) को स्वीकृत गरियो र म्याद थपका लागि सिफारिस भए अनुसार 30 सेप्टेम्बर, 2010 सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो । सोको स्वीकृति एवं सहमतिको लागि शहरी तथा वातावरणीय सुधार आयोजना, आयोजना समन्वय कार्यालय (PCO) र एशियाली विकास बैंक (ADB) मा पठाउने निर्णय गरियो ।

२. यस हेटौंडा नगरपालिका अन्तर्गत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाद्वारा कार्यान्वयनमा रहेको Water Supply Sub project (HE-ICB-B-03) को परियोजनामा कार्यरत परामर्श दातृ संस्था DEDCS Consultant Building Design Authority (Pvt) Ltd बाट Revised BOQ, गर्नु पर्ने थप कार्यहरुको Variation Order-III (VO -III) र उक्त कार्य सम्पन्न गर्नका लागि म्याद थप समेतको सिफारिस पेश भए अनुसार परियोजना कार्यान्वयन एकाईबाट निर्णयका लागि पेश भएकोमा Consultant ले पेश गरे अनुसारको Revised BOQ (रकम रु.१९,२४,३३,६३४।९४) र Variation -III रकम रु.२९,१३,७४५।४५ (भ्याट सहित) को स्वीकृत गरियो र म्याद थपका लागि सिफारिस भए अनुसार 30 सेप्टेम्बर, 2010 सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो । सोको स्वीकृति एवं सहमतिको

लागि शहरी तथा वातावरणीय सुधार आयोजना, आयोजना समन्वय कार्यालय (PCO) र एशियाली विकास बैंक (ADB) मा पठाउने निर्णय गरियो ।

३. हे.न.पा. ५ स्थित प्रगति टोल विकास संस्था अन्तर्गतको शाखा सडकमा ग्रेभलिंग गर्न माग भई आएकोमा ५ ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय भयो ।

४. हे.न.पा. ५ स्थित सरस्वती टोल विकास संस्था अन्तर्गत लक्ष्मी नि.मा.बि. को परिसर अगाडीको सडकमा खाल्डाखुल्डी भई पानी जमेको कारण आवागमनमा असुबिधा भएको र साना सवारी साधन संचालन गर्न कठीन भएकोले सडक सुधार कार्यका लागि सो टोल विकास संस्थाबाट अनुरोध भई आएकोमा ल.ई. बमोजिमको ग्रेभल र ह्युमपाइप कार्यालयबाट उपलब्ध गराई टो.बि. संस्थाबाट कार्य गराउने निर्णय भयो ।

आज मिति २०६७।४।२६ गतेका दिन दिनको ३:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | | |
|---|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत | |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | अनु. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | अनु. |

निर्णय :

!= यस नगरपालिका अन्तर्गत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाबाट कार्यान्वयनमा रहेको विभिन्न पूर्वाधारहरुको Detailed Engineering Design and Construction Supervision कार्य गर्नका लागि परियोजनामा नियुक्त DEDCS Consultant, Building Design Authority (P) Ltd, Kathmandu को पूर्व सम्झौता अनुसारको म्याद समाप्त भएको मितिदेखि लागू हुने गरी ३१ डिसेम्बर २०१० सम्मका लागि म्याद थप र उक्त कार्यका लागि DEDCS Consultant, Building Design Authority (P) Ltd, Kathmandu ले ३१ डिसेम्बर २०१० सम्मका लागि पेश गरेको Experts, अफिस संचालन खर्च लगायत Proposal सम्बन्धमा Negotiation भै आएको रकम रु.३५,६२,०५६।०७ (भ्याट सहित) स्वीकृत गर्ने निर्णय गरियो र सहमतिका लागि आयोजना समन्वय कार्यालय / एसियाली विकास बैंकमा पठाउने निर्णय गरियो ।

२. स्थानीय विकास मन्त्रालय, अनुगमन तथा मूल्यांकन शाखाको च.नं.५२०, मिति २०६७।३।२२ को ३८ बुंदे परिपत्रका बारेमा बैठकमा जानकारी भयो । उक्त परिपत्रको बूंदा नं. ३ मा आयोजनाहरुको कार्यान्वयनको स्थितिमा सुधार गर्न अनुगमन संयन्त्र बनाई क्रियाशील गराउने भन्ने उल्लेख भएकोमा नगरपालिकाकै दलीय संयन्त्रबाट आयोजनाहरुको सूचकका आधारमा नियमित रुपमा अनुमगन गर्ने निर्णय भयो ।

३. यस कार्यालयमा सार्वजनिक विदामा दिनमा समेत काम गर्नुपर्ने सरसफाइतर्फका सफाइ कर्मचारी, ड्राइभर र कार्यालयमा बिहान बेलुका काम गर्ने कार्यालय सहयोगीलाई अतिरिक्त दिनमा काम गरे बापत उपलब्ध गराइआएको भत्ता रकम न्यून भएको भनी गुनासो आएको र हालको महंगीका आधारमा हेर्दा त्यति व्यवहारिक नदेखिई भत्ता बृद्धि गर्ने विषयमा नगर परिषद् बैठकमा छलफल भई सोहीका आधारमा बजेट विनियोजन समेत

भैसकेको हुंदा आगामी नगर परिषद्बाट अनुमोदन गराउनेगरी २०६७ श्रावणदेखि मासिक भत्ता रु ८००।- कायम गरिदिने निर्णय भयो ।

४. सडक बोर्ड अन्तर्गत शहरी सडक मर्मत सुधारका लागि प्राप्त भएको रकम समेतबाट रु.३४,७०,५२४।८७ (कन्टेन्जेन्सीबाहेक) ल.ई.बराबरको कालोपत्रे सडक मर्मत सुधार कार्यका लागि बोलपत्र आव्हान भई रु.२३,२३,०४५।५६ (३३।.०६ प्रतिशत कम ) अंक कवोल गर्ने मेरिना कन्स्ट्रक्सन हांडीखोलाको बोलपत्र प्रस्ताव स्वीकृत भई कार्य गराइएकोमा प्राप्त रकममध्ये पुरै खर्च नभई बांकी रहन जाने रकमबाट न.पा. रोड लोकप्रीय होटलसम्म र कमाने चक्रपथ कालोपत्रे सडक मर्मत सुधार कार्य गराउने र सो को स्वीकृतिका लागि सडक बोर्डमा अनुरोध गर्ने निर्णय भयो ।

आज मिति २०६७।६।१० गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

<u>निर्णयहरु :</u>

१. हे.न.पा. ७ स्थित वडा कार्यालय नजिक खहरे नियन्त्रण कार्यका लागि मिति २०६७।३।३१ को बैठकबाट ल.ई. बमोजिमको ढुंगा न.पा. बाट उपलब्ध गराउने निर्णय भएकोमा जालीमा ढुंगा भर्ने काममा जनश्रमदान नउठ्ने देखिएकोले ज्याला बापतको रकम समेत उपलब्ध गराइदिन अनुरोध भई आएकोमा ज्याला भुक्तानी गर्न न.पा. बाट रु.३,०००।- रकम उपलब्ध गराउने निर्णय भयो ।

२. यही भाद्र १६ गतेदेखि क्लवको आयोजनामा हेटौंडामा संचालित जिल्ला स्तरीय मकवानपुर गोल्डकप फुटवल प्रतियोगिता आयोजनार्थ आ.स. उपलब्ध गराइदिन कमलडांडा युथ क्लव, बुद्धपथको मिति २०६७।५।५ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

३. नेपाली नारीहरुको महान पर्व हरितालिका तीजको अवसरमा विविध सांस्कृतिक कार्यक्रम सहित दरखाने कार्यक्रम आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल महिला संघ, जिल्ला समिति मकवानपुर, अखिल नेपाल महिला संघ, जिल्ला समिति मकवानपुर र प्रजातान्त्रिक राष्ट्रिय महिला संगठन, हेटौंडा नगर कार्य समितिबाट छुट्टाछुट्टै निवेदनमार्फत अनुरोध भई आएकोमा निवेदक संस्थाहरु प्रत्येकलाई रु.२,०००।- का दरले आ.स. उपलब्ध गराउने र सोही प्रकृतिको कार्यक्रममा प्रगतिशील आपसी महिला विकास संस्था, हेटौंडा-६ लाई रु.१,५००।- उपलब्ध गराउने सम्बन्धमा भएको निर्णय समर्थन गरियो ।

४. विजया दशमी, २०६७ को उपलक्ष्यमा यही असोज २२ गते विविध सांस्कृतिक कार्यक्रम आयोजनार्थ आ.स. उपलब्ध गराइदिन तलेजु सांस्कृतिक कला केन्द्र, हेटौंडा, मकवानपुरको मिति २०६७।५।२९ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

५. हे.न.पा. ६ बस्ने महिला स्वास्थ्य स्वयंसेविका पदमा रिमालको पेटमा क्यान्सर भई हाल उपचारको क्रममा रहनुभएको र निजको आर्थिक अवस्था कमजोर भएकोले उपचारका लागि सहयोग उपलब्ध गराइदिन महिला

स्वास्थ्य र स्वयंसेविका सरसफाइ र विकास समिति, मकवानपुर, हेटौंडाको मिति २०६७।५।७ को पत्रबाट अनुरोध भई आएकोमा उपचारार्थ रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

६. हे.न.पा. ६ नं. वडाका विभिन्न शाखा सडकहरुको स्तरोन्नतीका लागि कंक्रिट ढलान (पि.सि.सि.) तथा कालोपत्रे गर्न योजना स्वीकृति एवं बजेट निकासाका लागि स्थानीय विकास मन्त्रालयमा सिफारिस गरिदिन सम्बन्धित वडा समितिको दलीय संयन्त्रको सिफारिस सहित स्थानीय उपभोक्ता समितिहरुबाट अनुरोध भई आएकोमा यस नगरपालिकालाई स्थानीय विकास मन्त्रालयबाट प्राप्त हुने स्थानीय विकास शुल्क, जगेडा कोष लगायत अन्य नियमित अनुदान रकममा कुनै पनि असर नपर्ने गरी सो वडाभित्रका देहायका सडक कंक्रिट ढलान तथा कालोपत्रे गर्ने कार्यको योजना स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय भयो ।

देहाय :
(क) हेल्थपोष्ट मार्ग, (ख) विजयपथ दोश्रो मार्ग, (ग) रक्षादेवी मार्ग, (घ) सेतिदेवी मार्ग, (ङ) इन्द्र मार्ग,
(च) विजयपथ मार्ग ।

७. नगरपालिका क्षेत्रभित्रका विभिन्न शाखा सडकहरुमा ग्रेभलिंग गर्न माग भई आएकोमा देहाय बमोजिम ग्रेभल उपलब्ध गराउने निर्णय भयो ।

**देहाय :**
(क) शान्तिनगर टोल विकास संस्था, हेटौंडा-५ को शाखा सडकका लागि ८ ट्रिप ग्रेभल ।
(ख) भैरवटोल विकास संस्था, हेटौंडा-५, भैरव रोडबाट जि.एस. स्कूल जाने शाखा सडकका लागि १५ ट्रिप ।
(ग) ढुंगेधारा टोल विकास संस्था, हेटौंडा-५ अन्तर्गतको शाखा सडकका लागि ४ ट्रिप ।
(घ) हेटौंडा -५ स्थित गर्दोइ आत्मज्ञान प्रचार समितिको कार्यालय नजिकबाट पूर्वतर्फ जाने शाखा सडकका लागि १० ट्रिप ।
(ङ) चेतना टोल विकास संस्था, हेटौंडा १ भैरवडांडाको शाखा सडकका लागि १५ ट्रिप ।
(च) हे.न.पा. ११ गोल्फीनटारका लागि १० ट्रिप ।

८. यस नगरपालिका क्षेत्रभित्र खानेपानी धारा जडानका लागि नगरपालिकाको अनुमति लिई पाइप गाड्न सडक काटिएका कारणबाट सवारी आवागमनमा समस्या परेको र पक्की सडक थप भत्किने देखिएकोले त्यस्ता सडकहरुको मर्मत (पि.सि.सि.ढलान) कार्यका लागि पेश आएको रु.५१,४९२।४४ बराबरको ल.ई. स्वीकृत गरियो । साथै सो रकमभित्र घटाघट गराई मर्मत काम गराउने निर्णय भयो ।

९. यही असोज ५ गते हास्यव्यंगकार स्व. भैरव अर्यालको स्मृतिमा पुरस्कार र सम्मान पत्र वितरण साथै बृहत हास्यव्यंग गोष्ठी आयोजनार्थ आ.स. उपलब्ध गराइदिन साहित्य संगम मकवानपुरको मिति २०६७।५।२८ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१०. हेटौंडा नगरपालिका कार्यालयको स्वीकृत दरवन्दी अन्तर्गत रिक्त व्यवस्थापक (महाशाखा प्रमुख), अधिकृतस्तर सातौं तह पदसंख्या ३ (तीन) मा स्थायी पदपूर्तिका लागि यस नगरपालिकाको पदपूर्ति समितिसंग सिफारिस माग भएकोमा कार्य क्षमता मूल्यांकनको आधारमा देहायका उमेद्वारहरुलाई उक्त पदमा बढुवा नियुक्ति गर्न समितिको मिति २०६७।४।२६ को बैठक निर्णयबाट सिफारिस गरिएकोमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ( संशोधन सहित) को नियम २२६ मा व्यवस्था भए बमोजिम तोकिएको म्यादभित्र कोही कुनै उमेद्वारबाट बढुवा सिफारिस उपर उजुरी नपरेको हुंदा सिफारिस भएका उमेद्वारहरुलाई मिति २०६७।६।४ को बैठक निर्णयानुसार बढुवा नियुक्ति दिनुहुन भनी पदपूर्ति समितिको च.नं.६।०६७।०६८, मिति २०६७।६।५ को सिफारिस पत्रबाट लेखी आएकोमा देहायका उमेद्वारहरुलाई उजुरी गर्ने म्याद समाप्त भएको मितिको भोलिपल्ट अर्थात् मिति २०६७।५।३० गतेदेखि लागू हुनेगरी बढुवा नियुक्ति दिने निर्णय भयो ।

| *सि.नं.* | *उमेद्वारको नाम, थर* | *साविक पद* | *बढुवा गरिएको पद* |
|---|---|---|---|
| १. | शंकरप्रसाद उपाध्याय | लेखा अधिकृत | व्यवस्थापक (महाशाखा प्रमुख) |
| २. | बीरकृष्ण महर्जन | योजना तथा कानून अधिकृत | व्यवस्थापक (महाशाखा प्रमुख) |
| ३ | भीमप्रसाद तिमल्सिना | प्रशासकीय अधिकृत | व्यवस्थापक (महाशाखा प्रमुख) |

आज मिति २०६७।६।११ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले अनु |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. यस नगरपालिकाको ९ नं. वडा कार्यालय हाताभित्र रहेको गंगादेवी प्रद्धत हरिहरा मन्दिरमा नित्य पूजाआजाका लागि नगरपालिकाबाट उपलब्ध हुंदै आएको रकममा बृद्धि गरिदिन गंगादेवी प्रद्धत हरिहरा महादेव संरक्षण समिति, पशुपतिनगर, हेटौंडा-९ को मिति २०६७।५।१४ को पत्रबाट अनुरोध भई आएकोमा २०६७ असोजदेखि मासिक पूजा खर्चबापत रु.७००।- उपलब्ध गराउने निर्णय भयो ।

२. नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा हे.न.पा.-१० वाईपास सडक कालोपत्रे तथा फुटपाथ निर्माण गर्ने कार्यका लागि निर्माण व्यवसायी श्री पप्पु । पि.यस. जे.भि. संग नियमानुसार सम्झौता भै मिति २०६६।०१।३० मा कार्यादेश दिईएकोमा यस कार्यालयको निर्णय अनुसार 1st Variation स्वीकृत भै नियमानुसार निर्माण कार्य सञ्चालन गर्दा Asphalt Concrete Black topped Road को tack coat को कार्य छुट हुन गएकोले हाल सो कामको 2nd Variation उक्त योजनाको परामर्शदातृ संस्था श्री Welink Consultant (p) ltd वाट तयार गरी न.पा.मा पेश गरेको, निर्माण व्यवसायी श्री पप्पु । पि.यस. जे.भि. संग कार्यालयले Rate Negotiation समेत गरिसकेको तथा निर्माण व्यवसायीवाट म्याद थपको लागि पनि निवेदन पर्न आएकोमा परामर्शदातृ संस्थावाट भै आएको सिफारिस समेतका आधारमा निम्न विवरण अनुसारको 2nd Variation स्वीकृत गरी नगर विकास कोष काठमाण्डौमा पठाउने र उक्त निर्माण कार्यको म्याद पेश भए बमोजिम २०६७ कार्तिक मसान्त सम्मको लागी थप गर्ने निर्णय भयो ।

| S.N. | Particulars | Amount in NRs. |
|---|---|---|
| 1 | Original Estimated Amount (with VAT) | 2,79,80,298.96 |
| 2 | Revised Estimated Amount after v.o.2 | 3,54,00,053.03 |
| 3 | Contract Price after Additional Works | 2,10,40,959.36 |
| 4 | Actual change in Estimate after v.o.2 | 74,19,754.07 |
| 5 | Original contract Amount | 1,59,42,969.27 |
| 6 | New contract Amount after v.o.2 | 2,30,46,565.68 |
| 7 | Actual change in contract Amount | 71,03,596.41 |

| | | |
|---|---|---|
| 8 | New Amount of Variation | 20,05,606.32 |

३. यस नगरपालिका कार्यालयबाट विभिन्न निर्माण कार्यका लागि लिई गएका फछ्र्यौट हुन बांकी पुराना पेश्कीको फछ्र्योट सम्बन्धी कार्य अघि बढाउन गठीत पेश्की फछ्र्यौट सिफारिस कार्यदलको मिति २०६७।५।२० को प्रतिवेदनसाथ पेश हुन आएको विभिन्न ८ वटा योजनाको कूल फरफारक अंक रु.२,५८,२९७।०० बराबरको पेश्की फछ्र्योट गरिदिने र प्रतिवेदन मार्फत सिफारिस भई आएको देहायका योजनाको कूल रु.१७,०४२।५० बराबरको रकम मिन्हा गरी अनुमोदनका लागि नगरपरिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

| योजनाको नाम | उपभोक्ता समितिका अध्यक्ष | मिनाहा रकम रु. |
|---|---|---|
| (क) शौचालय निर्माण, हे.न.पा. १ | सिद्धिलाल श्रेष्ठ | १०,२४२।५० |
| (ख) पक्की ढल निर्माण, हे.न.पा. ७ | नरबहादुर भ्लोन | ४,३००।०० |
| (ग) पानी टंकी निर्माण, हे.न.पा. १ | राजु पौडेल | २,५००।०० |

४. वडाभित्रका विभिन्न शाखा सडकमा खाल्डाखुल्डी परी आवागमनमा समस्या देखिएकोले ग्रेभलिंग कार्यका लागि दलीय संयन्त्रको निर्णय सहित ७ नं. वडा समिति कार्यालयको मिति २०६७।६।१० को पत्रबाट अनुरोध भई आएको र प्राविधिक शाखाबाट सो सम्बन्धमा पेश हुन आएको ल.ई. सम्बन्धमा छलफल हुंदा तत्काललाई ग्रेडर लगाई सडकको सतह मिलाउने र तत्पश्चात आवश्यकता हेरी कार्यालयबाट निर्णय गराई ग्रेभलिंग कार्य गराउने निर्णय गरियो ।

५. हे.न.पा. १० स्थित नेत्रज्योती टोल विकास संस्था अन्तर्गतका सडकहरुमा खाल्डाखुल्डी परी आवागमनमा समस्या देखिएकोले ग्रेभलिंग कार्यका लागि सो संस्थाको मिति २०६७।६।१० को पत्रबाट अनुरोध भई आएको र प्राविधिक शाखाबाट सो सम्बन्धमा पेश हुन आएको ल.ई. सम्बन्धमा छलफल हुंदा तत्काललाई ग्रेडर लगाई सडकको सतह मिलाउने र तत्पश्चात आवश्यकता हेरी कार्यालयबाट निर्णय गराई ग्रेभलिंग कार्य गराउने निर्णय गरियो ।

६. हे.न.पा. ७ स्थित नागस्वतीमा रहेको कज्वेमा अत्याधिक बर्षाको कारणबाट क्षति पुग्न गएकोमा तत्काल संरक्षणका लागि स्थानीय उपभोक्ताको १० प्रतिशत श्रमदानमा ल.ई. बमोजिमको कार्य गराउने भनी यस न.पा. बोर्डको मिति २०६७।३।२२ को बैठकबाट निर्णय भएकोमा सो कार्यको लागि प्राविधिक शाखाबाट पेश भएको ल.ई. रु.३,८१,०४८।३० समर्थन गरियो ।

७. हे.न.पा. ६ स्थित कुमलटारबाट बारुते जाने सडकमा निर्मित कज्वेको दांयाबायांबाट खहरेले खोली जग्गा कटान गरेकोले सो कटान नियन्त्रण गरी खहरेको धारलाई व्यवस्थित गर्न स्थानीय टोलबासीहरुबाट संयुक्त निवेदनमार्फत माग भई आएकोमा स्थानीय टोल विकास संस्था र वडास्तरीय दलीय संयन्त्रको समन्वयमा काम गर्नेगरी प्राविधिक शाखाबाट पेश हुन आएको राय बमोजिम २ ट्रिप ढुंगा र ८ ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय भयो ।

८. हे.न.पा. ११ स्थित श्रीकृष्ण मन्दिरको उत्तरतर्फ पर्ने सूर्यपथको कच्ची सडकमा ग्रेभलिंग कार्यका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित स्थानीय बासिन्दाहरुबाट संयुक्त निवेदन मार्फत माग भई आएकोमा सम्बन्धित टोल विकास स.स्थाको समन्वयमा काम गर्नेगरी १२ ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय भयो ।

९. हे.न.पा. ७ स्थित चिसापानी पशुपतिमार्गमा खोल्सीका कारण आवागमनमा समस्या परी स्थानीय बासिन्दाको सक्रियतामा दांयाबांया वाल लगाई सडक चौडा पार्ने काम भैसकेको र पानीको निकासलाई खुल्ला राख्न आवश्यक पर्ने ह्युमपाइपको व्यवस्था गर्न समस्या परेकोले ह्युमपाइप उपलब्ध गराइदिन संगालो टोल विकास संस्था, हेटौंडा ७ को मिति २०६७।६।३ को पत्रबाट अनुरोध भै आएको र प्राविधिक शाखाबाट पेश हुन आएको राय समेतका आधारमा हे.न.पा. ७ स्थित आदर्शपथ सडक कालोपत्रे योजनामा उपभोक्ता समितिले खरीद गरेका तर

प्रयोगमा नआएकामध्येबाट २ थान ह्युमपाइप उपलब्ध गराउने र उपभोक्ताको तर्फबाट सो ह्युमपाइप खरीदमा पर्न गएको रकम न.पा.बाट उपभोक्ता समितिलाई उपलब्ध गराउने निर्णय भयो ।

आज मिति २०६७६।१२ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णयहरु :

१. यस हेटौंडा नगरपालिकामा संचालित शहरी तथा वातावरणीय सुधार परियोजना (UEIP) अन्तर्गत कार्यान्वयनमा रहेको Sanitation and Sewerage Subproject (HE-ICB-B-01) निर्माणका लागि नियुक्त CTCE/Kalika J/V, काठमाण्डौबाट माग भई परियोजनामा कार्यरत परामर्श दातृ संस्था DEDCS Consultant Building Design Authority (Pvt) Ltd बाट सिफारिस भई परियोजना कार्यान्वयन एकाईबाट पेश भएको निर्माण कार्य सम्पन्न गर्ने म्याद थप सम्बन्धी विषयमा छलफल हुदां उक्त कार्यका लागि ३१ अक्टोबर, २०१० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

२. यस हेटौंडा नगरपालिकामा संचालित शहरी तथा वातावरणीय सुधार परियोजना (UEIP) अन्तर्गत कार्यान्वयनमा रहेको Water Supply Subproject (HE-ICB-B-03) निर्माणका लागि नियुक्त CJJC/Sharma J/V, काठमाण्डौबाट माग भई परियोजनामा कार्यरत परामर्श दातृ संस्था DEDCS Consultant Building Design Authority (Pvt) Ltd बाट सिफारिस भई परियोजना कार्यान्वयन एकाईबाट पेश भएको निर्माण कार्य सम्पन्न गर्ने म्याद थप सम्बन्धी विषयमा छलफल हुदां उक्त कार्यका लागि ३० नोभेम्बर, २०१० सम्म म्याद थप गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको १५ औं नगरपरिषद् बैठकबाट नगरपालिकाको आफ्नो लोगो स्वीकृत गरी कार्यान्वयनमा ल्याउन नगरपालिका बोर्डलाई अख्तियारी प्राप्त भए बमोजिम ग्राफिक डिजाइनर चन्दनध्वज रानाबाट तयोर भई पेश हुन आएको प्रस्तावित लोगो आजको बैठकमा प्रस्तुत भई सो बारेमा छलफल हुंदा प्रस्तावित लोगोका बारेमा आम नगरबासीहरुबाट खुल्लारुपमा राय सुझाव संकलनका लागि स्थानीय पत्रपत्रिकामा सूचना आव्हान गर्ने निर्णय भयो ।

४. बिद्यालय हाताभित्र शौचालयको अभाव भई शौचालय निर्माण कार्य प्रारम्भ गरिएकोमा रकमको अभावले उक्त कार्य सम्पन्न गर्न कठिनाइ भएकोले निर्माण सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराइदिन हे.न.पा. १० स्थित श्री ज्ञानदा माध्यमिक बिद्यालयबाट अनुरोध भई आएकोमा शौचालय निर्माणका लागि न.पा. बाट रु.६०,०००।०० उपलब्ध गराउने निर्णय भयो ।

५. विजया दशमी, २०६७ को अवसरमा मञ्चको आयोजनामा यही आश्विन १६ गतेदेखि हेटौंडामा हुन लागेको मकवानपुर जिल्लाव्यापी मिडिया स्तरीय सेभेन ए साइड फुटवल प्रतियोगिता संचालनार्थ आर्थिक सहयोग

उपलब्ध गराइदिन नेपाल खेलकूद पत्रकार मञ्च, हेटौंडा, मकवानपुरको मिति २०६७।६।१० को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

६. यही श्रावण २४ गतेका दिन विश्व आदिवासी दिवसका अवसरमा संघको आयोजनामा हुन लागेको विविध कार्यक्रम संचालनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल आदिबासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्, मकवानपुरको मिति २०६७।४।११ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

७. यस हेटौंडा नगरपालिका अन्तर्गत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाबाट कार्यान्वयन हुने विभिन्न कार्यक्रमहरु मध्ये Additional Program for Institutional Capacity Building (Institutional and Revenue Reform) अन्तर्गत Metric Addressing सम्बन्धी कार्य सम्पादन गर्न, Municipal GIS Database Update गर्न र GIS Database लाई Revenue तथा National Building Code Database संग आबद्ध गर्नका लागि GIS Expert र GIS Engineer आवश्यक देखि दुवै जनालाई ४(चार) महिना कार्य गराउने सम्बन्धमा सूचना प्रकाशित गरिए अनुसार पर्न Genesis Consultancy (P) Ltd, Kathmandu को एक मात्र प्रस्ताव पर्न आएको र उक्त Consultancy ले पेश गरेको आर्थिक प्रस्तावमा Negotiation Committee बाट Negotiation भई आएको रकम रु. ५,५९,३९५।२० (भ्याट रकम सहित) मा सो कार्य ४ महिना भित्र सम्पन्न गर्ने सम्बन्धमा मिति २०६७।५।२३ मा भएको निर्णय अनुमोदन गरियो ।

८. यस हेटौंडा नगरपालिका अन्तर्गत संचालित शहरी तथा वातावरणीय सुधार परियोजनाबाट कार्यान्वयन हुने विभिन्न कार्यक्रमहरु मध्ये Additional Program for Institutional Capacity Building (Institutional and Revenue Reform) अन्तर्गत संचालित GIS System लाई संचालनमा ल्याउन तथा Update गर्नका लागि आवश्यक Software Arc GIS Arc View Version 9.3.1 खरिद गर्ने सम्बन्धमा नेपालमा रहेको एक मात्र आधिकारीक बिक्रेता Nepalsoft solution (P) Ltd, Gairidhara, Kathmandu ले पेश गरेको को मूल्य रु.३,६५,५९०।०३ (भ्याट सहित) मा खरिद गर्ने निर्णय गरियो ।

९. यही भाद्र ५ गतेका दिन हाम्रो समूह ***अबेर***द्वारा हेटौंडा बजारको मुख्य भागमा नगर सफाइ र बृत्तचित्र प्रदर्शन गर्ने कार्यक्रम हुन लागेकाले सो कार्यक्रम संचालनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन ECLAT, हेटौंडाको तर्फबाट अनुरोध भई आएकोमा रु.१,५००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१०. छैटौं वर्ष प्रवेशको अवसरमा विविध कार्यक्रम सहित बार्षिकोत्सव समारोह आयोजना गर्न लागिएकोले शुभकामना विज्ञापन उपलब्ध गराइदिन नारायणी एक्सप्रेस राष्ट्रिय दैनिकको मिति २०६७।५।५ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।०० बराबरको शुभकामना विज्ञापन उपलब्ध गराउने निर्णय भयो ।

११. यही श्रावण १७ गतेका दिन संस्थाको आयोजनामा हुन लागेको *लम्बिएको संक्रमण काल, जनजिविकाको सवाल र मानव अधिकार* विषयक एक दिवसीय अन्तर्क्रिया कार्यक्रम संचालनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन मानव अधिकार एलाइन्स, जिल्ला शाखा मकवानपुरको मिति २०६७।४।१६ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१२. यही आश्विन ९ गतेका संघको आयोजनामा हुन लागेको २५ औं जिल्ला स्तरीय करांते प्रतियोगिता संचालनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल सितोरियो करांते संघ, मकवानपुर शाखाको मिति २०६७।५।६ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१३. यही भाद्र ९ गतेका दिन सामुहिक गाइजात्राको कार्यक्रम आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन नेवाः सांस्कृतिक पुचः, मकवानपुरको मिति २०६७।५।१ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१४. परिषद्को आयोजनामा यस नगरीमा आयोजित ३ दिवसीय स्वास्थ्य शिविरका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन प्राकृतिक उपचार सेवा परिषद्, मकवानपुर, हेटौंडाको मिति २०६७।५।१० को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१५. यही भाद्र १७ गतेका दिन श्रीकृष्ण रथयात्राको अवसरमा संघको आयोजनामा हुन लागेको विविध सांस्कृतिक कार्यक्रम आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन युवा संघ, नेपाल ३ नं. वडा कमिटि, हेटौंडाको मिति २०६७।५।७ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१६. यही असोज १ देखि ५ गतेसम्म काठमाण्डौंमा आयोजना हुन लागेको पार्टीको १२ औं राष्ट्रिय महाधिवेशनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाली कांग्रेस, जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६७।५।२३ को पत्रबाट अनुरोध भई आएकोमा रु.१०,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१७. यही असोज १५ देखि १८ गतेसम्म जनकपुरमा आयोजना हुन लागेको संगठनको २० औं राष्ट्रिय सम्मेलनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी युनियन, जिल्ला कमिटि, मकवानपुरको मिति २०६७।५।७ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१८. यही असोज २ गते इटहरीमा आयोजना हुन लागेको महासंघको विशेष राष्ट्रिय सम्मेलनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल प्रगतिशील ट्रेड यूनियन महासंघ (फिनेप्ट), केन्द्रीय कार्यालय, काठमाण्डौंको मिति २०६७।५।२७ को पत्रबाट अनुरोध भई आएकोमा रु.७,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१९. यही असोज २२ गतेसम्म देशका विभिन्न जिल्लामा सार्थक संविधानका लागि जनदवाव अभियान संचालन गर्न लागिएकोले सो कार्यक्रमका लागि सहयोग उपलब्ध गराइदिन नेपाल कम्युनिष्ट पार्टी (एकीकृत), केन्द्रीय कार्यालय काठमाण्डौंको मिति २०६७।५।२३ को पत्रबाट अनुरोध भई आएकोमा रु.७,०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

२०. यही असोज २४ गते संगठनको आयोजनामा तामाङ जातिको वास्तविक जीवनमा आधारित चलचित्र गोदेवा प्रदर्शन गर्न लागिएकोले टिकट खरीद गरी सहयोग गरिदिन तामाङ राष्ट्रिय मुक्ति मोर्चा नेपाल, मकवानपुर जिल्ला संगठन समितिबाट अनुरोध भई आएकोमा रु.३,०००।०० बराबरको टिकट खरीद गरिदिने निर्णय भयो ।

२१. यस नगरपालिकाको १५ औं नगरपरिषद्बाट स्वीकृत संगठन विकास प्रतिवेदन (OD Report) मा नगरपालिका कार्यालयको दरवन्दी तर्फ स्वीकृत अधिकृतस्तर सातौं तहको पदनाम व्यवस्थापक भएकोमा आगामी नगर परिषदबाट अनुमोदन गराउनेगरी सो पदनामलाई संशोधन गरी प्रवन्धक कायम गर्ने निर्णय भयो ।

२२. विद्यालयमा कम्पाउण्ड वाल निर्माण भएको तर श्रोतको अभावमा गेट निर्माण गर्न नसकिएकोले गेट निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराइदिन हे.न.पा. ८ स्थित श्री हिमगंगा प्रा. बि. बाट अनुरोध भई आएकोमा रु.६०,०००।०० रकम विद्यालय पूर्वाधार निर्माण सुधार शीर्षकबाट उपलब्ध गराउने निर्णय भयो ।

२३. स्थानीय विकास मन्त्रालयको थप स्थानीय विकास शुल्क अनुदान अन्तर्गत कार्यालय हाताभित्र ल.ई.रु.२,२९,६६,०३६।७३ बराबरको प्रशासकीय भवन र ग्यारेजसहित बारुणयन्त्र कर्मचारी आवास गृह निर्माण कार्यको नियमानुसार ठेक्का आव्हान भई रु.२,२९,१९,४२९।६७ कबोल गर्ने श्री सपना । अस्मिता । श्रेष्ठ सिभिल जे.भी. को ठेक्का स्वीकृत भई निर्माण कार्य संचालन भएकोमा हाल ८७ प्रतिशत कार्य प्रगति भएको सो योजनाको तेश्रो किस्ता बापतको रकम रु.८९,६५,०००।- स्थानीय विकास मन्त्रालयसंग माग गर्ने निर्णय भयो ।

आज मिति २०६७।६।१९ गतेका दिन दिनको २:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |

श्री ईश्वरलाल श्रेष्ठ — प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ — प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी — प्रतिनिधि, ने.क.पा. माले
श्री रबिन्द्रकुमार अधिकारी — प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल — प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल — प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा — प्रतिनिधि, रा.प्र.पा. नेपाल

निर्णयहरु :

१. नगरपालिका क्षेत्रभित्र खानेपानी धारा तथा नयां विद्युत लाइन जडानका लागि यस कार्यालयबाट सम्बन्धित निकायमा सिफारिस गर्दा अनिवार्य रुपमा नक्शापास गर्नुपर्ने व्यवस्थाका कारण निक्कै कमजोर र अस्थायी प्रकृतिका संरचनाको हकमा त्यस प्रकारको अनिवार्यताले गर्दा बिद्युत तथा खानेपानीको सुबिधाबाट बञ्चित रहनुपरेको भनी विभिन्न जनगुनासाहरु आएको सन्दर्भमा खानेपानी तथा बिद्युतको सिफारिस प्रयोजनार्थ अर्को निर्णय नभएसम्मका लागि देहाय बमोजिमको संरचनाको हकमा भवन निर्माण इजाजत तथा नक्शापास अनिबार्य नगर्ने निर्णय गरियो :

(क) काठको कच्ची घर तथा संरचना,

(ख) सडकको मापदण्ड पूरा नभएको, बिद्युत हाइटेन्सन लाइन मुनि निर्माण भएको तथा न.पा. को नियमानुसार निर्माण इजाजत दिन नसकिने घर तथा संरचना,

(ग) ब्लकको गाह्रो लगाएको जस्ता, माटो तथा सिमेन्टको टायलले छाएको घर तथा संरचना,

(घ) २ कोठासम्मको जग हाली सोमा ढुंगा तथा इटा प्रयोग गरी सिमेन्ट जोडाईको गाह्रो लगाएको र जस्ता, माटो तथा सिमेन्टको टायलले छाएको घर तथा संरचना,

(ङ) ढुंगाको गाह्रो र माटोको जोडाई भएको जस्ता, माटो तथा सिमेन्टको टायलले छाएको घर तथा संरचना,

र साथै माथि उल्लेख भएदेखि बाहेकको संरचनाको हकमा नक्शापास अनिबार्य गर्ने । नक्शापास वा सो प्रयोजनका लागि कार्यालयमा नक्शा दर्ता गरिसकेको संरचनालाई मात्र सिफारिस गर्ने समेत निर्णय गरियो ।

२. खानेपानीको वितरण व्यवस्थालाई प्रभावकारी बनाउन सोझै धारामा मोटर लगाई पानी तान्ने प्रबृत्तिलाई नियन्त्रण गर्नुपर्ने देखिएकोले यस नगरपालिकाबाट भवन निर्माण इजाजत (नक्शापास) दिंदा घरको कम्पाउण्डसंगै अण्डरग्राउण्ड खानेपानी टंकी समेत अनिबार्य रुपमा निर्माण गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय भयो ।

३. सुकुम्बासी बस्ती लगायत निजी स्वामित्व नभएका जग्गामा बसोबास गर्दै आएका व्यक्तिहरुबाट हाल खानेपानी धारा जडानका लागि माग भई आएको सम्बन्धमा छलफल हुंदा जग्गामा व्यक्तिगत स्वामित्व नभएका र बसोबास व्यवस्थित भैनसकेका समुदायमा खानेपानी धारा जडानका लागि माग भई आएमा उपभोग गर्नेहरुको सामुहिक जिम्मेवारीमा व्यवस्थापन हुनेगरी नियमानुसारको धरौटी रकमको २ गुना थप धरौटी लिएर सामुदायिक धारा जडान गर्न खानेपानी व्यवस्थापन बोर्डलाई अनुरोध गर्ने निर्णय भयो ।

४. यस नगरपालिका र सडक बोर्ड नेपालको अनुदान सहयोगमा हे.न.पा. २,३,४,६ र ११ नं. वडामा रहेका विभिन्न शाखा सडकहरु कालोपत्रे मर्मत (प्याच वर्क) र चौडा गर्ने कार्यका लागि निर्माण व्यवसायी श्री मेरिना कन्स्ट्रक्सन, हांडीखोला १ संग २०६७ असोज मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्नेगरी नियमानुसार सम्झौता भई कार्यादेश दिइएकोमा सो निर्माण व्यवसायी संस्थाले बर्षादको कारण तोकिएको समयभित्र कार्य सम्पन्न गर्न नसक्ने भएकोले २०६७ कार्तिक मसान्तसम्मका लागि म्याद थप गरिदिन मिति २०६७।६।१७ मा पेश गरेको निवेदन र प्राविधिक शाखाबाट सो सम्बन्धमा भएको सिफरिस समेतका आधारमा कारण मनासीव देखिएको र यस अवधि बीचमा दशै र दिपावली जस्ता महान चाडहरु समेत परेकोले निर्माण कार्यमा यसले पार्ने असर समेतलाई हेरी २०६७ कार्तिक २२ गतेसम्मलाई म्याद थप गरिदिने निर्णय गरियो ।

५. मन्दिर परिसरमा सरसफाइ र बगैचा व्यवस्थापनका लागि पारिश्रमिक भुक्तानी गर्न समितिलाई नगरपालिकाबाट विगत बर्षहरुदेखि नै अनुदान सहयोग उपलब्ध हुंदै आएकोमा यस बर्ष पनि सहयोग उपलब्ध गराइदिन भुटनदेवी मन्दिर संचालक समिति, हेटौंडा १० को मिति २०६७।६।४ को पत्रबाट अनुरोध भई आएकोमा गत बर्ष सरह रु.१०,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

६.	यस नगरलाई Cyber City (Digital City) बनाउने तर्फ यसको सम्भाव्यता अध्ययन सहित परियोजना विकास, श्रोत परिचालन तथा कार्यान्वयन तहसम्मका कामहरुमा सहकार्य गर्न पेश भए बमोजिमको ढांचामा यस नगरपालिका र Cyber City Organization Nepal (CCoN) बीचको समभ्रुदारी पत्र(MOU) मा हस्ताक्षर गर्ने निर्णय भयो ।

७.	हेटौंडा नगरपालिका वडा नं. ९, १०, ११ र पदमपोखरी गा.वि.स. वडा नं. १ समेतको क्षेत्रभित्र राप्ती (रत्नावती), कर्रा (कर्णावती) र कुखरेनी (कौशवाही) को संगमस्थल धार्मिक ग्रन्थ अनुसार कुष्माण्ड भगवतीले तपस्या गरेको तथा पाण्डवहरुले तिर्थाटन गरेको क्षेत्र कुष्माण्ड सरोवर त्रिवेणीधाम भएकोले उक्त क्षेत्रमा १०८ धारा सहितको कुष्माण्ड सरोवर कुण्ड, विष्णु पादुका, कुष्माण्ड भगवतीको मन्दिर, योग साधना केन्द्र, तपोवन, धर्मशाला, नेपालमाता मन्दिर (नेपालको पहिचान गर्ने), विद्यालय, रमणीय पार्क लगायत संरचना निर्माण गरी धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास गर्ने उद्धेश्यले प्रथम चरणमा जि.वि.स., मकवानपुर समेतको सहयोग र स्थानीय श्रोत परिचालन गरी पूर्वाधार निर्माणका कार्यहरु प्रारम्भ गरिएको हुंदा उक्त क्षेत्रभित्र पर्ने पूर्व वन विज्ञान अध्ययन संस्थान र भुटनदेवी सामुदायिक वनको पश्चिमको क्षेत्र, पश्चिम पदमपोखरी गा.वि.स.-१ को बृन्दावन कौशबाही देखि पूर्व, उत्तर हे.न.पा. ११ सुकुम्बासी बस्तीदेखि दक्षिण, र दक्षिण हे.न.पा. ९ त्रिबेणीधाम एरियामा पर्ने भोगचलन भएको जमीन बाहेक यति चार किल्ला भित्रको क्षेत्र यस संस्थाको नाममा भोग अधिकार पाउन सम्बन्धित निकायमा सिफारिस गरिदिन कुशमाण्ड सरोवर त्रिवेणीधाम विकास समिति, हेटौंडा, मकवानपुरको मिति २०६७६।१३ को पत्रबाट अनुरोध भई आएकोमा प्रस्तावित जग्गाको अधिकांश भाग नदी कटानका कारण वगरको रुपमा रहेको हुंदा भोगाधिकार उपलब्ध गराउन उचित हुने देखिएकोले दलीय संयन्त्रको सहमतिमा नगरपालिका वोर्डबाट निर्णय गराई भोगाधिकार सिफारिस गर्ने सम्बन्धमा स्थानीय विकास मन्त्रालयसंग सहमति माग गर्ने निर्णय भयो ।

८.	जि.म. हे.न.पा. ५ मा रहेको कि.नं. १९००, ज.बि. ०-११-३।४ जग्गामा सार्वजनिक निजी साभ्रेदारी अवधारणा अनुसार पशुवधशाला निर्माण तथा संचालनका लागि जग्गाधनी विश्वकान्ति कलावतीले आवश्यक छलफल गरी सो प्रयोजनका लागि जग्गा उपलब्ध गराउन आफू तयार रहेको व्यहोरा उल्लेख गरी मिति २०६७३।८ मा यस कार्यालयलाई बोधार्थ दिई मकवानपुर उद्योग बाणिज्य संघलाई लेखेको पत्रका बारेमा बैठकमा छलफल हुंदा यस विषयमा मकवानपुर उद्योग बाणिज्य संघसंग छलफल गर्ने निर्णय भयो ।

आज मिति २०६७।७।१० गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना	प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१.	यस नगरपालिकाको १५ औं नगरपरिषद् बैठकबाट स्वीकृत भएका योजनामध्ये देहाय बमोजिमका योजनाहरु प्राथमिकता अनुसार प्रथम चरणमा विभिन्न श्रोतबाट संचालन गर्नेगरी स्वीकृत गरियो र साथै सोही अनुसार

योजना संचालनार्थ आवश्यक तयारी एवं लागत अनुमान तयार गर्ने सार्वजनिक निर्माण शाखालाई निर्देशन दिने निर्णय भयो ।

**१ नं. वडा :**

१. वडा समिति मार्गमा स्ल्याब ढलान गर्ने कार्य,
२. काजीलाल मार्गमा कंक्रिट सडक निर्माण गर्ने कार्य,
३. अस्पताल छेउको कम्पाउण्ड भन्दा बाहिर खाल्टो फिलिङ गर्ने र मानव धर्म सेवा समितिको भवन पश्चिम खाल्टो पुर्ने कार्य,
४. भैरवडांडा जाने बाटो सडक सुधारसहित ढल निर्माण गर्ने कार्य,
५. फणिन्द्र पथ कालोपत्रे गर्ने कार्य ।

**२ नं. वडा :**

१. लोकप्रीय होटलदेखि मानसचोक, न.पा. रोड हुंदै क्याम्पस चोकसम्म ढल निर्माण गर्ने कार्य,
२. न्यू मनकामना रोड B6 देखी वडा नं ५ जोड्ने खोल्सीमा कलभर्ट बनाउने कार्य,
३. डेन्टीजंग शाहको घर देखि उत्तरतर्फ सिद्धार्थपथसम्म स्ल्याब ढलान गर्ने कार्य,
४. सिद्धार्थ स्कुलदेखि रेडक्रस भवन (बासुदेव मार्ग) सम्म स्ल्याब ढलान गर्ने कार्य,
५. बासुदेव मार्गको भित्री शाखा सडक (संगमपथ) मा पक्की सडक निर्माण गर्ने कार्य,

**३ नं. वडा :**

१. पुरानो मकवानपुर रोडमा (संगम चोकदेखि सानोपोखरा चोकसम्म) ढल तथा क्रसड्रेन पुनः निर्माण तथा मर्मत गर्ने कार्य,
२. प्रभाकर पथमा ढल मर्मत गर्ने कार्य,
३. विजयपथमा ढल, स्ल्याब ढलान र पिच मर्मत गर्ने कार्य,
४. पूरानो मकवानपुर रोड (पिपलबोटबाट संगमचोक) मा ढल पून निर्माण गर्ने कार्य,
५. उ.वा. संघदेखि देवीपथ संगमचौकसम्म दांयाबांया ढल निर्माण गर्ने कार्य,

**४ नं. वडा :**

१. गरुडपथ-पारिजातपथ जोड्ने बाटो कंक्रिट ढलान गर्ने कार्य,
२. चिसापानी गर्दोई सडक कंक्रिट ढलान निर्माण गर्ने कार्य (चिनीया लामाको घर नजिकबाट)
३. युद्धप्रसाद पथको अधुरो भाग कंक्रिट ढलान गर्ने कार्य,
४. श्रमीक पथको अधुरो भाग कालोपत्रे गर्ने कार्य,
५. श्रृजनाटोल भित्रको सडक कालोपत्रे गर्ने कार्य (नारायणी यातायात देखी दक्षिण पूर्व)

**५ नं. वडा :**

१. अवलडांडा अधुरो कंक्रिट ढलान पूरा निर्माण गर्ने कार्य,
२. पुष्पमार्गको अनिता ढुंगानाको घर जाने बाटोको ढल व्यवस्थित गर्ने कार्य,
३. भित्री चिसापानी प्रगति पथमा अधुरो (सेमिनरी बोर्डिंग अगाडी) स्ल्याव ढलान पूरा गर्ने कार्य,
४. चिउनी डांडा देखी पान्चायन मन्दिर सम्म जोडिने बाटो स्ल्याब ढलान गर्ने कार्य,
५. पिप्ले स्कुल देखी वन समिति जोड्ने सडकको स्ल्याव ढलान कार्यलाई निरन्तरता दिने कार्य,

**६ नं. वडा :**

१. वडा कार्यालयको अधुरो भवन निर्माण पुरा गर्ने कार्य,
२. पुतलीबजार लाहुरेटोल रामनगर हुंदै चक्रपथ जोड्ने भक्ती मार्गमा अधूरो ढल निर्माण कार्यलाई निरन्तरता दिने कार्य,
३. भुलभुले देखी हात्तिलेटतर्फ पक्की ढल निर्माण गर्ने कार्य,
४. मदन मार्ग अधुरो स्ल्याब ढलानलाई निरन्तरता दिने कार्य,
५. गौरीटार बृहत खानेपानी टंकी जाने बाटो कालोपत्रे गर्ने कार्य,
६. गौरीटार टोल (बृहत खानेपानी टंकी भन्दा तल्लो सडक)मा ढल निर्माण गर्ने कार्य,
७. पुतलीबजारबाट ७ नं. जाने बाटो खोल्ने कार्य,

**७ नं. वडा :**

१. वडा नं. ७ र ८ को सिमा सडक कालोपत्रे गर्ने कार्य,
२. धनेश्वर पथ कालोपत्रे गर्ने कार्य,
३. जागरण पथ कालोपत्रे गर्ने कार्य, र जागरण पथकै खहरेमा कलभर्ट निर्माण गर्ने कार्य,
४. बनदेबी सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिने कार्य,
५. सवदाहस्थल मर्मत सम्भार र संरक्षण गर्ने कार्यमा सहयोग गर्ने,

**८ नं. वडा :**

१. मदन मार्ग छालाफैक्ट्री गेट देखी ७ नं सिमा तर्फ सडक कालोपत्रे गर्ने कार्य,
२. बिरेन्द्रमार्गको बांकी भागमा स्ल्याव ढलान गर्ने कार्य,
३. भक्ति मार्गको बांकी भागमा स्ल्याव ढलान गर्ने कार्य,
४. दिपेन्द्र मार्गमा स्ल्याव ढलान गर्ने कार्य,
५. भृकुटी र भानु मार्गमा कंक्रिट स्ल्याव ढलान गर्ने कार्य,
६. रंगशाला सडक (सीप विकास नेर) कालोपत्रे गर्ने कार्य,
७. फायरलाइन सडकमा ढल निर्माण गर्ने र ग्रेभलिंग गर्ने कार्य,
८. वडा कार्यालय भवनको अधुरो निर्माणलाई सम्पन्न गर्ने कार्य,

**९ नं. वडा :**

१. अमरपथमा अधुरो स्ल्याव ढलान सम्पन्न गर्ने कार्य,
२. आदर्शटोल विकास अन्तर्गत सुरेश मेडिकल सम्मको बाटो ढलान र कलभर्ट मर्मत गर्ने कार्य,
३. धर्मपथमा स्ल्याब ढलान गर्ने कार्य,
४. सिग्देल टोल जाने बाटोको अधुरो स्ल्याव ढलान निर्माण पूरा गर्ने कार्य,
५. हेमन्तपथमा अधुरो स्ल्याव ढलान निर्माण सम्पन्न गर्ने कार्य,
६. मिलनपथमा कल्पराज पौडेलको घरदेखी सुकुम्बासी तिरको कलभर्ट सम्मको स्ल्याब ढलान निर्माण गर्ने कार्य,
७. कुष्माण्ड त्रिबेणीधाम क्षेत्रको पूर्वाधार निर्माणमा सहयोग,

**१० नं. वडा :**

१. तिलगंगा आाखा अस्पताल जाने सडक कालोपत्रे गर्ने कार्य,
२. दुर्गा कोल्डस्टोर देखी नमूना टोल सम्म जाने शाखा बाटोमा पक्का सडक निर्माण गर्ने कार्य,
३. सोलीड्यारिटी देखी राममन्दिर टोल विचको भुटनदेवी जानेबाटो सम्म पक्की सडक निर्माण गर्ने कार्य,
४. न्यूरेनी देखी भुटनदेवी मन्दिर आउने बाटोमा सिंढी निर्माण गर्ने कार्य,
५. निशेषमानको गल्लीमा पक्की सडक र ढल निर्माण गर्ने कार्य,
६. समिल रोडको जिवनकाजी मकाजुको घरतर्फ जाने सडकमा पक्की सडक र ढल निर्माण गर्ने कार्य ।

**११ नं. वडा :**

१. डाङडुंगे खोल्सीमा कलभर्ट निर्माण गर्ने कार्य,
२. झोलुंगे पुल जाने बाटोको अधुरो स्ल्याब ढलान सम्पन्न गर्ने कार्य,
३. शान्तिपथमा अधुरो स्ल्याब ढलान सम्पन्न गर्ने कार्य,
४. प्रगतीपथमा स्ल्याब ढलान गर्ने कार्य,
५. भैरवकुन्ज रोडको बिच भागमा स्ल्याब ढलान गर्ने कार्य,
६. भैरव डांडा जाने बाटोमा ढल निर्माण र सडक सुधार गर्ने कार्य ।

**नगर स्तरीय तथा अन्य योजनाहरु :**

१. मुख्य बजारका सडकमा रोड डिभाइडर राख्ने कार्य,
२. निर्माणधीन सामुदायिक कम्पोष्ट प्लान्ट निर्माण कार्यलाई सम्पन्न गर्ने कार्य,
३. राप्ती नदी तटमा निर्मित सवदाहस्थललाई व्यवस्थित गर्ने कार्य,
४. कान्तिराजपथको ढल पुनर्निर्माण तथा सडक पेटी निर्माण कार्य,
५. बासुदेव सभागृहको अधुरो निर्माण कार्यलाई सम्पन्न गर्ने कार्य,
६. कुष्माण्ड त्रिवेणीधाम क्षेत्रमा पूर्वाधार निर्माणमा सहयोग गर्ने कार्य,

७. राटोमाटे (फायरलाइन) र नवलपुर सरस्वतीको राजमार्ग सडकमा नगर प्रवेशद्वार निर्माण गर्ने कार्य,
८. चक्रपथ सडक अन्तर्गत ६ नं. र ७ नं. वडामा रहेका खहरेमा लच्का निर्माण गर्ने कार्य,
९. नगरपालिकाको खुल्ला मञ्च पुनर्निर्माण गर्ने कार्य,
१०. न.पा. कार्यालयको मुल प्रवेशद्वार निर्माण र कार्यालय भवन अगाडी फाउन्टेन (कृतिम झर्ना) निर्माण गर्ने कार्य,
११. हे.न.पा. ४ स्थित नगर विकास समितिको कार्यालय चोकको दक्षिण तर्फको सार्वजनिक जग्गामा सम्भावनाका आधारमा शहरी सेवा केन्द्र निर्माण गर्ने (सा.नि.सा. अवधारणा अनुसार)

२. टोल विकास संस्था अन्तर्गतका शाखा सडकमा ग्रेभलिंग गर्नका लागि दुम्सीडांडा टोल विकास संस्था, हेटौंडा-११ को मिति २०६७।६।१० को पत्रबाट अनुरोध भई आएकोमा प्राविधिक शाखाको राय समेतका आधारमा १० ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय भयो ।

३. टोल विकास संस्था अन्तर्गतका शाखा सडकमा ग्रेभलिंग गर्नका लागि नेत्रज्योति टोल विकास संस्था, हेटौंडा-१० को मिति २०६७।६।१० को पत्रबाट अनुरोध भई आएकोमा प्राविधिक शाखाको राय समेतका आधारमा १२ ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय भयो ।

४. हे.न.पा. ८ स्थित विकास मार्गमा स्थानीय उपभोक्ता समितिमार्फत नगरपालिकासंगको लागत सहभागितामा कंक्रिट स्ल्याव ढलान योजना संचालन गर्दा सडकको विषयमा विवाद उत्पन्न हुंदा चालु स्थानभन्दा केही दूरी बाहिर सडक निर्माण गर्नुपर्ने भएकोले स्ल्याव ढलान पूर्व सो स्थानमा प्राविधिकसंग परामर्श लिई ग्रेभल राखिएकोमा सो को थप भुक्तानी उपलब्ध गराइदिन उपभोक्ता समितिबाट अनुरोध भई आएकोमा थप ५ ट्रिप ग्रेभलको भुक्तानी गरिदिने निर्णय भयो ।

५. विगत बर्षहरुमा झैं यस बर्ष पनि विजया दशमीको अवसरमा यही आश्विन १६ गतेदेखि संघको आयोजनामा हुन गैरहेको नगरस्तरीय फुटवल प्रतियोगिता संचालनार्थ आ.स. उपलब्ध गराइदिन युवा संघ, नेपाल ८ नं. वडा कमिटि, हेटौंडाको मिति २०६७।६।१२ को पत्रबाट अनुरोध भई आएकोमा रु.४,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

६. कुशमाण्ड त्रिबेणीधाम क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्धेश्यले विकास समितिबाट संचालित विविध पूर्वाधार निर्माण कार्यका लागि सहयोग उपलब्ध गराइदिन कुशमाण्ड सरोवर त्रिबेणीधाम विकास समिति, हेटौंडा, मकवानपुरको मिति २०६७।५।२१ को पत्रबाट अनुरोध भई आएकोमा सो क्षेत्रको पूर्वाधार निर्माणका लागि न.पा.को तर्फबाट रु.१,००,०००।- पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

७. यस नगरपालिका क्षेत्रभित्र संचालित व्यवसायमा नगरपालिकाले कानून बमोजिम लिन पाउने व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउन व्यवसाय कर व्यवस्थापन समितिको पहलमा सम्बन्धित सरोकारवाला व्यवसायी संघसंस्थाका प्रतिनिधि र म.उ.बा.संघका पदाधिकारीहरु समेतको सहमतिमा लामो समयदेखि करको दायरामा नआएका सैलुन (नाई) व्यसायीहरुलाई करको दायरामा ल्याउनका लागि सो समितिबाट भई आएको सिफारिस समेतका आधारमा देहाय बमोजिम गर्ने निर्णय भयो ।

**देहाय :**
(१) आ.व. २०५५।०५६ सम्मको व्यवसाय कर मिनाहा गर्ने ।
(२) नाइ संघमा आवद्ध सबै व्यवसायीहरुको न.पा. दर्ता तथा नविकरण संघको सहयोगमा यही २०६७ मंसीर मसान्तभित्र सम्पन्न गर्ने ।
(३) आ.व. २०६१।०६२ भन्दा अघिका व्यवसायीहरुको बक्यौता कर रकम ५० प्रतिशत भन्दा किस्ता रकम कम नहुनेगरी बढीमा दुई किस्तामा लिने । पहिलो किस्ता रकम २०६७ मंसीर मसान्तभित्र र बांकी किस्ता रकम यस आ.व. भित्र तिर्नुपर्ने ।
(४) हालसम्मको बक्यौता व्यवसाय कर रकममा लाग्ने जरिवाना रकममा ९५ प्रतिशत छुट गरिदिने ।
(५) गैर नेपाली नागरिक व्यवसायीहरुको हकमा आ.व. २०६६।०६७ सम्मका लागि नेपाली नागरिक सरहको कर शुल्क (बक्यौता र जरिवाना प्रयोजनका लागि समेत) कायम गर्ने ।

८. हे.न.पा. ३ मा रहेको पुरानो पिपलबोट गतबर्ष हुरी बतासबाट ढली सो स्थानमा रहेको श्रीकृष्ण मन्दिर समेत पूर्ण रुपमा क्षति हुन गएको र सोही स्थानमा संलग्न नक्शा तथा लागत इष्टिमेट अनुसार मन्दिरको पुनर्निर्माण कार्य प्रारम्भ गरिएको हुंदा सो कार्यका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन श्रीकृष्ण मन्दिर समिति, हेटौंडा, मकवानपुरको मिति २०६७।१।२९ को पत्रबाट अनुरोध भई आएकोमा मन्दिर निर्माणार्थ रु.१,००,०००।- पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

९. हे.न.पा. ५ स्थित गर्दुवई चौतारीमा शिव पाञ्चायन मन्दिर निर्माणका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन मन्दिर निर्माण समितिको मिति २०६७।३।२ को पत्रबाट अनुरोध भई आएकोमा मन्दिर निर्माणार्थ रु.२५,०००।- पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

१०. हे.न.पा. ७, न्युरेनीस्थित मन्दिर परिसरमा निर्माणाधीन प्रवेशद्वारको निर्माण सम्पन्नका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन श्री श्रीनिवास लक्ष्मीनारायण मन्दिर, हेटौंडा ७ बाट अनुरोध भई आएकोमा सो कार्यका लागि न.पा.बाट रु.२५,०००।- पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

११. यस नगरपालिका क्षेत्रभित्र विभिन्न मुल तथा शाखा सडकको दायाबाया सडक सीमा अतिक्रमण गरी निर्माण भएका घर तथा टहराहरुले गर्दा सडक सांघुरो भई अस्तव्यस्त देखिई शहरको सौन्दर्यतामा समेत ह्रास आएको र सहज आवागमनमा बाधा पुग्न गएको एवं कतिपय सडकमा ढल तथा सडक पेटी निर्माण गर्न समेत कठिनाई भएकोले बढ्दो शहरीकरणको चापलाई मध्यनजर गरी त्यस्ता अनधिकृत निर्माणहरु हटाउन आवश्यक देखिएकोले यस कार्यमा सर्बपक्षीय एवं सर्बदलीय सहमति जुटाउने उद्धेश्यले राजनैतिक दलका जिल्ला नेतृत्व एवं सरोकारवाला निकायहरुसंग छलफलका लागि बैठक आयोजना गर्ने निर्णय भयो ।

आज मिति २०६७।८।१७ गतेका दिन दिनको २:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | | |
|---|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत | |
| आमन्त्रित | | |
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | अनु. |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | अनु |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णयहरु :

१. ए स्क्वायर नामक संस्थाले प्रदूषणरहित, सुविधाजनक ब्याट्री चलित रिक्सा यस नगरीमा संचालन गर्नको लागि रिक्सा दर्ता एवं अनुमतिका लागि प्रस्ताव पत्र सहित पेश गरेको माग निवेदन र सम्बन्धित शाखाबाट यस सम्बन्धमा भई आएको सिफारिस समेतका आधारमा सेवाको प्रभावकारिता र नगर क्षेत्रको भौगोलिक बनावटका आधारमा यस प्रकारको रिक्सा उपर्युक्त हुने देखिएकोले छुट्टै पहिचान कायम रहनेगरी बार्षिक रु.२००।- दर्ता शुल्क लिई संचालन अनुमति प्रदान गर्ने निर्णय भयो ।

२. यस कार्यालयमा भएका पुराना मोटरसाइकल (सवारी साधन), फर्निचर लगायत जिन्सी सामानहरु नियमानुसार लिलाम बिक्रीका लागि ३ पटकसम्म सूचना आव्हान हुंदा लिलाम सकारका लागि कुनैपनि निवेदन पर्न नआएकोले मूल्यांकन समितिबाट पूर्व कायम मूल्यांकनमा ३० प्रतिशत कम गरी सो मूल्यमा लिलाम प्रक्रिया अघि बढाउन समितिको मिति २०६७।८।७ को बैठकबाट सिफारिस भैआएकोमा प्रस्ताव भई आएको मूल्यांकन

रु.३६,४८४।- (मोटरसाइकल ३ थानको जम्मा रु.२८,७००।- र अन्य सामानको रु.७,७८४।-) स्वीकृत गरियो र सोही अनुरुप लिलाम प्रक्रिया अघि बढाउने निर्णय समेत गरियो ।

३. यस नगरपालिकाको पदपूर्ति समितिका अध्यक्ष श्री पुष्कर महतज्यूको पदावधि गत कार्तिक २६ गते समाप्त भएकोमा आगामी नगर परिषद् बैठकबाट अनुमोदन गराउनेगरी मिति २०६७।७।२७ देखि लागू हुनेगरी आगामी ५ बर्ष अर्थात् एक कार्यकालका लागि म्याद थप गर्ने निर्णय भयो ।

४. गुम्बामा अतिथि आवास गृह निर्माण कार्य भैरहेको र सो सम्पन्न गर्न रकम अभाव भएकोले सहयोग उपलब्ध गराइदिन देक्षेन छोइलिंग गुम्बा (बुद्ध मन्दिर), हेटौडा -४ को मिति २०६७।३।१ को पत्रबाट अनुरोध भई आएकोमा रु.२०,०००।- सहयोग (पूंजीगत अनुदान) उपलब्ध गराउने निर्णय भयो ।

५. शुभ दिपावली एवं छट पर्व, २०६७ को उपलक्ष्यमा क्लवको सक्रियतामा विविध सांस्कृतिक कार्यक्रम आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन नव जीवन ज्योति क्लव, हेटौंडा -६ को मिति २०६७।७।१० को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

६. आगामी मंसीर २४ देखि २८ गतेसम्म काठमाण्डौंमा आयोजना हुन गैरहेको संगठनको १८ औं राष्ट्रिय सम्मेलनका लागि आ.स. उपलब्ध गराइदिन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी यूनियन (क्रान्तिकारी), केन्द्रीय समितिको मिति २०६७।७।१७ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

७. आगामी मंसीर २७ देखि २९ गतेसम्म नेपालगञ्जमा आयोजना हुन गैरहेको संघको छैटौं राष्ट्रिय सम्मेलनका लागि आ.स. उपलब्ध गराइदिन अखिल नेपाल किसान संघ (२००७), जिल्ला संगठन मकवानपुरको मिति २०६७।८।७ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

८. छोरीको पाठेघरको रगत नलीको अप्रशेन गर्दा भुल हुन गई आन्द्राको पाइप छिन्न गएकाले ३ पटक सम्म अप्रेशन गर्नुपरेको र आफू रिक्सा चलाएर गुजारा गर्ने श्रमिक भएकोले उपचारका लागि साह्रै समस्या पर्न गएकोले उपचारार्थ आ.स. उपलब्ध गराइदिन हे.न.पा. २ बस्ने विष्णुकुमार थापामगरले पेश गर्नुभएको निवेदन समबन्धमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

९. यही कार्तिक २६ र २७ गते हिन्दूहरुको पवित्र चाड छट पूजा समारोह आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन छट पूजा समारोह समिति, हेटौंडाको मिति २०६७।७।१८ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१०. यही मंसीर १ देखि ५ गतेसम्म हेटौंडा नगरीमा बिराट पुस्तक मेला आयोजनार्थ आ.स. उपलब्ध गराइदिन गायत्री परिवार, हेटौंडा, मकवानपुरको मिति २०६७।७।२८ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

११. यही कार्तिक १७ गते संस्थाद्वारा शुभ दिपावली, २०६७ को अवसरमा विविध सांस्कृतिक कार्यक्रम आयोजनार्थ आ.स. उपलब्ध गराइदिन रत्ननगर समाज सेवा संस्था, हेटौंडा-५ बाट अनुरोध भई आएकोमा रु.१,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१२. हेटौंडा नगरपालिका कार्यालयको स्वीकृत दरवन्दी अन्तर्गत रिक्त प्रबन्धक (महाशाखा प्रमुख), अधिकृतस्तर सातौं तह (प्रा) पदसंख्या १ (एक) मा स्थायी पदपूर्तिका लागि यस नगरपालिकाको पदपूर्ति समितिसंग सिफारिस माग भएकोमा कार्य क्षमता मूल्यांकनका आधारमा देहायका उमेद्वारलाई उक्त पदमा बढुवा नियुक्ति गर्ने समितिको मिति २०६७।६।१३ को बैठक निर्णयबाट सिफारिस गरिएकोमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (संशोधन सहित) को नियम २२६ मा व्यवस्था भए बमोजिम तोकिएको म्यादभित्र कोही कुनै उमेद्वारबाट बढुवा सिफारिस उपर उजुरी नपरेको हुंदा सिफारिस भएका उमेद्वारलाई मिति २०६७।७।१७ को बैठक निर्णयानुसार बढुवा नियुक्ति दिनुहुन भनी पदपूर्ति समितिको च.नं. ०७०६७०६८, मिति २०६७।७।१८ को सिफारिस पत्रबाट लेखी आएकोमा देहायका उमेद्वारलाई उजुरी गर्ने म्याद समाप्त भएको मितिको भोलिपल्ट अर्थात् मिति २०६७।७।१७ गतेदेखि लागू हुनेगरी बढुवा नियुक्ति दिने निर्णय भयो ।

देहायः

| सि.नं. | उमेद्‌वारको नाम, थर | साविक पद | बढुवा गरिएको पद |
|---|---|---|---|
| १. | कृष्णबहादुर अधिकारी | अधिकृत छैटौं(प्रा) इन्जिनीयर | अधिकृत सातौं(प्रा), प्रवन्धक (महाशाखा प्रमुख) |

१३. यही मंसीर २७ देखि पौष ६ गतेसम्म दक्षिण अफ्रिकाको जोहान्सवर्गमा हुन गैरहेको 17Th World Youth and Students Festival मा स्ववियू सभापति र स्ववियू काउन्सिलको अध्यक्षको जिम्मेवारीले मकवानपुर बहुमुखी क्याम्पसका स्ववियू सभापति श्री महेशकुमार बर्तौलाले सहभागी हुने अवसर पाउनुभएकोले सो कार्यक्रममा सहभागिता जनाउनका लागि आवश्यक खर्च व्यवस्थापन गर्न कठिनाई परेकोले सहयोग उपलब्ध गराइदिन स्वतन्त्र बिद्यार्थी युनियन, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाको मिति २०६७।७।२५ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- (लक्षित कार्यक्रम शीर्षकबाट) सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१४. मेरा पति मनोज श्रेष्ठ लामो समयदेखि किड्नी रोगबाट ग्रसित भई उपचार गराउँदै आएकोमा कमजोर आर्थिक अवस्थाका कारण उपचारलाई निरन्तरता दिन समस्या परेकोले आर्थिक सहयोग उपलब्ध गराइदिन हे.न.पा. २ निबासी श्री उमा श्रेष्ठले निवेदन पेश गर्नुभएकोमा रु.३,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१५. मेरा पति ज्ञानबहादुर वल क्यान्सर रोगबाट ग्रसित भई उपचारकै क्रममा मृत्यु हुन गएको र उपचारको सिलसिलामा भएको खर्चका कारण काज क्रिया गर्न समेत आर्थिक कठिनाई परेकोले सहयोग उपलब्ध गराइदिन हांडिखोला-३ बस्ने पातलीमाया बलले दिनुभएको निवेदन सम्बन्धमा रु.१,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१६. नेपाल सम्बत् ११३१ (नयां वर्ष) विभिन्न कार्यक्रम सहित भव्यताका साथ सम्पन्न गर्न आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल सम्बत् ११३१ नयां बर्ष समारोह मुल आयोजक समिति, हेटौंडा, मकवानपुरबाट अनुरोध भई आएकोमा रु.२,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१७. खिष्टमसको अवसर पारेर यही मंसीर २० गतेदेखि खिष्टमस रनिंग शिल्ड फुटवल प्रतियोगिता आयोजना गरिन लागेको हुंदा सो का लागि आर्थिक सहयोग उपलब्ध गराइदिन विजयी युवा क्लव, हेटौंडाको मिति २०६७।७।२८ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१८. यही मंसीर २५ गते संघको नवौं नगर अधिबेशन आयोजनार्थ आ.स. उपलब्ध गराइदिन युवा संघ, नेपाल, नगर कमिटि हेटौंडाको मिति २०६७।८।१० को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१९. यही कार्तिक २८ गतेका दिन अचानक आगलागी हुंदा २ तल्ले गोठ तथा सोमा रहेका चौपाया जली नोक्सान हुन गएकोले राहात सहयोग उपलब्ध गराइदिन प्रहरी प्रतिवेदन र वडा कार्यालयको सिफारिस संलग्न राखी हे.न.पा. ६ बस्ने रविलाल गौतमले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

२०. यही मंसीर २४ र २५ गते हेटौंडा नगरीमा हुन गैरहेको परिषद्‌को २० औं केन्द्रीय साधारण सभा आयोजनार्थ आ.स. उपलब्ध गराइदिन श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६७।८।१३ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- (लक्षित कार्यक्रम शीर्षकबाट) सहयोग उपलब्ध गराउने निर्णय भयो ।

२१. कार्यालय कामको सिलसिलामा अचानक बेहोश भई अस्पताल भर्ना भई उपचार गराउंदा सरसापट गरी रु.७,०००।- खर्च भएकोमा सो रकम बराबरको उपचार सहयोग उपलब्ध गराइदिन १ नं. वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी शिवबहादुर थापाले बील भर्पाइ संलग्न गरी दिनुभएको निवेदन सम्बन्धमा रु.५,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

२२. हे.न.पा. ५, चिसापानी स्थित सार्वजनिक इनार मर्मत तथा सो स्थानमा प्रतिक्षालय निर्माणका लागि कल्याणी टोल विकास संस्था, हेटौंडा ५ को मिति २०६६।११।९ को पत्रबाट अनुरोध भई आएकोमा प्राविधिक शाखाबाट पेश हुन आएको रु.१,८१,२७०।०६ ल.ई बराबरको कार्य स्थानीय उपभोक्ताबाट १० प्रतिशत श्रमदान जुटाई सम्पन्न गर्नेगरी योजना स्वीकृत गरियो ।

२३. यस नगरपालिकाको १५ औं नगरपरिषद्बाट स्वीकृत संगठन विकास योजना एवं कार्यालयको स्वीकृत कर्मचारी दरवन्दी अन्तर्गत रिक्त रहेका देहायका पद र संख्यामा स्थायी तथा करार सेवामा पदपूर्ति गर्न आवश्यक देखिएकोले नियमानुसार पदपूर्तिका लागि नगररपालिकाको पदपूर्ति समितिसंग सिफारिस माग गर्ने निर्णय भयो ।

**स्थायी पदपूर्तिका लागि सिफारिस माग भएका पद, संख्या :**

(क) आन्तरिक लेखा परीक्षक, अधिकृतस्तर छैटौं तह, पदसंख्या १(एक)
(ख) वरिष्ट सहायक, सहायकस्तर पांचौं तह, पदसंख्या ९(नौं)
(ग) सुवेदार, सहायकस्तर पांचौं तह, पदसंख्या १(एक)
(घ) नायव नगर निरीक्षक, सहायकस्तर पांचौं तह, पदसंख्या १(एक)
(ङ) सहायक नगर निरीक्षक, सहायकस्तर चौथो तह, पदसंख्या १(एक)
(च) अमीन, सहायकस्तर चौथो तह(प्रा), पदसंख्या १(एक)
(छ) कार्यालय सहायक, सहायकस्तर चौथो तह, पदसंख्या ३(तीन)

**करार सेवामा पदपूर्तिका लागि सिफारिस माग भएका पद, संख्या :**

(क) भारी सवारी चालक, सहायकस्तर चौथो तह (प्रा), पदसंख्या १(एक)
(ख) नगर प्रहरी, सहायकस्तर दोश्रो तह, पदसंख्या ३(तीन).......२ महिला, १ पुरुष
(ग) बारुणयन्त्र सिपाही, सहायकस्तर दोश्रो तह, पदसंख्या २(दुई)

२४. यस नगरीमा बढ्दै गएको शहरीकरणलाई व्यवस्थित गर्दै लैजाने र निर्माण हुने भवन तथा संरचना भुकम्पीय दृष्ट्रिले सुरक्षित बनाउने उद्धेश्यले नगरपालिकाको १५ औं नगर परिषद्बाट स्वीकृत नीति तथा कार्यक्रममा समेत उल्लेख भैसकेको हुंदा सम्बन्धित निकायहरुसंगको समेत सहयोगमा आगामी २०६७ साल माघ १ गतेदेखि यस नगरपालिकामा राष्ट्रिय भवन संहिता (National Building Code) पूर्णरुपमा लागू गर्ने निर्णय गरियो ।

२५. स्थानीय विकास मन्त्रालयको जगेडा कोष योजना अन्तर्गत लागत सहभागितामा यस नगरपालिकाको विभिन्न निम्न सडकहरु कालोपत्रे निर्माण कार्य सञ्चालन गर्न निम्न बमोजिमको कूल ल.ई.रु.१,४९,९१,२०९।७९ को योजना स्वीकृतिका लागि स्थानीय विकास मन्त्रालयमा पठाउने निर्णय भयो ।

निम्न :
(क) बिरेन्द्रपथ र पशुपति मन्दिर जाने शाखा सडक कालोपत्रे गर्ने कार्य, हेटौंडा-४, हु.प्र.चौर
(ख) मित्रनगरको विभिन्न सडक कालोपत्रे गर्ने कार्य, हे.न.पा.-४ हु.प्र.चौर
(ग) मदनपथ सडक कालोपत्रे गर्ने कार्य, हे.न.पा.-८
(घ) कर्णावती पथ ( सिमाना सडक) सडक कालोपत्रे गर्ने कार्य, हे.न.पा. ७ र ८ ।

२६. कृषि सम्बन्धी जानकारी तथा सूचनामुलक सामग्रीहरु संकलन गरी प्रकाशन हुन लागेको कृषि अभियान डायरी ( दोश्रो प्रकाशन) प्रकाशनार्थ सहयोग उपलब्ध गराइदिन नेशनल एग्रो डेभलपमेन्ट इण्डष्ट्री नेपालका प्रबन्धक श्री कृष्णप्रसाद न्यौपानेले मिति २०६७।७।२३ मा पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.२,५००।- बराबरको पुस्तक ( डायरी) खरीद गरिदिने निर्णय भयो ।

२७. कण्डम दिवस, २०६७ को अवसरमा जिल्लाव्यापीरुपमा विभिन्न संघसंस्थाहरुको समन्वयमा विविध जनचेतनामूलक कार्यक्रम संचालन गर्न आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल रेडक्रस सोसाइटी, मकवानपुर शाखाबाट अनुरोध भई आएकोमा लक्षित कार्यक्रम शीर्षकबाट रु.३,०००।- रकम उपलब्ध गराउने निर्णय भयो ।

२८. हे.न.पा. २ स्थित मनकामना चोक नजिकबाट पूर्व तर्फ जाने सडकमा कंक्रिट ढलान गर्ने कार्यका लागि अनुरोध भई आएकोमा रु.२,३९,१७६।२० ल.ई. बराबरको कार्यका लागि न.पा. कार्यालयबाट रु.१,००,०००।- उपलब्ध गराई बांकी लागत स्थानीय उपभोक्ताबाट जुटाई सम्पन्न गर्नेगरी योजना स्वीकृत गर्ने निर्णय भयो ।

२९. हे.न.पा. ५ स्थित श्रीलक्ष्मीनारायण मन्दिरको निर्माणाधीन अतिथि गृह लगायतको पूर्वाधार संरचनालाई सम्पन्न गर्न सहयोग उपलब्ध गराइदिन अनुरोध भई आएकोमा रु.५०,०००।- पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

३०. हे.न.पा. ८ स्थित खहरेको कटान रोकथामका लागि जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालयबाट प्राप्त भएको २२ थान तारजाली भर्नको लागि आवश्यक ढुंगा उपलब्ध गराइदिन समाज सुधार तथा संरक्षण केन्द्र। मकवानपुर हेटौंडाबाट अनुरोध भई आएकोमा जाली भर्ने कार्य स्थानीय उपभोक्ताबाट गर्नेगरी न.पा. कार्यालयबाट १३ ट्रिप ढुंगा (प्रकोप व्यवस्थापन कार्यक्रम शीर्षकबाट) उपलब्ध गराउने निर्णय गरियो ।

३१. हे.न.पा. ६, पुतलीबजारबाट सिमा खहरे हुंदैं ७ नं. वडातर्फ जाने कैयौं बर्षदेखि प्रचलनमा आएको बाटो हाल बन्द गरिएबाट निकासमा समस्या आएको र स्थानीय बासिन्दाबाट यस विषयमा प्रयत्न भई सहमतिका आधारमा सो स्थानमा खोलिएको बाटोमा ग्रेभलिंग कार्यका लागि सहयोग माग भई आएकोमा रु.१०,०००।- लागतमा नबढ्नेगरी १ दिनको लागि २ वटा ट्रिपरको भाडा र सो का लागि लाग्ने इन्धन १०० लि. डिजल यस नगरपालिका कार्यालयबाट उपलब्ध गराई नपुग श्रोत तथा श्रमदान स्थानीय उपभोक्ताबाट जुटाई कार्य गराउने गरी सहयोग उपलब्ध गराउने निर्णय भयो ।

आज मिति २०६७।८।२८ गतेका दिन बिहान ८:३० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. स्थानीय स्वायत्त शासन (चौथो संशोधन) नियमावली, २०६६ को नियम २२५(ख) १ र २ मा व्यवस्था भएको कार्य सम्पादन तथा अनुभवको मूल्यांकनद्वारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्था यस कार्यालयका कर्मचारीहरुका हकमा समेत कार्यान्वयन गर्नुपर्ने देखिएकोले कार्यालयमा सहायक स्तर चौथो र पांचौं तहका स्थायी पदमा कार्यरत नियमानुसार योग्यता पुगेका कर्मचारीहरुबाट प्रक्रिया पूरा गरी बढुवाका लागि सिफारिस गर्न यस नगरपालिकाको मिति २०६७।५।२ को बैठकको निर्णयानुसार नगरपालिकाको पदपूर्ति समितिसंग सिफारिस माग भएकोमा सो समितिको मिति २०६७।८।३ को निर्णय एवं सम्बन्धित शाखाबाट सो सम्बन्धमा पेश हुन आएको टिप्पणी उपर छलफल हुंदा नगरपालिका तथा नगर परिषद्बाट स्वीकृत यस नगरपालिकाको संगठन विकास योजना (OD Report) को भावना र यस पूर्व नगरपालिकाबाट भएका यससंग सम्बन्धित निर्णयहरु समेतका आधारमा सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय भयो ।

देहाय :

(क) देहायका सफल उमेद्वारहरुलाई देहाय बमोजिम माथिल्लो रिक्त पदमा दरवन्दी समायोजन एवं जिम्मेवारी सहित देहाय बमोजिम नियुक्ति दिने । जेष्ठताको क्रमलाई मध्यनजर गरी एउटै पदमा २० बर्ष भन्दा लामो

स्थायी सेवा अवधि पूरा गरेका उमेद्वारलाई बढुवा उपरको पुनरावेदन गर्ने म्याद समाप्त भएपछिको १६ औं दिनबाट अर्थात् मिति २०६७।८।३ बाट र अन्य उमेद्वारहरुलाई मिति २०६७।८।४ बाट लागू हुनेगरी बढुवा नियुक्ति दिने ।

<u>देहाय :</u>

| qm=;+= | pd]b\jf/sf] gfd, y/ | ;fljssf] kb, tx | a9'jf ul/Psf] kb, tx |
|---|---|---|---|
| १. | बिन्द्रलाल श्रेष्ठ | जु.ई., सहायक पांचौं (प्रा.) | अधिकृतस्तर छैटौं (प्रा), इन्जिनीयर |
| २. | बिष्णुगोपाल महर्जन | जु.ई., सहायक पांचौं (प्रा.) | अधिकृतस्तर छैटौं (प्रा), इन्जिनीयर |
| ३. | भोजमान श्रेष्ठ | ले.पा., सहायक पांचौं | शाखा अधिकृत, अधिकृतस्तर छैटौं |
| ४. | गंगाकुमारी चौलागाई | ना.सु., सहायक पांचौं | शाखा अधिकृत, अधिकृतस्तर छैटौं |
| ५. | रोशन रिजाल | ना.सु., सहायक पांचौं | शाखा अधिकृत, अधिकृतस्तर छैटौं |
| ६. | जगन्नाथ सापकोटा | ना.सु., सहायक पांचौं | शाखा अधिकृत, अधिकृतस्तर छैटौं |
| ७. | अमोदप्रसाद मैनाली | खरिदार, सहायक चौथो | बरिष्ट सहायक, सहायकस्तर पांचौं |
| ८. | जयराम पुलामीमगर | इ.सी.,सहायक चौथो (प्रा) | सहायकस्तर पांचौं (प्रा), जु.ई (इले. ) |
| ९. | शान्तादेवी लौडारी | खरिदार, सहायक चौथो | बरिष्ट सहायक, सहायकस्तर पांचौं |
| १०. | अनिताकुमारी ढुंगाना | सव ओ.सी., सहायक चौथो (प्रा.) | सहायकस्तर पांचौं (प्रा.), जु.ई. |
| ११. | नेत्रप्रसाद सापकोटा | सह ले.पा., सहायक चौथो | बरिष्ट सहायक, सहायकस्तर पांचौं |
| १२. | बिनोद सुबेदी | खरिदार, सहायक चौथो | बरिष्ट सहायक, सहायकस्तर पांचौं |
| १३. | डिल्लीराम पोखरेल | खरिदार, सहायक चौथो | बरिष्ट सहायक, सहायकस्तर पांचौं |
| १४. | नकुलप्रसाद अधिकारी | सह ले.पा., सहायक चौथो | बरिष्ट सहायक, सहायकस्तर पांचौं |

(ख) अधिकृतस्तर छैटौं तह (प्रा), इन्जिनीयर पदमा विशेष बढुवा हुनुभएका दुवै उमेद्वारहरुलाई दरवन्दीको पदमा समायोजन गर्न सो पदमा थप १ पदको दरवन्दी आवश्यक देखिएकोले आगामी नगर परिषद् बैठकबाट अनुमोदन गराउने गरी अधिकृतस्तर छैटौं तह (प्रा), इन्जिनीयर पद, संख्या १(एक) दरवन्दी थप सृजना गर्ने ।

(ग) यस कार्यालयको बिद्यमान अवस्था र जनशक्तिको परिचालनका दृष्ट्रिले यस निर्णयबाट बढुवा हुने कर्मचारीहरुको हकमा नयां जिम्मेवारीका साथै कार्यालय काममा असर नपुग्नेगरी साविकको पदको जिम्मेवारी सहितको कार्य विवरण दिने ।

(घ) यस निर्णयबाट बढुवा हुने प्राविधिक कर्मचारीको हकमा पदनामको विषयमा नेपाल सरकारबाट अर्को निर्णय नभएसम्म इन्जिनीयर र जु.ई. तर्फ सो पदका लागि शुरु सेवा प्रबेशको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता पूरा नभएकाको हकमा तह खुलाई सो को पछाडी ब्राकेटभित्र पदनाम जोडी नियुक्ति दिने ।

(ङ) हाल कार्यरत रहेको पदका लागि शुरु सेवा प्रबेशका निमित्त निर्धारित शैक्षिक योग्यता नभएका देहायका प्राविधिक पदका कर्मचारीहरुलाई माथिल्लो १ तहमा विशेष बढुवा (हाललाई दरवन्दीमा समायोजन नहुने गरी) नियुक्ति दिने ।

देहाय :

| कर्मचारीको नाम, थर | हालको पद, तह | बढुवा गरिएको पद, तह |
| --- | --- | --- |
| १. सुवर्णसिंह बस्नेत | सहायकस्तर चौथो (प्रा) सव ओ.सी. | सहायकस्तर पांचौं (प्रा), जु.ई. |
| २. सरस्वती श्रेष्ठ | सहायकस्तर चौथो (प्रा) क. अप्रेटर | सहायकस्तर पांचौं (प्रा), बरिष्ट क. अप्रेटर |
| ३. लक्ष्मण न्यौपाने | सहायकस्तर चौथो (प्रा) खेल प्रशिक्षक प्रशिक्षक | सहायकस्तर पांचौं (प्रा), खेल |

२. हेटौंडा अस्पतालको पूर्वाधार सुधारको योजना सहित यही पौष ३ गतेबाट सञ्चालन हुन लागेको श्रीमद् भागवत महापुराण सप्ताह ज्ञान महायज्ञका अवसरमा अस्पतालको पूर्वाधार विकासका लागि यस नगरपालिकाको तर्फबाट रु.१०,००,१११।- बराबरको सहयोग उपलब्ध गराउने घोषणा गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको स्वीकृत दरवन्दी अन्तर्गत रिक्त सहायकस्तर पांचौं तह(प्रा.), ओभरसियर पद, संख्या २ (दुई) र सहायकस्तर चौथो(प्रा), सव ओभरसियर पद, संख्या १(एक)मा स्थायी पदपूर्ति गर्नेपर्ने भएकोले नगरपालिकाको पदपूर्ति समितिसंग सिफारिस माग गर्ने निर्णय भयो ।

४. यस हेटौंडा नगरपालिका कार्यालय, हेटौंडा मकवानपुर समेतलाई विपक्षी बनाई दिइएको रिट नं.०६७-ws-००१२ को उत्प्रेषणयुक्त परमादेशको मुद्धामा यस हेटौंडा नगरपालिकाको तर्फबाट सम्मानित सर्बोच्च अदालतमा लिखित जवाफ पेश गरी मुद्धामा प्रतिकरक्षा गर्न, वारेस मुकरर गरी तारेखमा रहन हेटौंडा नगरपालिकाको तर्फबाट अधिबक्ता श्री मुकुन्द अधिकारीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

५. हे.न.पा. ८ स्थित श्री रोटरी सृजना प्राथमिक बिद्यालयको मिति २०६७।८।२१ को पत्रबाट बिद्यालयमा खानेपानी टंकी खरीद गर्न र खानेपानी धारा जडानका लागि धरौटी राख्न रकम अभाव भएकोले सहयोग माग भई आएकोमा रु.२०,०००।- (बिद्यालय सहयोग शीर्षकबाट) उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६७।९।१४ गतेका दिन दिनको ३:३० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
| --- | --- |
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
| --- | --- |
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत अनु |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. यस नगरपालिका क्षेत्रभित्र भवन तथा योजना मापदण्ड निर्देशिका २०५९ लागू हुनु अगावै निर्माण भइसकेका भवन तथा संरचनाको हकमा सो मादण्ड लागू हुनभन्दा पहिलाको तत्कालीन नीति तथा मापदण्ड अनुसार निर्माण भएका तर नक्शापास भैनसकेका घरधनीहरुबाट नक्शा नियमित गरिदिन माग आइरहेको र यसभन्दा अघि पनि समय समयमा सार्वजनिक सूचना आव्हान गरी बर्तमान मापदण्ड लागू हुनपूर्वका निर्माण कार्यहरु नियमित गर्दै आइरहेकोमा सेवाग्राहीबाट आएको मागलाई दृष्टिगत गरी पुनः स्थानीय पत्रपत्रिकामा २०६७ चैत्र मसान्तसम्मको म्याद दिई नक्शा नियमित गर्नको लागि सूचना आव्हान गरी कार्य अघि बढाउने निर्णय भयो । साथै, यस सूचना बमोजिम नक्शा नियमित गर्न २०६७ फाल्गुन १५ सम्म पेश हुन आउने नकशाको हकमा न.पा. बाट स्वीकृत नक्शापास

दस्तुरमा ५० प्रतिशत थप जरिवाना र त्यसभन्दा पछिको हकमा १०० प्रतिशत थप जरिवाना लिई नियमित गरिदिने समेत निर्णय भयो ।

२. विद्यालयको भवन निर्माणार्थ भारतीय राजदूतावासमा प्रस्ताव पेश गर्न स्थानीय विकास मन्त्रालयको पूर्व स्वीकृति आवश्यक भएकोले सो का निमित्त स्थानीय विकास मन्त्रालय, योजना तथा बैदेशिक सहयोग समन्वय शाखामा सिफारिस गरिदिन श्री त्रिभुवन नमुना उच्च मा.बि., हेटौंडा-११ को च.नं. १३३।०६७।०६८ को पत्रबाट अनुरोध भई आएकोमा माग बमोजिम सिफारिस गरिदिने निर्णय गरियो ।

३. नगरपालिकाको पहिचान प्रबर्द्धन गर्न नगरपालिकाको आफ्नै प्रतिक चिन्ह (Logo) स्वीकृत गरी कार्यान्वयनमा ल्याउन गत १५ औं नगरपरिषद् बैठकबाट निर्णय भए बमोजिम कार्यालयको अनुरोधमा ग्राफिक डिजाइनर श्री चन्दनध्वज रानाबाट प्रस्तुत प्रतिक चिन्ह तथा लेटरहेड डिजाइन सम्बन्धमा सरोकारवालाहरुवीच विभिन्न चरणमा भएको छलफल तथा अन्तर्किया पश्चात मिति २०६७।६।१२ को नगरपालिका बोर्डको निर्णय अनुसार सर्वसाधारणको राय सुझावका लागि विभिन्न समयमा विभिन्न सञ्चार माध्यमबाट प्रचार प्रसार गरिएकोमा सो उपर खासै सुझावहरु प्राप्त हुन नआएको र आएका केही सुझावहरु प्रस्तावित लोगोमा नै समेटिएको देखिएको हुंदा देहाय बमोजिमको लोगो प्रयोगमा ल्याउने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

४. यस नगरपालिकाको स्वीकृत दरवन्दी अन्तर्गत रिक्त देहायका पदमा स्थायी पदपूर्तिका लागि यस नगरपालिका कार्यालयबाट सिफारिस माग भएकोमा पदपूर्ति समितिबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (संशोधनसहित) को नियम २२३(२) बमोजिम निर्धारित प्रतिशत अनुसार आन्तरिक प्रतियागितात्मक परीक्षाबाट देहायका उमेद्वारहरु देहायका पदमा बढुवा नियुक्तिका लागि समितिको मिति २०६७।९।१२ र १३ गतेको बैठक निर्णय अनुसार सिफारिस भई आएकोमा सफल उमेद्वारहरुलाई देहाय बमोजिम मिति २०६७।९।१३ देखि लागू हुनेगरी बढुवा नियुक्ति दिने निर्णय भयो ।

**देहाय :**

| **सि.नं.** | **नाम, थर** | **साविकको पद, तह** | **बढुवा गरिएको पद, तह** |
|---|---|---|---|
| १ | रवि रेग्मी | जु.ई. सहायक पांचौं (प्रा) | अधिकृत छैटौं (प्रा), इन्जिनीयर |
| २ | जगन्नाथ सापकोटा | ना.सु., सहायक पांचौं | शाखा अधिकृत, अधिकृत छैटौं |
| ३ | मनोजकुमार सुबेदी | लेखापाल, सहायक पांचौं | शाखा अधिकृत, अधिकृत छैटौं |
| ४ | भैरबबहादुर कुमाल | स.वि.सहायक, सहायक पांचौं | शाखा अधिकृत, अधिकृत छैटौं |

५. नेपाल पर्यटन बर्ष, २०११ को उपलक्ष्यमा रोड टु हेटौंडा भन्ने नाराका साथ यही पौष १७ गतेदेखि यस नगरीमा हुन गैरहेको अधिराज्यव्यापी अन्तर नगरपालिका महिला तथा पुरुष बक्सिंग प्रतियोगिताका लागि आवश्यक सहयोग गरिदिन मकवानपुर जिल्ला खेलकूद विकास समितिको सिफारिस सहित रोड टु हेटौंडा, आयोजक समितिको मिति २०६७।९।७ को पत्रबाट अनुरोध भई आएकोमा यस नगरपालिकाको तर्फबाट भाग लिने टिम तयारीका लागि रु.५०,०००।- र प्रतियोगिता आयोजना सम्बन्धी कार्यका लागि रु.१,००,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

६. नेपाल खेलकूद महासंघ, केन्द्रीय कमिटिको प्रथम राष्ट्रिय भेला यही मंसीर २२।२३ गते काठमाण्डौंमा हुन गैरहेको र सो भेलामा सहभागी हुने प्रयोजनार्थ आवश्यक सहयोग गरिदिन नेपाल खेलकूद महासंघ, मकवानपुरको मिति २०६७।८।१५ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

७. १८२ औं साहित्य सन्ध्या तथा नारायणी अञ्चल स्तरीय नारी कवि गोष्ठी आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन साहित्य संगम, मकवानपुरबाट अनुरोध भई आएकोमा रु.१,५००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

८. दुबै मृगौला खराव भई थप उपचारका लागि कुनैपनि आर्थिक श्रोत नभएकोले उपचारार्थ सहयोग उपलब्ध गराइदिन चुरियामाई-३ बस्ने गणेश विश्वकर्माले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

९. छोराको मुटुको अप्रेशन गर्नुपर्ने भएको र सो का लागि आर्थिक श्रोत नभएकोले उपचारार्थ सहयोग उपलब्ध गराइदिन हेटौंडा-४ बस्ने सुशान्त कार्कीले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१०. टि.बि.रोगबाट लामो समयदेखि ग्रसित भएको र हाल उपचारका लागि भरतपुर अस्पतालले काठमाण्डौंका लागि रिफर गरेकोमा थप उपचारका लागि आर्थिक श्रोत नभएकोले उपचारार्थ सहयोग उपलब्ध गराइदिन हेटौंडा -८ बस्ने बिरबहादुर मुक्तानले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

११. मेरी श्रीमति लामो समयदेखि दमको रोगी भई कमजोर आर्थिक अवस्थाका कारण हाल उपचार गर्न नसक्ने अवस्था भएकोले उपचारार्थ सहयोग उपलब्ध गराइदिन हेटौंडा -६ बस्ने कृष्णबहादुर राईले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१२. यही पौष २४ गते सम्पन्न हुन गैरहेको संघको दोश्रो अधिबेशनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल मगर महिला संघ, मकवानपुरको मिति २०६७।८।१९ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१३. गणतन्त्र राष्ट्रियता शान्तिको पक्षमा तथा संघीयता बिरुद्ध राष्ट्रिय जन अभियान भन्ने मुल नाराका साथ संचालित जन अभियान अन्तर्गत यस जिल्लाका कार्यक्रमका लागि आवश्यक सहयोग उपलब्ध गराइदिन राष्ट्रिय जनमोर्चा, जि.का.स. मकवानपुरको मिति २०६७।९।११ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१४. यही पौष १७ गतेका दिन सम्पन्न हुन गैरहेको संगठनको तेश्रो जिल्ला अधिबेशनका लागि आवश्यक सहयोग उपलब्ध गराइदिन अखिल नेपाल यातायात मजदुर संघ, जि.का.स. मकवानपुरको मिति २०६७।८।७ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१५. यही पौष २३ गतेका दिन सम्पन्न हुन गैरहेको यूनियनको पांचौं जिल्ला अधिबेशनका लागि आवश्यक सहयोग उपलब्ध गराइदिन नेपाल निजामती कर्मचारी युनियन, मकवानपुरबाट अनुरोध भई आएकोमा रु.३,०००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१६. यही पौष २ र ३ गते तामांग चलचित्र संघ, काठमाण्डौं र स्थानीय तामांग संघसंस्थाको संयुक्त आयोजनामा हुन गैरहेको तामांग चलचित्र महोत्सव-२०६७ सम्पन्न गर्नका लागि आ.स. उपलब्ध गराइदिन तामांग चलचित्र महोत्सव-२०६७, आयोजक समिति, मकवानपुरको मिति २०६७।८।१९ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

१७. हेटौंडा नगरपालिका वडा नं. ४ स्थित गर्दोइमा निर्माणाधीन कार्यालय भवन निर्माणका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओबादी), जिल्ला संगठन समिति, मकवानपुरको च.नं. १५६, मिति २०६७।३।१० को पत्रबाट अनुरोध भई आएकोमा राजैतिक दलको आफ्नै नाममा रहेको जग्गामा निर्माण हुने कार्यालय भवनमा सहयोग गर्ने नगरपालिकाको पूर्व स्वीकृत नीति बमोजिम रु.१,००,०००।- भवन निर्माणार्थ पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

१८. हे.न.पा. ८, ओमनगर स्थित सिद्धार्थ मार्ग कालोपत्रे गर्ने योजना स्वीकृतिका लागि जिल्ला विकास समितिको कार्यालय, मकवानपुरमा सिफारिस गरिदिन ओमनगर टोल विकास संस्था, हेटौंडा-८ को मिति २०६७।८।२४ को पत्रबाट अनुरोध भई आएकोमा न.पा. लाई राजस्व बांडफांड बापत प्राप्त हुने रकममा कुनै असर नपर्ने गरी योजना स्वीकृतिका लागि सिफारिस गरिदिने निर्णय गरियो ।

१९. हे.न.पा. ६, विजयपथमा भवन निर्माणका लागि यस नगरपालिकाबाट स्वीकृत सडक मापदण्ड संशोधनका लागि (कम कायम गर्न) आएका माग, हे.न.पा. १० बस्ने जगतमाया श्रेष्ठबाट आएको सोही व्यहोराको माग, वडा कार्यालय भवन निर्माण गर्दा जग्गा मिचिएको बारेमा हे.न.पा. ८ बस्ने देव कुमारी दुलालले दिनु भएको निवेदन, हे.न.पा. १० बसपार्क स्थित मासु पसल उत्तरतर्फबाट जग्गा मिलान गरी बाटो निर्माण गर्ने विषय र नक्शापास सम्बन्धमा देखिएका समस्या लगायतका विषयमा स्थलगतरुपमा बुझ्न त्यसतर्फ निरीक्षणमा जाने निर्णय गरियो ।

२०. Autoland Hetauda, हेटौंडा-४ नामको Authorised Dealer बाट २ थान CB Shine DRS Hero Honda मोटरसाइकल खरीद गर्ने सम्बन्धमा मिति २०६७।८।२६ मा भएको निर्णय अनुमोदन गरियो ।

२१. यस नगरपालिकाको प्रमुख आयश्रोतमध्येको व्यवसायकर संकलनलाई बृद्धि गर्न करदाता व्यवसायीहरुको तथ्यांक अद्यावधिक गर्दै नयां व्यवसायीहरुको लगत संकलित गरी कम्प्युटरिकृत गर्ने र सो कामका लागि फिल्डमा कर्मचारीहरु समेत खटाउनुपर्ने भएकोले सो सम्बन्धी खर्चको प्रस्ताव सहितको **व्यवसायकर तथा तथ्यांक संकलनका लागि घरदैलो कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव** सहितको टिप्पणी वित्तीय व्यवस्थापन महाशाखा प्रमुखबाट पेश हुन आएकोमा पेश भएको प्रस्ताव स्वीकृत गर्दै सो अनुरुप कार्य अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

आज मिति २०६७।१०।११ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

श्री डि.बि. थापा प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी
श्री ईश्वरलाल श्रेष्ठ प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी प्रतिनिधि, ने.क.पा. माले अनु.
श्री रबिन्द्रकुमार अधिकारी प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा प्रतिनिधि, रा.प्र.पा. नेपाल

निर्णयहरु :

१. यस नगरपालिकाबाट चालु आ.व.२०६७।०६८ मा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम(LGCDP) अन्तर्गत संचालन गर्नका लागि स्वीकृत बार्षिक नीति तथा कार्यक्रममा समाविष्ट भएका मध्ये प्राथमिकतामा परेका योजनाहरुबाट छनौंट गरी पेश हुन आएको योजनाको प्रस्ताव उपर आजको बैठकमा बिस्तृत रुपमा छलफल भयो । साथै प्रस्तावित योजना संचालन गरिने स्थानको स्थलगत निरीक्षण गरी सो सम्बन्धमा थप छलफल पश्चात मात्र योजनालाई अन्तिम रुप दिने निर्णय गरियो ।

२. सीप विकास तालीम केन्द्र र यस नगरपालिकाको लागत साझेदारीमा तालीम संचालन गर्ने सम्बन्धमा समाज कल्याण शाखाबाट पेश हुन आएको टिप्पणी सम्बन्धमा छलफल गर्दा लागत, प्रभावकारिता र दोहोरोपनाका अभाव जस्ता कारणले सहकार्यात्मक रुपमा तालीम संचालन गर्दा उपर्युक्त हुने देखिएकोले ६ महिने प्लम्बिङ तालीमका लागि नगरपालिकाबाट रु.४०,०००।- र १ महिने मोबाइल मर्मत तालीमका लागि रु.४५,०००।- व्यहोर्ने र बांकी लागत सीप विकास तालीम केन्द्रबाट व्यहोरी संयुक्त आयोजनामा तालीम संचालन गर्नेगरी सम्झौता गर्ने निर्णय भयो ।

३. चालु आ.ब.२०६७।०६८ मा यस नगरपालिकाको समाज कल्याण शाखा अन्तर्गत संचालन हुने स्वीकृत बार्षिक कार्यक्रम मध्ये सीप तथा रोजगारमुलक तालीम कार्यक्रमहरु नगरपालिकामा सूचीकृत भएका गै.स.स. तथा सामाजिक संस्थाहरुबाट सहकार्यात्मक तवरले संचालन गर्नुपर्ने भई सो सम्बन्धमा सम्बन्धित शाखाबाट पेश हुन आएको टिप्पणी सम्बन्धमा छलफल गर्दा देहायका तालीम कार्यक्रम संचालन गर्न इच्छुक संस्थाहरुबाट लिखित रुपमा प्रस्ताव आव्हान गरी मूल्यांकनका आधारमा उपर्युक्त देखिएका संस्थालाई छनौंट गरी सोही संस्थामार्फत कार्यक्रम संचालन गर्ने र रु.१,५०,०००।-

लागत बराबरको ३ महिने एडभान्स सिलाइ तालीम कार्यक्रम प्रति सहभागी मासिक रु.२००।- लिई न.पा. कार्यालयबाटै संचालन गर्ने निर्णय गरियो ।

**देहाय** :

| | |
|---|---|
| (१) लैंगिक समविकास तालीम (२ वटा) | रु.५०,०००।- |
| (२) बुटिक तालीम (२ वटा) | रु.५०,०००।- |
| (३) बांसको हस्तकला तालीम | रु.५०,०००।- |
| (४) काठको हस्तकला तालीम | रु.५०,०००।- |
| (५) च्याउ खेती तालीम (२ वटा) | रु.४०,०००।- |
| (६) बेमौसमी तरकारी खेती (३ वटा) | रु.९०,०००।- |
| (७) बिषादीरहित तरकारी खेती तालीम (३ वटा) | रु.१,५०,०००।- |

आज मिति २०६७।१०।१२ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

श्री डि.बि. थापा प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी
श्री ईश्वरलाल श्रेष्ठ प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी प्रतिनिधि, ने.क.पा. माले अनु.
श्री रबिन्द्रकुमार अधिकारी प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा प्रतिनिधि, रा.प्र.पा. नेपाल

निर्णयहरु :

१. हेटौंडा-६ स्थित विजयपथ सडक साविकमा सडकको मापदण्ड कायम गरिंदा १० मीं चौडाईको हुन गएकोमा सडकका दांयाबायांका सम्बन्धित सरोकारवाला व्यक्तिहरु र स्थानीय वडा स्तरीय दलीय संयन्त्रबाट समेत मापदण्ड अव्यवहारिक भएकोले सो उपर पुनरावलोकन हुनुपर्ने भनी सिफारिस भई आएकोमा न.पा. को प्राविधिक टोली सहित दलीय संयन्त्रबाट स्थलगत अवलोकन हुंदा भविष्यमा सम्भावित बस्ती विकासको अवस्था, सो सडकको महत्व एवं आवश्यकतालाई मनन गरी आगामी नगरपरिषद् बैठकबाट अनुमोदन गराउनेगरी उक्त सडक ८ मी. चौडाइको कायम गर्ने गरी मापदण्डमा आवश्यक संशोधन गर्ने निर्णय गरियो ।

२. हे.न.पा. ३ स्थित देवीपथमा रु.८,५८,४९१।२१ ल.ई. बराबरको ढल निर्माण गर्ने कार्य स्थानीय उपभोक्ताको ३० प्रतिशत (२० प्रतिशत नगद र १० प्रतिशत श्रमदान) लागत सहभागितामा संचालन गर्ने गरी योजना स्वीकृत गरियो ।

३. यस क्लव र मकवानपुर बुद्धिचाल संघको संयुक्त आयोजनामा यही माघ १९ गतेदेखि २७ गतेसम्म यसै नगरीमा सञ्चालन हुन गैरहेको राष्ट्रिय हेटौंडा कप फिडे रेटिंग बुद्धिचाल प्रतियोगिताका लागि आ.स. उपलब्ध गराइदिन हेटौंडा चेस क्लव, मकवानपुरको मिति २०६७।१०।११ को पत्रबाट अनुरोध भई आएकोमा रु.८,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

४. हे.न.पा. ११ स्थित गोल्फीनटारमा रहेको धनेश्वर महादेव मन्दिर परिसरमा टोल विकास संस्थाको सक्रियतामा निर्माण गर्न लागिएको धर्मशाला एवं टोल विकास संस्थाको भवन रकम अभावका कारणले निर्माण सम्पन्न गर्न नसकिएको हुंदा सहयोग उपलब्ध गराइदिन गोल्फींनटार टोल विकास संस्था, हेटौंडा ११ को मिति २०६७।८।२४ को पत्रबाट अनुरोध भई आएकोमा समाज कल्याण शाखा अन्तर्गतको कार्यक्रमबाट रु.१५,०००।- भवन निर्माणार्थ सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

५.	यही माघ १५ र १६ गते मोर्चाको दोश्रो जिल्ला अधिबेशन आयोजनार्थ सहयोग उपलब्ध गराइदिन माझी राष्ट्रिय मुक्ति मोर्चा नेपाल, जिल्ला समिति, मकवानपुरको मिति २०६७।९।१५ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

६.	यही मिति २०६७।९।२३ गते जगतगुरु बालसन्त श्री मोहनशरण देवाचार्यज्यूको अभिनन्दन कार्यक्रमका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन अभिनन्दन समारोह मुल समितिबाट मिति २०६७।९।१६ गते पेश हुन आएको निवेदन सम्बन्धमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

७.	मेरो छोरा कमानसिंह तामांग विगत ४ महिनादेखि दुबै मृगौलाको रोगले पिढित भएको र औषधी उपचारको लागि आयश्रोत केही नभएकोले उपचारार्थ आ.स. उपलब्ध गराइदिन हे.न.पा. १० का जमानसिंह तामांगले पेश गर्नु भएको निवेदन सम्बन्धमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

८.	खुट्टामा गम्भीर प्रकृतिको चोट लागी चिकित्सकको राय अनुसार तत्काल अप्रशेन गर्नुपरेको र सो का लागि आर्थिक अभाव भएकोले सहयोग उपलब्ध गराइदिन नामटार -२ बस्ने बालकृष्ण दमैले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.१,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

९.	यस गुठी र एफ.सी. पोताला कर्रा -१० को संयुक्त आयोजनामा आगामी माघ २० र २१ गते २८४७ औं नयां बर्ष (खरायो वर्ग) ल्होछार पर्व विविध सांस्कृतिक कार्यक्रम सहित सम्पन्न गर्नका लागि आ.स. उपलब्ध गराइदिन याङ्ला तामांग गुठी, हेटौंडा-१०, कर्राको मिति २०६७।९।६ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१०.	यस नगरपालिकाको ५ नं. वडा कार्यालय रहेको घरको कोठाभाडा बृद्धि गराइपाउ भनी घरधनी श्री पुष्पराज लामिछानेले पेश गर्नुभएको निवेदन सम्बन्धमा छलफल हुंदा २०६७ माघ १ देखि लागू हुनेगरी मासिक रु.३,०००।- घरधनीले पाउनेगरी (कर कट्टी रकम थप) बृद्धि गरिदिने निर्णय गरियो ।

११.	संघको केन्द्रीय समितिको आयोजनामा यही माघ २१ र २२ गते चितवनमा आयोजना हुन गैरहेको जनकपुर, नारायणी र लुम्बिनी अञ्चलस्तरीय क्षेत्रीय भेलाका लागि सहयोग उपलब्ध गराइदिन नेपाल क्रान्तिकारी बिद्यार्थी संघ, केन्द्रीय समितिको मिति २०६७।९।२३ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१२.	मकवानपुरगढी-९ मा रहेको मनकामना मन्दिरमा जाने बाटोमा यस नगरपालिकाबाट गत विगत बर्षमा निर्मित सिंढी केही स्थानमा अधुरो रहन गएकोले सो कार्यलाई पूर्णता दिन श्री मनकामना क्षेत्र संरक्षण तथा विकास परिषद्, गढी-९, मकवानपुरको मिति २०६७।९।२६ को पत्रबाट अनुरोध भई आएकोमा सो कार्यको ल.ई. गराउने निर्णय गरियो ।

१३.	बर्षायाममा आएको बाढीले नहरको मुहान राप्ती खोलादेखि पश्चिम तल्लोताल (सरस्वती खोला) सम्म नहरको विभिन्न खण्डहरुमा क्षति पुग्न गई मर्मत सम्भार गर्नुपर्ने भएकोले सो का लागि आवश्यक सहयोग उपलब्ध गराइदिन राप्ती नवलपुर तल्लोताल फर्म सिंचाई योजना, हेटौंडा-११ को मिति २०६७।८।७ को पत्रबाट अनुरोध भई आएकोमा सो कार्यको ल.ई. गराउने निर्णय गरियो ।

१४.	यही पौष २५ गतेदेखि प्रारम्भ हुने जनजागरण अभियान संचालनका लागि सहयोग उपलब्ध गराइदिन राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन, नेपाल, जि.का.स., मकवानपुरको मिति २०६७।९।२० को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१५.	हे.न.पा. ४ स्थित चिल्ड्रेनपार्क नजिकको ढलमाथिको स्ल्याव भत्कन गएकाले मर्मत सम्भार गरिदिन श्री चिल्ड्रेन पार्क टोल विकास संस्था, हेटौंडा-४ को मिति २०६७।९।२३ को पत्रबाट अनुरोध भई आएकोमा ल.ई. गराई सोही टोल विकास संस्थामार्फत ल.ई.को १० प्रतिशत श्रमदान जुटाई योजना संचालन गर्ने निर्णय गरियो ।

आज मिति २०६७।१०।१७ गतेका दिन दिनको १:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. यस नगरको मुख्य बजार क्षेत्रमा सवारी पार्किंग अव्यवस्थित भई आवागमनमा अवरोध पर्ने गरेको र नगरको शोभामा असर पारिरहेको र दूर्घटनाको समेत सम्भावना बढ्दै गएकोले विशेषगरी मोटरसाइकललाई लक्षित गरी नारायणी युवा क्लवसंगको सहकार्यमा शुरु गरिएको सशुल्क पार्किंगका विषयमा देखा परेका समस्या र राम्रा पक्षका बारेमा आजको बैठकमा समिक्षा गरियो । देखिएका कमी कमजोरीलाई सुधार गर्दै कसरी अघि बढाउने भन्ने विषयमा छलफल गर्न सरोकारवाला संस्थाहरुसंग आगामी माघ १९ गते बिहान ८:०० बजे बैठक आयोजन गर्ने निर्णय गरियो ।

२. मकवानपुर जिल्लाका संगीत, साहित्य, कलातर्फ उन्मुख सिर्जनशील नव प्रतिभालाई कदरस्वरुप प्रोत्साहन र ख्यातिप्राप्त साधकहरुलाई सम्मान प्रदान गर्दै आइरहेको यस संस्थाको कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक सहयोग उपलब्ध गराइदिन भीम बिराग संगीत साहित्य कला प्रतिष्ठान, नेपाल हेटौंडाको मिति २०६७।१०।८ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३. यही माघ २७ गतेदेखि संगठनको आयोजनामा हुन लागेको जिल्ला स्तरीय अन्तर उच्च मा.बि. छात्रा भलिवल प्रतियोगिताका लागि सहयोग उपलब्ध गराइदिन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी यूनियन (क्रान्तिकारी), जिल्ला समिति, मकवानपुरको मिति २०६७।१०।१४ को पत्रबाट अनुरोध भई आएकोमा सो प्रतियोगिताका लागि मझौला गुणस्तरको भलिवल २ थान र १ थान नेट उपलब्ध गराउने निर्णय गरियो ।

४. शहीद दिवसको उपलक्ष्यमा विद्यालयको आयोजनामा हुन लागेको सप्ताहव्यापी खेलकुद प्रतियोगिताका लागि खेलकूद सामग्री सहयोग स्वरुप उपलब्ध गराइदिन श्री भुटनदेवी उच्च मा.बि., हेटौंडा-४ को मिति २०६७।१०।१७ को पत्रबाट अनुरोध भई आएकोमा सो प्रतियोगिताका लागि रु.५,०००।- मा नबढ्नेगरी खेल सामग्री खरीदका लागि सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

५. हे.न.पा. ७ र ८ को सिमाना सडक किरनचोकमा यस नगरपालिकाको जगेडा कोष योजना अन्तर्गत सडक कालोपत्रे योजना स्वीकृत भई कार्य शुरु गरिएकोमा हाल स्वीकृत योजनाले सडकको केही भाग नसमेटेको र स्थानीय उपभोक्तहरुबाट सो समेत पूरा गर्न दवावमुलक माग आइरहेकोले सो समेत थप कार्य स्वीकृत गराइपाउन उपभोक्ता समितिबाट पेश हुन आएको निवेदन सम्बन्धमा छलफल गर्दा थप कामको हकमा आगामी आ.ब. मा भुक्तानी दिने गरी बांकी काम समेत पूर्ववत ३० प्रतिशत (२० प्रतिशत नगद र १० प्रतिशत श्रमदान) लागत सहभागिता जुटाई सोही उपभोक्ता समितिमार्फत कार्य गराउने गरी योजना स्वीकृत गरियो ।

६. हे.न.पा. ४ स्थित लोकतान्त्रिक (हु.प्र) चौर खेल मैदानको चारैतर्फ पर्खाल लगाउने कार्य भैरहेकोमा पश्चिमतर्फ पर्खाल लगाई रेलिंग लगाउने कार्यका लागि आवश्यक रकम उपलब्ध गराइदिन लोकतान्त्रिक (हु.प्र) चौर व्यवस्थापन समिति, हेटौंडाको मिति २०६७।९।५ को पत्रबाट अनुरोध भई आएकोमा स्वीकृत बजेट मध्ये हाललाई रु.५,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६७।१०।२८ गतेका दिन बिहान ८:३० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

श्री डि.बि. थापा प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी
श्री ईश्वरलाल श्रेष्ठ प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी प्रतिनिधि, ने.क.पा. माले
श्री रबिन्द्रकुमार अधिकारी प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा प्रतिनिधि, रा.प्र.पा. नेपाल

निर्णयहरु :

१. हे.न.पा. ४ मित्रनगर र बिरेन्द्रपथ, पशुपति मन्दिर सडक तथा हे.न.पा. ७ र ८ को सिमाना सडक कर्णावती पथ र हे.न.पा. ८ को मदन पथ कालोपत्रे निर्माण गर्ने कार्य स्थानीय विकास मन्त्रालयको जगेडा कोष अनुदानबाट सञ्चालन गर्नेगरी योजना स्वीकृत भएकोमा सो योजना सञ्चालनका लागि सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता भई कार्यादेश समेत भैसकेको हुंदा सो योजनामा जगेडा कोषबाट व्यहोरिने ७० प्रतिशत रकम प्रथम किस्ता बापत रु.५२,४९,८९४।७२ निकाशाको लागि स्थानीय विकास मन्त्रालयमा अनुरोध गरी माग गर्ने निर्णय गरियो ।

२. सडक बोर्ड नेपालको कार्यक्रम अन्तर्गत चालु आ.व. का लागि स्वीकृत बजेटबाट - सानोपोखरा पुलदेखि चौघडा सम्मको कालोपत्रे सडक प्याचिंग, मानस चौकदेखि त्रिभुवन राजपथसम्म कालोपत्रे सडक विस्तार, संगमचौकदेखि सानोपोखरा चौकसम्म कालोपत्रे सडक विस्तार, स्कुलरोड बासुकलाको चौकबाट पूर्वतर्फ कालोपत्रे सडक विस्तार र हे.न.पा. ७८ कमानेको सडक प्याचिंग कार्य गर्नेगरी योजना स्वीकृत गरियो ।

३. यस नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. १० को बसपार्क (मासु पसल)क्षेत्रको उत्तर तर्फ रहेको जग्गाबाट बाटो निकासका लागि संधियार श्रीमती लक्ष्मीकुमारी पुलामीमगरको स्वामित्वमा रहेको कि.नं. ११८८ बाट आपसी रुपमा जग्गा सट्टा पट्टा गर्नको लागि पेश हुन आएको निवेदन र सो सम्बन्धमा शहरी विकास शाखाबाट पेश हुन आएको टिप्पणी उपर छलफल गर्दा नगरपालिकाको युइआइपि परियोजना अन्तर्गत निर्माण भएको मिट सप स्टलको उत्तरतर्फ मुख फर्केका सटरहरुको उपयोग समेतलाई विचार गरी आपसी सट्टापट्टा गरी बाटो कायम गर्न आवश्यक एवं उचित हुने देखिएकोले प्रस्तुत टिप्पणी अनुसार कार्यबाही अघि बढाउने विषयमा कानूनी सल्लाहकारसंग लिखित राय माग गर्ने निर्णय भयो ।

४. हे.न.पा. ४ मा निर्माणाधीन महासंघको कार्यालय भवन निर्माण कार्य सम्पन्न गर्न सहयोग उपलब्ध गराइदिन नेपाल पत्रबार महासंघ, मकवानपुर शाखाबाट अनुरोध भई आएकोमा रु.१,२०,३८४।३० ल.ई. बराबरको निर्माण कार्यका लागि न.पा. बाट रु.१,००,०००।- पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

५. हे.न.पा. ६, पुतलीबजारस्थित कर्रा खोलाको पुलको मुखैमा तटबन्धन कार्यका लागि स्थानीय उपभोक्ता समितिबाट माग भई आएकोमा रु.६५,७७२।४५ ल.ई. बराबरको कार्यका लागि नगरपालिकाबाट ल.ई. बमोजिमको ढुंगा र ग्रेभल (दैबी प्रकोप कोषबाट) उपलब्ध गराई तटबन्धन कार्य गराउनेगरी योजना स्वीकृत गरियो ।

६. यही फागुन ४ गते हुन गैरहेको महासंघको आठौं जिल्ला अधिबेशनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल पत्रकार महासंघ, मकवानपुर शाखाको मिति २०६७।१०।१७ को पत्रबाट अनुरोध भई आएकोमा रु.४,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

७. यही फागुन ६ र ७ गते हुन गैरहेको समाजको छैटौं जिल्ला सम्मेलनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल उत्पिडित जातीय मुक्ति समाज, जिल्ला कमिटि, मकवानपुरको मिति २०६७।९।२६ को पत्रबाट अनुरोध भई आएकोमा रु.४,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

८. फ्रिजको अभावमा भ्याक्सिन सुरक्षित राख्न समस्या भएकोले १ थान रेफ्रिजेटर (फ्रिज) उपलब्ध गराइदिन मातृ शिशु स्वास्थ्य क्लिनीक, सञ्चालक समिति, हे.न.पा. ८ को मिति २०६७।१०।६ को पत्रबाट अनुरोध भई आएकोमा चालु आ.ब. का लागि समाज कल्याण शाखा अन्तर्गत स्वास्थ्य तथा सरसफाइ शीर्षकमा विनियोजित बजेटबाट १ (एक) थान फ्रिज खरीद गरिदिने निर्णय गरियो ।

९. यस मञ्चको आयोजनामा पत्रकारहरुको हकहित र शान्ति सुरक्षा सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरु विभिन्न जिल्लामा संचालन गर्ने कार्यक्रम रहेकोमा सो का लागि आर्थिक सहयोग उपलब्ध गराइदिन नेपाल पत्रकार हकहित संरक्षण मञ्च, हेटौंडा मकवानपुरको मिति २०६७।१०।२० पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१०. यही माघ ९ गतेदेखि १६ गतेसम्म सप्ताहव्यापी कार्यक्रमका साथ पहिलो बार्षिक उत्सव मनाउन लागिएको हुंदा सो का लागि आ.स. उपलब्ध गराइदिन विकासका लागि सहकार्य नेपाल, रेडियो मकवानपुर १०१.३ मेगाहर्जको मिति २०६७।१०।७ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

११. यही फागुन ६ र ७ गते काठमाण्डौंमा हुन गैरहेको संघको राष्ट्रिय अधिबेशनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिन राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६७।१०।२१ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१२. आगामी माघ २१ र २२ गते पोखरामा हुन गैरहेको संघको केन्द्रीय महाधिबेशनमा यस जिल्लाबाट प्रतिनिधि सहभागीहरु त्यसतर्फ जानुपर्ने भएकोले सो का लागि आवश्यक सहयोग उपलब्ध गराइदिन नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, मकवानपुर शाखाको मिति २०६७।११।६ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६७।११।१ गतेका दिन दिनको २:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना — प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णय :

१.	सडक बोर्ड नेपालको कार्यक्रम अन्तर्गत चालु आ.व. २०६७०६८ का लागि स्वीकृत बजेटबाट सडक मर्मत सम्भार गर्ने कार्य संचालन गर्नका लागि मिति २०६७१०।२८ को बैठकबाट योजना स्वीकृत भएकोमा सो स्वीकृत योजनालाई देहाय बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

**देहाय :**

कान्तिराजपथ सडक खण्डको सानोपोखरा पुलदेखि पूर्वतर्फ कालोपत्रे सडक प्याचिंग गर्ने कार्य, मानस चौकदेखि त्रिभुवन राजपथसम्म कालोपत्रे सडक चौडा गर्ने कार्य र पुरानो मकवानपुर पथको संगमचौकदेखि सानोपोखरा चौकसम्म कालोपत्रे सडक चौडा गर्ने कार्य ।

आज मिति २०६७११।२ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१.	उत्कृष्ट महिला भलिवल खेलाडी छनौंटका सन्दर्भमा भैरहेको ब्लु स्काइ कप २०६७ को सहयोगार्थ आवश्यक सहयोग उपलब्ध गराइदिन महिला भलिवल राष्ट्रिय खेलाडी सुश्री चुडा खड्का, हेटौंडा-५ बाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२.	कोष तथा लेखा नियन्त्रकको कार्यालय, मकवानपुर हेटौंडाको माग बमोजिम रु.२४,५८८।८० ( भ्याटसहित) बराबरको Globatt 12v को ब्याट्री १ (एक) थान खरीद गरिदिने सम्बन्धमा मिति २०६७१०।२७ मा भएको निर्णय अनुमोदन गरियो ।

३.	यस नगरपालिका र स्थानीय विकास मन्त्रालयको थप स्थानीय विकास शुल्क अनुदान सहयोग कार्यक्रम अन्तर्गत कार्यालय हाताभित्र निर्माण भैरहेको कार्यालय भवन, आवास गृह एवं ग्यारेज निर्माण कार्यका ठेकेदार श्री सपना / अस्मिता / श्रेष्ठ सिभिल जे.भी., हेटौंडा २ संग सम्झौता भई कार्य भैरहेकोमा सम्झौता अनुसार दिइएको म्याद (थप समेत) यही मिति २०६७९।२७ मा समाप्त भई विभिन्न कारण दर्शाई म्यादभित्र निर्माण कार्य सम्पन्न गर्न नसकिने देखिएकोले म्याद थप गरिपाउन ठेकेदारको तर्फबाट पेश भएको निबेदन र प्राविधिक शाखाबाट सो विषयमा राय सहित पेश हुन टिप्पणी फाइल सम्बन्धमा छलफल हुंदा २०६७ बैशाख मसान्तसम्मका लागि म्याद थप गरिदिने निर्णय गरियो ।

४.	जिल्ला मकवानपुर, हे.न.पा. ५ अन्तर्गत कि.नं. ३७३९ को ज.बि. १-९-१६.५ जग्गा तत्कालीन नेपाल प्रौढ संगठनका नाममा नापजांच भई क्षेत्रीय किताव तयार भैसकेको तर हाल उक्त संगठन खारेज भई सो जग्गा नेपाल सरकारको स्वामित्वमा रही हे.न.पा. वडा नं. ५, ६, ७, ८ र चुरियामाई तथा हटिया गा.वि.स. क्षेत्रका बासिन्दाहरुको चरिचरन, धार्मिक संस्कारजन्य (मृत्यु संस्कार) कार्यका लागि प्रयोग हुंदै आएकोमा सो जग्गा व्यक्तिका नाममा दर्ता हुन गएकोले उक्त दर्ता बदर गरी यथावत् राख्नका लागि आवश्यक प्रक्रिया अघि बढाइयोस भनी क्याम्पाडांडा जग्गा दर्ता बदर समितिका तर्फबाट पेश हुन आएको पत्र उपर ध्यानाकर्षण भई सो सम्बन्धमा आजको बैठकमा बिस्तृत

रुपमा छलफल भयो । नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्ने जिम्मेवारी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)ञ(३) ले नगरपालिकालाई तोकेको र नगरक्षेत्रका जग्गा व्यक्तिका नाममा दर्ता हुने सम्भावनालाई दृष्टिगत गरी यस नगरपालिकाबाट जग्गा दर्ताका लागि आयोगमा कुनैपनि प्रकारको सिफारिस नगर्ने र विगतका बर्षमा सिफारिस भएको भएपनि त्यसको औचित्यताका आधारमा पुनर्विचार गरेर मात्र दर्ता गर्न यस नगरपालिकाबाट सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, मकवानपुरमा अनुरोध भएकोमा हाल सो अनुरोध अनुरुप कार्यान्वयन भएको नदेखिएको र जग्गा दर्ताको विषयमा जनस्तरबाट प्रशस्त गुनासाहरु आइरहेको सन्दर्भमा सो विषयमा यस न.पा. लाई हालसम्म कुनै जानकारी नभएकोले यस सम्बन्धमा सत्य तथ्य खुलाई पठाइदिन सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, मकवानपुरमा पत्राचार गर्ने निर्णय भयो ।

५. यस नगरपालिकाको १५ औं नगर परिषद् बैठकबाट स्वीकृत आ.व. २०६७।०६८ को बार्षिक खरीद योजना स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपी) को कार्यविधिमा भएको परिवर्तन र नगरपालिकालाई प्राप्त हुन आएको अनुदान शीर्षक अनुरुप साविकको योजनामा केही संशोधन गर्नुपर्ने भई सो सम्बन्धमा पेश हुन आएको संशोधित खरीद योजना बैठकमा छलफल भई पेश भए बमोजिम स्वीकृत गरियो ।

आज मिति २०६७।११।८ गतेका दिन बिहानको ८:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. जि.म. हे.न.पा. ४ स्थित साविक कि.नं. ९००२, ज. बि. ०-२-९.१।४ जग्गाबाट बाटो राखी कि.का. गरी कि.नं. ९०५०, ९०५१ र ९०५२ को जग्गामा आवत जावत गर्नको लागि बाटो कायम गरिपाउन जि.म. हे.न.पा. ३ बस्ने मुन्नाप्रसाद सिनुरिया बानियाबाट पेश भएको निवेदन र सो विषयमा शहरी विकास शाखाबाट प्रस्तुत टिप्पणी उपर छलफल गर्दा नगरपालिकाको स्वीकृत भवन तथा योजना मापदण्ड सम्बन्धी निर्देशिका, २०५९ को प्रथम संशोधन २०६२ बाट साविकमा दफा ४.३ मा भएको कल डे स्याकको प्रावधान हटाइएको र त्यसको पुनः आवश्यकता महशुश भई २०६७ को संशोधनमा *अर्को बाटोसंग लिंक नभएको बाटोको हकमा बढीमा २०० फिटसम्मको दूरीमा कल डे स्याक राख्नुपर्नेछ* भन्ने विषय समाबेश गर्नुपर्ने भनी राय पेश भएको सन्दर्भमा निबेदकको जग्गा कल डे स्याकको प्रावधान खारेज भएको अवधिमा प्लटिंग भई बेचबिखन भएको संलग्न कागजातबाट देखिएको हुंदा निजको हकमा कल डे स्याकको प्रावधान पूरा नभएको आधारमा मात्र स्वीकृति रोक्न अव्यवहारिक हुने देखिएकोले निजलाई बाटो कायम एवं प्लटिंग इजाजतको स्वीकृति दिई निकास दिने र समग्र नगरपालिका क्षेत्रको हकमा कल डे स्याकको औचित्यताको विषयमा बृहत छलफल गरेर मात्र निर्णय गर्ने निर्णय भयो ।

२. हे.न.पा. १ बस्ने सुरेश सिटौलाले ऐ. वडास्थित चाइनाक्वार्टरमा रहेको कि.नं. १२३३ को जग्गा विगाहा ०-०-३.५ धुरमा निर्माण गरेको घरको नक्शापास गर्नका निमित्त मिति २०६७।३।९ मा नक्शा दर्ता गराउनुभएकोमा साइट निरीक्षण गर्ने क्रममा निजको घर निर्माण भएको स्थानमा यस नगरपालिकाको

स्वीकृत मापदण्ड अनुसार ग्राउण्ड कभरेज ८० प्रतिशतसम्म हुनुपर्नेमा निजको घरले ८८.३७ प्रतिशत ओगटेकोले नक्शापास गर्न मापदण्डका कारण समस्या देखिएको भनी शहरी विकास शाखाबाट पेश हुन आएको टिप्पणी फाइल सम्बन्धमा बैठकमा छलफल गर्दा हे.न.पा. १ स्थित चाइनाक्वार्टर विशिष्ट प्रकृतिको पुरानो एवं घनाबस्ती भएको र ज्यादै स-साना आकारका घडेरीहरु भएको कारण मापदण्डमा भएको ग्राउण्ड कभरेजको प्रावधान त्यस क्षेत्रको हकमा कार्यान्वयन गर्न ज्यादै समस्या देखिएकोले चाइनाक्वार्टर क्षेत्रको हकमा ग्राउण्ड कभरेज नपुगेको कारणबाट मात्र नक्शापास नरोक्ने र निवेदक सुरेश सिटौलाको हकमा पनि सोही अनुरुप निकास दिई नक्शापास गरिदिने निर्णय गरियो ।

३. हाल कार्यालयको स्वीकृत दरवन्दी अन्तर्गत कार्यरत १(एक) जना अमीनबाट मात्र कार्यालयको दैनिक कार्यमा समस्या पर्न आएको र जनशक्ति (अमीन)को कमीका कारण शहरी विकास शाखा अन्तर्गतका कार्यमा जनगुनासाहरु समेत आइरहेकाले थप जनशक्तिको व्यवस्था गराइपाउन शहरी विकास शाखा प्रमुखबाट पेश भएको माग निवेदन र सो सम्बन्धमा कार्यालयबाट पेश हुन आएको टिप्पणी सम्बन्धमा छलफल गर्दा हाल शहरी विकास शाखा अन्तर्गत कार्यचाप ज्यादै बढ्न गएको देखिएकोले आगामी नगरपरिषद्बाट अनुमोदन गराउनेगरी सहायकस्तर चौथोतह (प्रा) अमीन पद संख्या १(एक) को दरवन्दी थप स्वीकृत गर्ने र सो पदमा समेत हाल भएको विज्ञापनमै पदसंख्या थप गरी स्थायी पदपूर्तिका लागि सिफारिस गर्न यस नगरपालिकाको पदपूर्तिलाई अनुरोध गर्ने निर्णय भयो ।

४. अस्पतालद्वारा सञ्चालित आंखा स्वास्थ्य कार्यक्रमका लागि अनुदान सहयोग उपलब्ध गराइदिन हेटौंडा सामुदायिक आंखा अस्पताल, हेटौंडाबाट पेश हुन आएको प्रस्तावना पत्रका सम्बन्धमा छलफल गर्दा चालु आ.ब.मा सो अस्पतालका लागि स्वीकृत बजेटबाट रु. २,००,०००।- कार्यक्रम सहयोग अनुदान उपलब्ध गराउने निर्णय भयो ।

५. नगरपालिका क्षेत्रभित्र घर तथा भवन निर्माण गर्नका लागि इजाजत माग गर्ने क्रममा घडेरीलाई दुबैतिर सडकले छोएको अवस्थामा दुबै बाटोतर्फ मापदण्ड बमोजिम जमीन नछाडेको भएपनि मुल (मुख्य) बाटोलाई आधार मानी सो बाटोका लागि मात्र मापदण्ड अनुसार छाड्नुपर्ने भाग छाडेको अवस्था भएमा भवन निर्माण इजाजत दिने निर्णय गरियो ।

आज मिति २०६७।११।११ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. (क) यस नगरपालिकामा सञ्चालित शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत कार्यान्वयनमा रहेको Additional Program for Institutional Capacity Building (Institutional RevenueReform) अन्तर्गत वडा नं. ३ र १० मा Metric Addressing सम्बन्धी कार्यमा House Number Plate र Street Signage राख्ने कार्यका लागि परियोजनाबाट पेश भएको लागत अनुमान रकम रु.१,०१,८३०।६०स्वीकृत गरियो ।

(ख) परियोजनाबाट पेश भए अनुसार घर नम्बर प्लेट जडान शुल्क रु.२००।- तथा पुरानो नम्बर प्लेट फिर्ता गर्ने घरधनीलाई ५० प्रतिशत छुट दिई घर नम्बर प्लेट जडान शुल्क रु.१००।- मात्र लिने निर्णय गरियो ।

(ग) वडा नं. ३ र १० मा House Numbering Plate र Street Signage राख्ने कार्य सञ्चालनका लागि सूचना प्रविधि अधिकृत भानुभक्त थपलियालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

२. यस नगरपालिकामा सञ्चालित शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गतका पूर्वाधार विकास निर्माण कार्यको Detailed Engineering Design and Construction Supervision कार्यमा संलग्न Consultant Building Design Authority (P) Ltd. Kathmandu ले आफ्ना प्राविधिकहरु Team Leader श्री इन्द्रकुमार पौडेलको सट्टामा श्री ढुण्डीराज दाहाल Supervision Engineer श्री कमलराज जोशीको सट्टामा श्री भोलाप्रसाद चौधरी र Additional Engineer श्री पुरुषोत्तम श्रेष्ठको सट्टामा श्री अरुणकुमार खरेललाई Replace गर्नका लागि अनुरोध गरेकामा मूल्यांकन समितिको सिफारिस बमोजिम Replacement स्वीकृत गरियो । साथै, इन्जिनीयरहरु श्री ढुण्डीराज दाहाल, श्री भोलाप्रसाद चौधरी र श्री अरुणकुमार खरेलको Remuneration निर्धारण CV Evaluation बाट प्राप्त Score को आधारमा मूल्यांकन समितिबाट सिफारिस भए बमोजिम गर्ने निर्णय गरियो ।

आज मिति २०६७।११।१५ गतेका दिन दिनको ५:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |
| आमन्त्रित | |
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णय :

१. चालु आर्थिक बर्ष २०६७।०६८ मा सञ्चालन गरिने थप कार्यक्रमहरुको विषयमा बैठकमा छलफल भयो ।

आज मिति २०६७।११।१६ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |
| आमन्त्रित | |
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |

| | | |
|---|---|---|
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णय :

१. चालु आर्थिक वर्ष २०६७।०६८ मा सञ्चालन गरिने कार्यक्रमहरुको विषयमा बैठकमा छलफल भयो ।

आज मिति २०६७।११।१७ गतेका दिन बिहान ८:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णयहरु :

१. स्थानीय विकास मन्त्रालयको जगेडा कोष अन्तर्गत यस आ.ब. २०६७।०६८ मा प्राप्त हुने थप बजेट रु.५०,००,०००।- बाट जगेडा कोष सञ्चालन निर्देशिका अनुसार यस नगरपालिका वडा नं. ९, १० र ११ को संगममा रहेको धार्मिक पर्यटकीय स्थल कुष्माण्ड सरोवर, त्रिवेणीधामको पूर्वाधार निर्माणका लागि कुल लगत इष्टिमेट रकम रु.४९,७७,२१२।१९ को योजना स्वीकृतिका लागि स्थानीय विकास मन्त्रालय पठाउने निर्णय गरियो ।

२. हेटौंडा-६ स्थित रक्षादेवी मार्ग सडक पक्की निर्माण गर्नका लागि लगत इष्टिमेट रु.५८,३०,३३४।९१ अनुसारको योजना चालु आ.व. मा सञ्चालन गर्नका लागि स्थानीय विकास मन्त्रालयमा बजेट उपलब्ध गराउन अनुरोध गर्ने । साथै सो कार्यक्रमका लागि यस आ.व. मा बजेट उपलब्ध हुन नसक्ने अवस्था भएमा आगामी आ.व.को जगेडा कोषको बजेटबाट पहिलो प्राथमिकतामा राखी सञ्चालन गर्ने निर्णय भयो ।

३. उक्त निर्णय नं. १ मा उल्लेख भए अनुसारको योजना चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी बजेट फ्रिज भएमा कार्यालयले थप आर्थिक दायित्व बहन गर्न नसक्ने समेत निर्णय गरियो ।

आज मिति २०६७।११।३० गतेका दिन दिनको ४:३० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना — प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. यस हेटौंडा नगरपालिका कार्यालयको स्वीकृत दरवन्दी अन्तर्गत रिक्त विभिन्न पदहरुमा स्थायी पदपूर्तिका लागि नगरपालिकाको पदपूर्ति समितिसंग सिफारिस माग भएकोमा समितिबाट नियमानुसार प्रतिशत निर्धारण भई निम्न उमेद्वारहरुलाई कार्य क्षमता मूल्यांकनको आधारमा बढुवाका लागि समितिको मिति २०६७।१०।७ र २०६७।१०।८ को निर्णयानुसार सिफारिस गरिएकोमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (संशोधन सहित) को नियम २२६ मा व्यवस्था भए बमोजिम तोकिएको म्यादभित्र कोही कुनै उमेद्वारबाट बढुवा सिफारिस उपर उजुरी नपरेको हुंदा समितिको मिति २०६७।११।२१ को निर्णयानुसार सिफारिस भएका देहायका उमेद्वारलाई बढुवा नियुक्तिका लागि समितिको मिति २०६७।११।२७ को पत्रबाट लेखिआएकोमा देहायका उमेद्वारहरुलाई देहायका पदमा मिति २०६७।११।१५ देखि लागू हुनेगरी बढुवा नियुक्ति दिने निर्णय भयो ।

देहाय :

(क) बढुवा सूचना नं. : ०१।०६७।६८, पद : बरिष्ट सहायक, सहायकस्तर पांचौं, संख्या : ५ (पांच)

योग्यताक्रम :

| क्र.नं. | बढुवा सिफारिस भएका उमेद्वारको नाम, थर |
|---|---|
| १. | दिपेन्द्र ढकाल |
| २. | हिमप्रसाद पौडेल |
| ३. | राजेन्द्रनाथ पोखरेल |
| ४. | साबित्री श्रेष्ठ |
| ५. | महेन्द्र चापागाई (प्राप्तांक ६९.२२) |

(ख) बढुवा सूचना नं. : ०२।०६७।६८, पद : सहायकस्तर पांचौं (प्रा), जु. इन्जिनीयर, संख्या : १ (एक)
बढुवा सिफारिस भएका उमेद्वार : हरिबहादुर खनाल (प्राप्तांक ८१.५१)
(ग) बढुवा सूचना नं. : ०३।०६७।६८, पद : नायव नगर निरीक्षक, सहायकस्तर पांचौं, संख्या : १ (एक)
बढुवा सिफारिस भएका उमेद्वार : केन्द्रगोबिन्द जोशी (प्राप्तांक ६६.४७)
(घ) बढुवा सूचना नं. : ०४।०६७।६८, पद : सुबेदार (बारुणयन्त्र), सहायकस्तर पांचौं, संख्या : १ (एक)
बढुवा सिफारिस भएका उमेद्वार : बालकृष्ण बास्कोटा (प्राप्तांक ७२.०२)

२. यस हेटौंडा नगरपालिका कार्यालयका प्रमुख एवं कार्यकारी अधिकृत श्री भरतबहादुर ढुंगाना व्यक्तिगत जरुरी काम विशेषले विदामा बस्नुपर्ने भएकोले निजको अनुपस्थितिमा नगर विकास कोष र यस नगरपालिका कार्यालयका बिच हुने योजनाको सम्झौता लगायतका सम्पूर्ण काममा कार्यकारी अधिकृतको हैसियतमा कामकाज गर्न कार्यालयका वित्तीय व्यवस्थापन महाशाखा प्रवन्धक श्री शंकरप्रसाद उपाध्यायलाई अख्तियारी दिने निर्णय गरियो ।

३. हे.न.पा. ११ थानाभरेङ स्थित नारायणी यातायात व्यवसायी संघको तौलपुल देखि उत्तर र ओम सदाशिव आयल भन्दा पूर्व उत्तरको समथर जग्गा हाल उपयोगमा नरहेको र सो जग्गाको अतिक्रमण हुनसक्ने सम्भावना समेतलाई मध्यनजर गरी जग्गाको संरक्षणका लागि तारबारको व्यवस्था गरी बनस्पती पार्क निर्माण गर्नका लागि आवश्यक पहल गर्न उपभोक्ता समिति समेत गठन भएकोले कार्य अगाडी बढाईदिन बहुउदेश्यीय सामुदायिक सेवा केन्द्र हेटौंडा ११ को मिति २०६७।११।११ को पत्रबाट अनुरोध भई आएकोमा सो जग्गाको संरक्षण एवं विकासका

लागि साझेदारी अवधारणा अनुसार कार्य अघि बढाउन सरोकारवालाहरुसंग आवश्यक पहल एवं छलफल गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको चालु आ.व. २०६७।०६८ को स्वीकृत बार्षिक बजेट अनुसार समाज कल्याण शाखा अन्तर्गत सामुदायिक विकासका विभिन्न कार्यक्रम सामुदायिक संस्था तथा गै.स.स.मार्फत सञ्चालन गर्ने सम्बन्धमा यस नगरपालिका क्षेत्र र मकवानपुर जिल्लालाई कार्यक्षेत्र बनाई क्रियाशील विभिन्न गैर सरकारी संस्थाहरुबाट प्रस्ताव माग गरिएकोमा पेश हुन आएका प्रस्तावहरु अध्ययन गरी छनौट सिफारिस गर्नका लागि गठित कार्यदलबाट भई आएको सिफारिस बमोजिम कार्यक्रम स्वीकृतार्थ सम्बन्धित शाखाबाट टिप्पणी पेश हुन आएकोमा पेश भए बमोजिम कार्यक्रम सञ्चालन गर्नेगरी स्वीकृत गरियो ।

५. प्रजातन्त्र दिवस, २०६७ को उपलक्ष्यमा क्लवको आयोजनामा यही फागुन ६ गते सम्पन्न भएको सिडियो ११ र एलडियो ११ बीचको मैत्रीपूर्ण फुटवल कार्यक्रममा खरीद गरिएको जर्सीको भुक्तानी गरी सहयोग गरिदिन अफिसर्स क्लव, मकवानपुरको मिति २०६७।११।१६ को पत्रबाट अनुरोध भई आएकोमा रु.७,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

६. समितिको सभाहलमा पर्याप्त कुर्सी नभएका कारण सभा सम्मेलन आयोजना गर्न समस्या परिरहेकोले प्लाष्टिकका कुर्सी सहयोग स्वरुप उपलब्ध गराइदिन श्री मनकामना क्षेत्र विकास समिति, हे.न.पा. ८ कमानेको मिति २०६७।१०।१७ को पत्रबाट अनुरोध भई आएकोमा २० थान प्लाष्टिकको कुर्सी उपलब्ध गराउने निर्णय गरियो ।

७. हालै सुनसरीको इटहरी नगरपालिकामा सम्पन्न नेपाल नगरपालिका कर्मचारी एशोसिएशनको चौथो केन्द्रीय अधिबेशनबाट एशोसिएसनका यस नगरपालिका इकाई समितिका अध्यक्ष श्री हिमप्रसाद पौडेल केन्द्रीय कमिटिको अध्यक्षमा निर्विरोध निर्वाचित हुनुभएकोमा उहां लगायत नव निर्वाचित सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुको सफल कार्यकालको शुभकामना सहित हार्दिक बधाइ ज्ञापन गर्ने निर्णय गरियो ।

८. धुमपान विरुद्धको अभियानलाई प्रबर्धन गर्ने सन्दर्भमा नगरपालिका क्षेत्रभित्र व्यवसायिक दृष्टिबाट प्रचारका लागि राखिएका सूर्तिजन्य पदार्थको विज्ञापन उल्लेख भएको होर्डिंग बोर्ड हटाउनका लागि आवश्यक सहयोग गरिदिन नेपाल अर्बुद रोग निवारण संस्था, मकवानपुर शाखाबाट अनुरोध भई आएकोमा उक्त अनुरोधलाई सकारात्मक रुपमा लिदैं सो सम्बन्धमा विज्ञापन करको साझेदार संस्था मकवानपुर उद्योग बाणिज्य संघसंग समेत छलफल गरी त्यस्ता बोर्ड हटाउनतर्फ समन्वयात्मक पहल अघि बढाउने निर्णय गरियो ।

९. आफ्नो शरीरको दुवै मृगौला खराव भई हाल उपचारकै क्रममा रहेको र आर्थिक अभावका कारण उपचारमा समस्या परेकोले आर्थिक सहयोग उपलब्ध गराइदिन हर्नामाडी-७ बस्ने सुस्मिता रम्तेलले पेश गर्नुभएको निवेदन सम्बन्धमा रु.१,५००।- आ.स. उपलब्ध गराउने निर्णय भयो ।

१०. सातौं बार्षिक उत्सव विविध कार्यक्रम सहित आयोजना गर्न आ.स. उपलब्ध गराइदिन निकास साप्ताहिक, हेटौंडा, मकवानपुरको मिति २०६७।११।१ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६७।१२।२२ गतेका दिन दिनको ४:३० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |

श्री रबिन्द्रकुमार अधिकारी प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल प्रतिनिधि, ने.क.पा. एकीकृत अनु.
श्री गुरुप्रसाद सापकोटा प्रतिनिधि, रा.प्र.पा. नेपाल अनु.

निर्णयहरु :

१. यस नगरपालिकाबाट स्थानीय विकास मन्त्रालयको जगेडा कोष योजना अन्तर्गत स्वीकृत हे.न.पा. ९,१०, ११ र पदमपोखरी गा.वि.स. १ को संगममा रहेको धार्मिक पर्यटकीय स्थल कुश्माण्ड सरोवर धाम क्षेत्रमा कुण्ड निर्माण लगायत पूर्वाधार विकास योजना सञ्चालनका लागि सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता भई कार्यादेश समेत भैसकेको हुंदा उक्त योजनाका लागि मन्त्रालयबाट प्राप्त हुने रकमको प्रथम किस्ता बापतको ७० प्रतिशत रकम माग गर्ने निर्णय भयो ।

२. यस हेटौंडा नगरपालिकामा संचालित शहरी तथा वातावरणीय सुधार परियोजना(UEIP) अन्तर्गत कार्यान्वयनमा रहेको Water Supply Sub project (HE-ICB-B-03) निर्माणको सम्बन्धमा परियोजनामा कार्यरत परामर्श दातृ संस्था DEDCS Consultant Building Design Authority (Pvt) Ltd ले तपसिलका १३ वटा Items अनुसार नयां कार्यहरु Technically गराउनु पर्ने भनी rate negotiation गरी consultant ले कार्य गराएको हुदां उक्त परिमाण र दररेट स्वीकृतिका लागि परियोजनाबाट पेश भएकोमा Negotiated rate र परिमाण स्वीकृत गरियो ।

तपसिल

| Item No | Description of Works | Unit | Quantity | Rate | Amount |
|---|---|---|---|---|---|
| 70 | Repair and Maintenance of Lamsure Bore Hole Panel Board. | LS | 1 | 422,000.00 | 422,000.00 |
| 71 | Repair and Maintenance of Kamane Bore Hole Panel Board. | LS | 1 | 335,645.00 | 335,645.00 |
| 72 | Repair and Maintenance of Karra Bore Hole Panel Board. | LS | 1 | 250,600.00 | 250,600.00 |
| 73 | Repair and Maintenance of 2 Sets Panel Boards to 3 Sets of 60HP Motor Control Panel Board at Samari (Harikunj sub-scheme). | LS | 1 | 1,225,000.00 | 1,225,000.00 |
| 74 | Supply of spare submersible pump of required 41HP, discharge and head. (Two for kamane and two for karra) | Set | 4 | 322,000.00 | 1,288,000.00 |
| 75 | Supply and installation of 150 watt Street lamp for night lighting at all tank sites. | Set | 5 | 22,000.00 | 110,000.00 |
| 76 | Supply and installation of 20x3mm copper strip ligntening flat conductor for OHT and connect it from the lightening arrestor to the earthing rod at the base. | | 100 | 1,500.00 | 150,000.00 |
| 77 | Supply, fabricate & Installation 26 Gauge Gutter in roff including painting Treatment plants buildings | RM | 96 | 515.00 | 49,440.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| 78 | Additional cost incurred in realigning 11 KV transmission line already installed in Kamane side to the new alignment approved by NEA in Harikunj. The works includes removing already installed 11PSC electrical polls in Kamane by crane and transportation. | Job | 1 | 146,970.00 | 146,970.00 |
| 79 | Supply of spare centrifugal pump of required 2HP, discharge and head. | set | 1 | 22,580.00 | 22,580.00 |
| 80 | Supply and install of 50KV dieasel generator | set | 3 | 524,700.00 | 1,574,100.00 |
| 81 | Supply of concrete cutter | set | 1 | 493,611.00 | 493,611.00 |
| 82 | Supply and install of copper wound distribution transformer with first filling of transformer oil, 11KV/0.4 KV 100 KVA 3 phase 50 HZ ONAN distribution transformer with all necessary accessories and fittings for erection all complete. (NEEK BRAND) | No. | 1 | 470,805.00 | 470,805.00 |

साथै Generator 180 KV (एक थान, Submersible Water Pump 12.5 HP (दुई थान, panel Boards (एक थान, Sludge pump (एक थान, 300mm bulk water meter (एक थान, DI mechanical couplings, DI fittings का थप कार्यहरु गराउनुका साथै केही Items हरुको परिमाणमा थपघट हुन गएको हुदां Consultant ले Technically गराउनु पर्ने देखि गराएको र कूल स्वीकृत रकम भित्रै रहेको भनी सोको विवरण सहित Revised BOQ समेत consultant ले तयार पारी सिफारिस सहित पेश गरे अनुसार परियोजनाबाट पेश हुन आएको हुदा उपरोक्त Revised BOQ (BOQ अनुसारको Items को परिमाणमा भएको थपघट परिमाण समेत) स्वीकृत गरियो ।

आज मिति २०६७।१२।२३ गतेका दिन दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना — प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | अनु. |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | अनु. |

निर्णयहरु :

१. हेटौंडा नगरपालिका वडा नं. ९, १०, ११ र पदमपोखरी गा.वि.स. वडा नं. १ समेतको क्षेत्रभित्र राप्ती ( रत्नावती), कर्रा (कर्णावती) र कुखरेनी (कौशवाही) को संगमस्थल धार्मिक ग्रन्थ अनुसार कुशष्माण्ड भगवतीले तपस्या गरेको तथा पाण्डवहरुले तिर्थाटन गरेको क्षेत्र कुशमाण्ड सरोवर त्रिवेणीधाम भएकोले उक्त क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्धेश्यले आन्तरिक तथा बाह्य श्रोत परिचालन गरी पूर्वाधार निर्माण सम्बन्धी कार्य प्रभावकारीरुपमा अघि बढाउन जग्गाको भोगाधिकार विकास समितिका नाममा नभएका कारण केही समस्या देखिएकोले उक्त क्षेत्रभित्र पर्ने पूर्व वन विज्ञान अध्ययन संस्थान र भुटनदेवी सामुदायिक वनको पश्चिमको क्षेत्र, पश्चिम पदमपोखरी गा.वि.स.-१ को बृन्दावन कौशबाही देखि पूर्व, उत्तर हे.न.पा. ११ सुकुम्बासी बस्तीदेखि दक्षिण, र दक्षिण हे.न.पा. ९ त्रिबेणीधाम एरियामा पर्ने भोगचलन भएको जमीन बाहेक यति चार किल्ला भित्रको अन्दाजी ज.बि. १९-०-० (उन्नाइस विगाहा) जग्गा यस समितिको नाममा भोगाधिकारका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन कुशमाण्ड सरोवर त्रिवेणीधाम विकास समिति, हेटौंडा, मकवानपुरको मिति २०६७।६।१३ को पत्रबाट अनुरोध भई आएकोमा प्रस्तावित जग्गाको अधिकांश भाग नदी कटानका कारण वगरको रुपमा रहेको हुंदा माग बमोजिम भोगाधिकार उपलब्ध गराउन उचित हुने देखिएकोले भोगाधिकारका लागि सिफारिस गर्ने निर्णय गरियो ।

२. संस्थाको कार्य सम्पादनका लागि १ थान कम्प्युटर सहयोग उपलब्ध गराइदिन नेपाल तीर्थ प्रकाश संघ, हेटौंडा-१०, मकवानपुरको मिति २०६७।१२।२२ को पत्रबाट अनुरोध भई आएकोमा कार्यालयमा रहेको पुराना कम्प्युटर मध्येबाट १ (एक) सेट कम्प्युटर सो संस्थालाई सहयोग स्वरुप हस्तान्तरण गरिदिने निर्णय गरियो ।

३. हे.न.पा. ७ को चक्रपथ र वनदेवी सडकको बीच भागमा बाटो अति सांघुरो भई सवारी साधन तथा मानिसहरु आवतजावत गर्न कठिनाइ भैरहेको र यदाकदा सानोतिनो दूर्घटना समेत भैरहेको हुंदा उक्त बाटोलाई थप फराकिलो पार्न ह्युमपाइप उपलब्ध गराइदिन सम्बन्धित वडा कार्यालयको सिफारिस सहित माग भई आएकोमा ३७ इन्च डायमिटर (भित्री) साइजको १ थान ह्युमपाइप उपलब्ध गराउने निर्णय भयो ।

४. हे.न.पा. ११, थाना भरेंग स्थित राजमार्ग सडकदेखि उत्तर तर्फको सार्वजनिक जग्गा संरक्षण गरी पार्कको रुपमा विकास गर्न स्थानीय क्षेत्रका बासिन्दाहरुको माग अनुरुप बहुउद्धेश्यीय सामुदायिक सेवा केन्द्र, हेटौंडा-११ बाट अनुरोध भई आएको सन्दर्भमा सो जग्गाको संरक्षण तथा विकासका लागि नगरपालिकाबाट प्रथम चरणमा जग्गालाई सम्याई तारवार लगाउने निर्णय गरियो ।

५. यस न.पा. को स्वीकृत भवन तथा योजना मापदण्ड सम्बन्धी निर्देशिका, २०५९ (संशोधन सहित) मा आवासीय प्रयोजनका निमित्त जग्गा विकास गर्दा कायम गर्नुपर्ने सडकको न्युनतम चौडाइ अन्तर्गत कल डे स्याकको विषयमा पछिल्लो संशोधनमा भएको व्याख्याका बारेमा थप स्पष्टता गर्न र हालै कार्यान्वयनमा ल्याइएको राष्ट्रिय भवन संहिता अनुसार भवन निर्माण इजाजत सम्बन्धमा कार्यान्वयनका क्रममा देखा परेका समस्याका बारेमा सुझाव सहितको अध्ययन प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने र ७ दिनभित्र प्रतिवेदन पेश गर्न सो कार्यदललाई जिम्मेवारी दिने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री बि.के.महर्जन |
| सदस्य | श्री शंकरप्रसाद उपाध्याय |
| सदस्य | श्री कृष्णबहादुर अधिकारी |
| सदस्य | श्री सत्यनारायण साह |
| सदस्य सचिव | श्री बिन्द्रलाल श्रेष्ठ । |

६. वार्षिक रुपमा गरिंदै आएको यस वर्षको बिशाषय पूजाका लागि विगत वर्षहरुमा झै आर्थिक सहयोग उपलब्ध गराइदिन श्री भुटनदेवी मन्दिर सञ्चालक समिति, मकवानपुर, हेटौंडाबाट अनुरोध भई आएकोमा रु.२०,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

७. हे.न.पा. ६ स्थित तल्लो गौरीटार क्षेत्रमा सिंचाइको लागि पाइप र मोटर जडान गर्ने कार्य स्थानीय उपभोक्ता समिति मार्फत सम्झौता भई कार्य भएकोमा उपभोक्ता समितिबाट योजनाको हिसाव फछ्र्यौट तथा फरफारकका लागि कार्यालयमा पेश भएको कागजपत्र नभेटिएकोले सो योजनाका बारेमा स्थानीय क्षेत्रमा भएको फिल्ड सर्जमीन, योजनाका बारेमा प्राविधिकबाट भएको का.स.प्रतिवेदन र उपभोक्ता समितिले पेश गरेको खर्चको बील

भपाइको फोटोकपी विवरणका आधारमा उक्त योजनाका लागि न.पा. बाट छुट्टिएको रकम बराबरको हिसाव फरफारक गरिदिने निर्णय गरियो ।

८. हे.न.पा. ६ स्थित पुतलीबजारदेखि लाहुरेटोल रामनगर कालोपत्रे सडकको मुख भागसम्म ढल निर्माण नहुंदा सो क्षेत्रमा निर्माण हुन लागेको कालोपत्रे सडकलाई समेत असर पर्न जाने देखिएकोले सो स्थानमा ढल निर्माण गरिपाउन सडक कालोपत्रे निर्माण उपभोक्ता समितिका तर्फबाट पेश हुन आएको निवेदन सम्बन्धमा ल.ई. को ३० प्रतिशत (२० प्रतिशत नगद १० प्रतिशत श्रमदान) लागत सहभागिता स्थानीय उपभोक्ताबाट जुटाई सोही उपभोक्ता समितिमार्फत खुल्ला पक्की ढल निर्माण कार्य गराउनेगरी योजना स्वीकृत गरियो ।

९. हेटौंडा नगरपालिकाको सांघुरो सडक र सवारी साधनको बढ्दो चापका कारण दिनानुदिन सडक दूर्घटना भैरहेको र पूर्व पश्चिम राजमार्गलाई समेत वाइपास गर्नुपर्ने सम्बन्धमा सम्बन्धित निकायहरुबाट सो सम्बन्धमा कार्य अघि बढिरहेको अवस्थामा हाल निर्माणाधीन धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली हेटौंडा सडकको एलाइन्मेन्ट हेटौंडा ६ चौघडा (कान्तिलोकपथ) हुंदै बुद्धचोक, राप्तीरोडबाट पूर्व पश्चिम राजमार्ग जोडिने गरी भएको भन्ने जानकारीमा आएकोले सो अनुसार सडक निर्माण हुंदा थप अस्तव्यस्तता बढ्न जाने देखिएकोले यस नगरको समग्र विकासका दृष्टिले उक्त सडकलाई हटिया चिसापानी रंगशालाबाट दक्षिण नगरपालिका र चुरियामाई गा.वि.स. सिमाना (फायरलायन सडक) हुंदै हाल संचालनमा रहेको चिसापानी-रातोमाटे सडकलाई स्तरोन्नती गरी राजमार्गको रुप दिन उपयुक्त हुने देखिएकोले सोही अनुरुप एलाइन्मेन्ट हुनका लागि सम्बन्धित निकायमा अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो ।

१०. हे.न.पा. ६ स्थित लाहुरेटोलमा स्थानीय उपभोक्ताको ३० प्रतिशत (२० प्रतिशत नगद, १० प्रतिशत श्रमदान) लागत सहभागितामा रु.५,२२,२४३।९४ ल.ई. बराबरको पक्की खुल्ला ढल निर्माण कार्य गर्न सम्झौता भई कार्यादेश भएकोमा ल.ई. बमोजिम कार्य गर्ने क्रममा जग्गा विवादका कारण कलभर्ट निर्माण गर्न समस्या परी स्वीकृत ल.ई. मा नबढ्ने गरी कलभर्टको सट्टामा खुल्ला पक्की ढलको लम्बाइ बढाउने गरी काम भएको र हाल निर्माण कार्य सम्पन्न भएको हुंदा कलभर्टको ल.ई. बराबरको ढल निर्माणको थप काम थप स्वीकृत गरिदिने सम्बन्धमा मिति २०६७।१२।२३ मा भएको निर्णय समर्थन गरियो ।

११. हेटौंडाको पहिचान एवं पर्यटकीय स्थलको रुपमा विकास भैरहेको यस नगरकै गौरव र आकर्षणको केन्द्रविन्दु हे.न.पा. ११ स्थित शहीद स्मारक क्षेत्रभित्र निर्माणाधीन शहीद स्तम्भको दोश्रो चरणको निर्माण कार्यका लागि स्थानीय विकास मन्त्रालयमा प्रस्ताव पेश गरिएको हुंदा स्थानीय विकास मन्त्रालयमा रहेको अतिरिक्त कोषबाट रकम उपलब्ध गराउन यस नगरपालिकाको तर्फबाट आवश्यक सिफारिस उपलब्ध गराइदिन शहीद स्मारक विकास समिति, हेटौंडाको मिति २०६७।१२।२३ को पत्रबाट अनुरोध भई आएकोमा यस नगरपालिकाको योजनामा प्रभाव र दायित्व समेत नपर्ने गरी नगरपालिका मार्फत सो समितिलाई योजना निर्माणका लागि आवश्यक रकम उपलब्ध गराइदिन स्थानीय विकास मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

१२. हे.न.पा. १०, बसपार्क स्थित शहरी तथा वातावरणीय सुधार परियोजना अन्तर्गत निर्मित मासु पसल क्षेत्रको उत्तरतर्फ बसपार्कबाट बासुदेव मार्गतर्फ जाने बाटोको बसपार्क तर्फको मोहोडा सांघुरो भई ६ मी. को बाटो कायम गर्ने प्रयोजनका लागि लक्ष्मीकुमारी पुलामीमगरको नाममा रहेको जग्गा कि.नं. ११८८ को पूर्वतर्फबाट १७.५० व.मी. (१ धुर १।२ कनुवा) लिनेगरी र यस नगरपालिकाको स्वामित्वमा रहेको कि.नं.२२३ जग्गाको पश्चिमतर्फबाट १४ व.मी. (१३. १।४ कनुवा) दिनेगरी सट्टापट्टा गरी बाटो निकास मिलाउन आवश्यक देखिई जग्गाधनीसंग अनुरोध गरिएकोमा निजबाट पेश भएको प्रस्ताव र कार्यालयका प्राविधिक कर्मचारीबाट पेश हुन आएको मूल्यांकन सहितको प्रतिवेदन समेतका आधारमा आगामी नगर परिषद्बाट अनुमोदन गराउनेगरी प्रतिवेदनमा उल्लेख भए जग्गा सट्टापट्टा गर्ने निर्णय गरियो । साथै सो कार्य सम्पन्न गर्न कार्यालयको तर्फबाट शा.अ. जगन्नाथ सापकोटालाई अख्तियारी दिने समेत निर्णय गरियो ।

१३. यस कार्यालय समेतलाई प्रत्यार्थी बनाई निवेदक ईश्वरराज ढकालले श्री पुनरावेदन अदालत, हेटौंडामा दायर गरेको रिट नं. ०६७ - WO - ०२०७ को परमादेश मुद्दामा लिखित जवाफ लगाउन, अन्तरिम आदेश उपर श्री सर्वोच्च अदालतमा १७ नं. निवेदन गर्न तथा मुद्धामा उपस्थित भई कानुन व्यवसायी मुकरर गरी प्रतिरक्षा गर्न यस कार्यालयका वरिष्ट सहायक श्री डिल्लीराम पोखरेललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

१४. यस हेटौंडा नगरपालिकामा संचालित शहरी तथा वातावरणीय सुधार परियोजना(UEIP) अन्तर्गत कार्यान्वयनमा रहेको Sanitation and Sewerage Subproject (HE-ICB-B-01) निर्माणको सम्बन्धमा परियोजनामा कार्यरत परामर्श दातृ संस्था DEDCS Consultant Building Design Authority (Pvt) Ltd ले कार्य गराउदै जादा तपसिल बमोजिमका ४ वटा Items मा Contract Document को clause अनुसार BOQ amount भन्दा १ प्रतिसत र BOQ quantities भन्दा २५ प्रतिसत नाघेको हुदां VO (III को Rate भन्दा Consultant ले नयां rate negotiation गरी consultant ले कार्य गराएको हुदां उक्त परिमाण र दररेट स्वीकृतका लागि परियोजनाबाट पेश भएकोमा Negotiated rate र परिमाण स्वीकृत गरियो ।

तपसिल

| | Items | Quantity/Unit | Negotiated Rate | Amount |
|---|---|---|---|---|
| क) | Providing & laying 200mm dia. NP2 RCC Hume pipe | 361.50 /मी | 934.00 | 3,37,641.00 |
| ख) | Providing & laying 150mm th. Sub-base course | 474.00 वमी | 182.39 | 86,452.87 |
| ग) | Preparation of road surface for prime coat and applying the prime coat over the base course | 1,567.08 वमी | 125.65 | 196,903.05 |
| घ) | M15 (1:2:4 mix) PCC | 12.51 घमी | 7,628.00 | 95,441.92 |

साथै केही Item हरुको परिमाणमा थपघट हुन गएको हुदां Consultant ले Technically गराउनु पर्ने देखी गराएको र कूल स्वीकृत रकम भित्रै रहेको भनी सोको विवरण सहित Revised BOQ समेत consultant ले तयार पारि सिफारिस सहित पेश गरे अनुसार परियोजनाबाट पेश हुन आएको हुदा उपरोक्त Revised BOQ (BOQ अनुसारको Items को परिमाणमा भएको थपघट परिमाण समेत) स्वीकृत गरियो ।

आज मिति २०६८।१।१३ गतेका दिन दिनको ५:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | अनु. |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णयहरु :

१. यस नगरपालिकाको १६ औं नगरपरिषद् बैठक आगामी २०६८ साल जेष्ठ २० गते आयोजना गर्ने निर्णय गरियो । साथै सो बैठकबाट पारित गरिने आगामी आ.व. २०६८।०६९ को नीति कार्यक्रम तथा बार्षिक बजेटको मस्यौदा तयारीका लागि देहाय बमोजिमको नीति कार्यक्रम तथा बजेट मस्यौदा तयारी समिति गठन गर्ने निर्णय भयो ।

**देहाय :**

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय, प्रवन्धक | संयोजक |
| श्री बि.के. महर्जन, प्रवन्धक | सह संयोजक |
| श्री भीमप्रसाद तिमल्सिना, प्रवन्धक | सदस्य |
| श्री कृष्णबहादुर अधिकारी, प्रवन्धक | सदस्य |
| श्री सत्यनारायण साह, इन्जिनीयर | सदस्य |
| श्री ध्रुवबहादुर भुजेल, शाखा अधिकृत | सदस्य |
| श्री बिन्द्रलाल श्रेष्ठ, अधिकृत छैटौं (प्रा),इन्जिनीयर | सदस्य |
| श्री विष्णुगोपाल महर्जन, अधिकृत छैटौं (प्रा),इन्जिनीयर | सदस्य |
| श्री भोजमान श्रेष्ठ, शाखा अधिकृत | सदस्य |
| श्री गंगा चौलागाई, शाखा अधिकृत | सदस्य |
| श्री रोशन रिजाल, शाखा अधिकृत | सदस्य |
| श्री रवि रेग्मी, अधिकृत छैटौं (प्रा),इन्जिनीयर | सदस्य |
| श्री मनोज सुवेदी, शाखा अधिकृत | सदस्य |
| श्री भैरवबहादुर कुमाल, शाखा अधिकृत | सदस्य |
| श्री भानुभक्त थपलिया, सूचना प्रविधि अधिकृत | सदस्य |
| श्री हिमप्रसाद पौडेल, अध्यक्ष ने.न.पा.क.ए. | सदस्य |
| श्री जगन्नाथ सापकोटा, शाखा अधिकृत | सदस्य सचिव |

२. यस नगरपालिकाले चालु आ.व. मा संचालन गरेका कार्यक्रमहरु तथा कार्यालयले प्रबाह गरेको सेवाको गुणस्तर, प्रभावकारिताका बारेमा नगरबासी सेवाग्राहीहरुबाट सुझाव तथा जनगुनासो संकलन गर्ने प्रयोजनार्थ सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम आगामी बैशाख ३० गते श्री बालज्योति मा.बि., हेटौंडा ५ को विद्यालय प्रांगणमा र जेष्ठ ५ गते हेटौंडा-१, चौकीटोल स्थित नेपाल यातायात संस्थान (रोपवे) को कम्पाउण्डमा सार्वजनिक सुनुवाई आयोजना गर्ने निर्णय गरियो ।

३. यस हेटौंडा नगरपालिकामा लागू गर्न लागिएको Metric Addressing System अन्तर्गत शहरी तथा वातावरणीय सुधार परियोजनाबाट हेटौंडा नगरपालिकाको ५ वटा ठेगाना क्षेत्रमा विभाजन गरिए अनुसारको Printed रंगिन नक्शाहरु (Street Maps - 20" X 30" art paper 150 gsm) विभिन्न संघसंस्थाहरु तथा व्यक्तिगत रुपमा खरीद गर्न चाहने सेवाग्राहीहरुलाई बिक्री वितरण गर्ने सम्बन्धमा सूचना तथा अभिलेख शाखाबाट पेश भए अनुसार प्रति कपी रु.५०।- मा उपलब्ध गराउने निर्णय गरियो ।

४. यस नगरपालिका क्षेत्रमा चालु आ.व. देखि शहरी स्वास्थ्य कार्यक्रम लागू गर्ने सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुरको च.नं.९९७, मिति २०६८।१।७ गतेको पत्रानुसार चालु आ.व. देखि नै उक्त कार्यक्रम लागू गर्ने र सो कार्यक्रम लागू गर्ने सम्बन्धमा समाज कल्याण शाखाबाट पेश हुन आएको टिप्पणी उपर छलफल गर्दा शहरी स्वास्थ्य क्लिनीक निर्माणको लागि प्रस्तावित स्थानहरुमध्ये हे.न.पा. ८ को वडा कार्यालय तथा मातृ शिशु क्लिनिक रहेको भवनमा तल्ला थप गरी क्लिनिक संचालन गर्ने र तल्ला निर्माणको लागि आवश्यक ल.ईं गरी नियमानुसार निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै क्लिनिक संचालनको लागि हाललाई १ जना स्टाफ नर्स २०६८ असार मसान्तसम्मका लागि करारमा नियुक्त गर्ने र क्लिनिक संचालन तथा अनुगमनका लागि देहाय बमोजिमको समिति गठन गर्ने समेत निर्णय गरियो ।

**देहाय :**

| | |
|---|---|
| समाज कल्याण शाखाका प्रमुख | अध्यक्ष |
| वरिष्ट जनस्वास्थ्य प्रशासक | सदस्य |
| श्री हिमगंगा प्रा.बि., कमानेका प्र.अ. | सदस्य |
| समाजसेवी श्री यादवकुमारी थापा | सदस्य |
| समाजसेवी श्री चित्रकुमारी गुरुंग | सदस्य |

| | |
|---|---|
| ८ नं. वडा सचिव | सदस्य |
| क्लिनिकको प्रमुख | सदस्य सचिव |

५. शहरी स्वास्थ्य क्लिनिक संचालनको लागि चालु आ.व. देखि आ.व. २०७१।०७२ सम्मको प्रस्तावित अनुमानित बजेट स्वीकृत गरी जिल्ला स्वास्थ्य कार्यालयमा निकाशाको लागि माग गर्ने समेत निर्णय गरियो ।

६. हे.न.पा. ५ स्थित पिप्लेकुनामा खानेपानी टंकी निर्माण कार्यका लागि स्थानीय बासिन्दाबाट संयुक्त निवेदन मार्फत अनुरोध भई आएकोमा प्राविधिक शाखाबाट पेश हुन आएको रु.४०,५२७२२ ल.ई. बराबरको कार्य स्थानीय उपभोक्ताको १० प्रतिशत श्रमदान जुटाई कार्य गर्नेगरी योजना स्वीकृत गरियो ।

७. बजार क्षेत्रमा बढ्दो लोडसेडिंगलाई मध्यनजर गरी जेनेरेटरबाट विद्युत उत्पादन गरी बजार क्षेत्रलाई उज्यालो पार्ने उद्धेश्य अनुरुप संचालन गरिएको व्यवसाय हेटौंडा उज्यालो अभियानलाई घरेलु उद्योगको रुपमा विकास गर्न खोजिएकोले नगरपालिकामा व्यवसाय दर्ताका लागि अनुरोध भई आएकोमा सम्बन्धित शाखाबाट पेश हुन आएको टिप्पणी समेतका आधारमा यस प्रकारको व्यवसाय प्रथम पटक दर्ताको लागि आएको सन्दर्भमा ध्वनी प्रदूषणको असर छरछिमेकमा नपार्ने गरी अन्य माथिल्लो निकायबाट अन्यथा लेखी आएकोमा सोही बमोजिम हुनेगरी टिप्पणीमा पेश भए बमोजिम बार्षिक व्यवसाय कर लिई अस्थायी रुपमा व्यवसाय दर्ता प्रमाणपत्र दिने र अनुमोदनका लागि आगामी नगरपरिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

८. यस नगरपालिका कार्यालय र आदर्श टोल विकास संस्था, हेटौंडा-१० बीच हे.न.पा. १० मा रहेका सार्वजनिक शौचालय सा.नि.सा.अवधारणा बमोजिम संचालन तथा व्यवस्थापन हुँदै आएकोमा सार्वजनिक शौचालयको सेवा शुल्क समय सापेक्ष रुपमा बृद्धिका लागि सो संस्थाबाट सहमति माग भई आएकोमा सार्वजनिक निजी साझेदारी प्रबर्धन समितिको सिफारिस निर्णय समेतका आधारमा २०६८ बैशाख १ गतेबाट लागू हुनेगरी दिसाको लागि रु.४।- र पिसावको लागि रु.२।- सेवा शुल्क असुली गर्न सहमति दिने निर्णय गरियो ।

९. चालु आ.ब. २०६७।०६८ मा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तर्फ क्षमता विकास कार्यक्रम अन्तर्गत स्वीकृत बजेटबाट कार्यविधिले तोके अनुरुपको ढांचामा कार्यक्रम संचालनार्थ स्वीकृतिका लागि पेश हुन आएको टिप्पणी उपर बैठकमा छलफल हुंदा रु.८,४६,५००।- (न.पा.को म्याचिंग फण्ड समेत गरी) बराबरको क्षमता विकास कार्यक्रम संचालन गर्नेगरी स्वीकृत गरियो ।

१०. यस नगरपालिकाको १५ औं नगरपरिषद्बाट नगरपालिका कार्यालयको साविकको संगठनात्मक संरचनामा परिवर्तन भएको सन्दर्भमा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३१ तथा सुशासन ( व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २० मा व्यवस्था भए बमोजिम यस कार्यालयको हकमा सेवाग्राहीको गुनासो व्यवस्थापन कार्यका लागि गुनासो सुन्ने जिम्मेवार अधिकारी (नोडल अधिकृत) को जिम्मेवारी र विभिन्न व्यक्ति, संस्था एवं संचार माध्यमलाई कार्यालयको तर्फबाट सूचना दिने अधिकारीको जिम्मेवारी शहरी विकास, अनुसन्धान तथा वातावरण विकास महाशाखा प्रमुख श्री बिरकृष्ण महर्जनलाई दिने निर्णय गरियो ।

आज मिति २०६८।१।२९ गतेका दिन दिनको ३:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |

श्री प्रकाशचन्द्र अर्याल    प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल    प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा    प्रतिनिधि, रा.प्र.पा. नेपाल

निर्णयहरु :

१. विगत ५ बर्षदेखि जेसिजले संचालन गर्दै आएको Little Lady Talent Show, २०६८ को सफल आयोजनार्थ टिकट खरीद गरी सहयोग गरिदिन बसामाडी जेसिज, मकवानपुरको मिति २०६८।१।१३ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- बराबरको टिकट खरीद गरिदिने निर्णय गरियो ।

२. यही २०६८ बैशाख २४ गतेका दिन समाजको एघारौं बार्षिक सभा कार्यक्रम आयोजना हुन गैरहेको हुंदा सो का लागि आ.स. उपलब्ध गराइदिन मातृभूमि साहित्य समाज, मकवानपुर हेटौंडाको मिति २०६८।१।२१ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,५००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३. अल्सर रोगले ग्रस्त भई आन्द्राको अप्रेशन गर्नुपरेको र उपचारका क्रममा ठूलो धनराशी लाग्ने देखिएकोले उपचारार्थ सहयोग उपलब्ध गराइदिन सडक कवि शम्भुप्रसाद दाहालबाट मिति २०६८।१।२२ मा पेश भएको निवेदन सम्बन्धमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

४. संगठनको आयोजनामा राष्ट्रियताको रक्षा, सार्थक संविधान र दिगो शान्तिको लागि जनदवाव कार्यक्रम मुलुकभर संचालन हुन गैरहेकोले सो का लागि आ.स. उपलब्ध गराइदिन नेपाल युवा कम्युनिष्ट संघ (एकीकृत), केन्द्रीय कार्यालय, काठमाण्डौंको मिति २०६७।१०।१३ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

५. यही २०६७ फागुन २७ र २८ गते इटहरीमा आयोजना हुन गैरहेको एशोसिएशनको चौथो केन्द्रीय अधिबेशनका लागि आ.स. उपलब्ध गराइदिन नेपाल नगरपालिका कर्मचारी एशोसिएशन, एकाइ कार्य समिति, हेटौंडा नगरपालिकाको मिति २०६७।११।१६ को पत्रबाट अनुरोध भई आएकोमा रु.६,०००।- सहयोग उपलब्ध गराउने निर्णय भयो ।

६. नव वर्ष २०६८ को शुभकामना विज्ञापन प्रकाशनका लागि श्रमिक साप्ताहिकको मिति २०६८।१।१ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।- बराबरको शुभकामना विज्ञापन उपलब्ध गराउने निर्णय गरियो ।

७. नवबर्ष २०६८ सालको नेपाली सांकेतिक भित्तेपात्रो (क्यालेण्डर) प्रकाशनका लागि विज्ञापन उपलब्ध गराइदिन राष्ट्रिय बहिरा तथा सुस्त श्रवण संघ, काठमाण्डौंको मिति २०६७।१०।१५ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,०००।- बराबरको शुभकामना विज्ञापन उपलब्ध गराउने निर्णय गरियो ।

८. मेरो छोरा राजेश सञ्जेललाई मृगौला सम्बन्धी रोग लागी हाल उपचार गर्न आर्थिक समस्याका कारण कठिनाइ भएकोले उपचारार्थ आ.स. उपलब्ध गराइदिन आमभञ्ज्यांग-२ बस्ने लिलाधर सञ्जेलबाट पेश भएको निवेदन सम्बन्धमा रु.१,५००।- उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

९. संगठनको प्रथम इकाइ अधिबेशन आयोजनार्थ आ.स. उपलब्ध गराइदिन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी युनियन (क्रान्तिकारी) मुल इकाइ कमिटि, हेटौंडा क्याम्पसको मिति २०६७।१२।२२ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१०. यही २०६८ बैशाख २० र २१ गते काठमाण्डौंमा हुन गैरहेको महासंघको २३ औं राष्ट्रिय महाधिबेशनका लागि आ.स. उपलब्ध गराइदिन नेपाल पत्रकार महासंघ, मकवानपुर शाखाको मिति २०६८।१।११ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

११. जिल्लामा रहेका निजामती कर्मचारीहरुको ट्रेड युनियनहरु तथा अफिसर्स क्लव, मकवानपुरको संयुक्त आयोजनामा विविध कार्यक्रम सहित निजामती सेवा दिवस भव्य रुपमा सम्पन्न गर्नका लागि आ.स. उपलब्ध

गराइदिन नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६७।५।१८ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१२. संगठनको सक्रियतामा संचालित लोक सेवा आयोगको (अप्राविधिक) शाखा अधिकृतस्तरको मूल परीक्षा तयारी कक्षा आयोजनाका लागि सहयोग उपलब्ध गराइदिन नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६७।९।२० को पत्रबाट अनुरोध भई आएकोमा सो कार्यक्रमका लागि रु.४,०००।- लक्षित वर्ग कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१३. माण्डलिक पवित्र विधि अनुसार समय समयमा हुने कार्यक्रम तथा तालीमका लागि व्हाइट बोर्ड तथा नोटिस बोर्ड खरीदका लागि संस्थासंग आर्थिक अभाव भएकोले सहयोग उपलब्ध गराइदिन हर्मोनडांडा इसाइ मण्डली, हेटौंडाको मिति २०६७।१०।२३ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१४. बार्षिकरुपमा नियमित प्रकाशन हुंदै आएको जनता भित्ते पात्रोलाई २०६८ सालमा निरन्तरता दिन सहयोगस्वरुप विज्ञापन उपलब्ध गराइदिन जनप्रकाशन गृह, भक्तपुरको मिति २०६७।१२।१६ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।- बराबरको शुभकामना विज्ञापन उपलब्ध गराउने निर्णय गरियो ।

१५. नयां बर्ष, २०६८ को उपलक्ष्यमा प्रकाशन गर्न लागिएको नयां बर्ष २०६८ नामको स्मारिकाका लागि सहयोगस्वरुप विज्ञापन उपलब्ध गराइदिन हेटौंडा स्कूल अफ मेनेजमेन्ट एण्ड सोसियल साइन्सेस ( स्मारिका प्रकाशन समुह)को मिति २०६७।११।११ को पत्रबाट अनुरोध भई आएकोमा रु.१,०००।- बराबरको शुभकामना विज्ञापन उपलब्ध गराउने निर्णय गरियो ।

१६. स्व.गिरीजाप्रसाद कोइरालाको प्रथम पुण्य तिथीको अवसरमा संघद्वारा आयोजित भावी संविधानमा युवा विद्यार्थीको भूमिका विषयक बक्तृत्व कला कार्यक्रमका लागि सहयोग उपलब्ध गराइदिन नेपाल विद्यार्थी संघ, जि.का.स. मकवानपुरको मिति २०६७।१२।४ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१७. संस्थाको चौथो बार्षिक कार्यक्रमको रुपमा स्रष्टा सम्मान, पत्रिका विमोचन तथा प्रतियोगितात्मक मुक्तक सांझ हुने भएकोले सो का लागि आ.स. उपलब्ध गराइदिन झरना हेटौंडा सेतु, मकवानपुरको मिति २०६७।१२।२१ को पत्रबाट अनुरोध भई आएकोले रु.२,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१८. यही २०६७ चैत्र ८ र ९ गते इटहरीमा हुन गैरहेको यूनियनको सातौं महाधिबेशनका लागि आ.स. उपलब्ध गराइदिन नेपाल प्रेस यूनियन, जिल्ला समिति मकवानपुरको मिति २०६७।१२।२ को पत्रबाट अनुरोध भैआएकोमा रु.४,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१९. यही २०६७ फागुन १५ गते विविध कार्यक्रम सहित २७ औं मगर दिवस आयोजनार्थ आ.स. उपलब्ध गराइदिन नेपाल मगर संघ, जिल्ला कार्य समिति मकवानपुरको मिति २०६७।११।९ को पत्रबाट अनुरोध भैआएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२०. विभिन्न रचनात्मक क्रियाकलाप सहित १०१ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस आयोजनार्थ सहयोग उपलब्ध गराइदिन अखिल नेपाल महिला संघ, नगर समिति, हेटौंडाको मिति २०६७।११।१६ को पत्रबाट अनुरोध भैआएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२१. यही फागुन २४-२६ गते काठमाण्डौंमा हुन गैरहेको संघको छैटौं राष्ट्रिय सम्मेलनका लागि आ.स. उपलब्ध गराइदिन अखिल नेपाल महिला संघ, जिल्ला समिति, मकवानपुरको मिति २०६७।११।४ को पत्रबाट अनुरोध भैआएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२२. संगठनको आयोजनामा हेटौंडा क्याम्पसको परिसरभित्र विद्यार्थी शहीद प्रित स्मृति बाटिका निर्माण कार्य हुन गैरहेकोले सो का लागि सहयोग उपलब्ध गराइदिन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (

क्रान्तिकारी), जिल्ला समिति, मकवानपुरको मिति २०६८।१।२८ को पत्रबाट अनुरोध भैआएकोमा रु.२०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२३. युनियनको आयोजनामा यही २०६८ बैशाख १६ गतेदेखि विविध विधाका खेलकूद कार्यक्रम हुन गैरहेकोले सो का लागि सहयोग उपलब्ध गराइदिन स्वतन्त्र विद्यार्थी युनियन, वन विज्ञान अध्ययन संस्थान, हेटौंडाको मिति २०६८।१।१३ को पत्रबाट अनुरोध भैआएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२४. यही २०६८ बैशाख १३ गतेदेखि १५ गतेसम्म पोखरामा आयोजना हुन गैरहेको पार्टीको दोश्रो राष्ट्रिय सम्मेलनका लागि आ.स. उपलब्ध गराइदिन राष्ट्रिय जनमोर्चा, केन्द्रीय कार्यालय, काठमाण्डौंको मिति २०६७।१२।२२ को पत्रबाट अनुरोध भई आएकोमा रु.७,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२५. आगामी जेष्ठ १-३ गते पोखरामा हुन गैरहेको यूनियनको १९ औं राष्ट्रिय सम्मेलनका लागि आ.स. उपलब्ध गराइदिन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (पांचौं), केन्द्रीय कार्यालय, काठमाण्डौंको मिति २०६८।१।२९ को पत्रबाट अनुरोध भैआएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२६. यही २०६८ बैशाख १६ गते पार्टीको केन्द्रीय कार्य समितिको आयोजनामा काठमाण्डौंमा हुन गैरहेको विशाल आमसभा सम्पन्न गर्न जिल्लाबाट ठूलो संख्यामा सहभागिता गराउनुपर्ने भएकोले सो का लागि आ.स. उपलब्ध गराइदिन राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६८।१।१० को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२७. यही २०६८ जेष्ठ ३ गते १९ औं मदन आश्रित स्मृति दिवसका अवसरमा पार्टीका वरिष्ट नेता तथा पूर्व प्रधानमन्त्री श्री माधवकुमार नेपालको प्रमुख आतिथ्यमा आयोजना हुन गैरहेको आजको सन्दर्भमा जनताको बहुदलीय जनबाद विषयक गोष्ठीका लागि आ.स. उपलब्ध गराइदिन नेपाल कम्युनिष्ट पार्टी (एमाले) जिल्ला कार्यालय, मकवानपुरको मिति २०६८।१।२९ को पत्रबाट अनुरोध भई आएकोमा रु.७,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२८. यही २०६८ बैशाख १८ गतेका दिन १२२ औं अन्तर्राष्ट्रिय मई दिवस विविध कार्यक्रम सहित भव्यताका साथ मनाउन आ.स. उपलब्ध गराइदिन अखिल नेपाल ट्रेड यूनियन महासंघ, जिल्ला समन्वय समिति, मकवानपुरको मिति २०६८।१।९ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

२९. यही २०६८ बैशाख १८ गतेका दिन १२२ औं अन्तर्राष्ट्रिय मई दिवस विविध कार्यक्रम सहित भव्यताका साथ मनाउन आ.स. उपलब्ध गराइदिन राष्ट्रिय प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ, जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६८।१।४ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

३० यही २०६८ बैशाख १८ गतेका दिन १२२ औं अन्तर्राष्ट्रिय मई दिवस विविध कार्यक्रम सहित भव्यताका साथ मनाउन आ.स. उपलब्ध गराइदिन नेपाल ट्रेड युनियन कांग्रेस-स्वतन्त्र, मकवानपुर जिल्ला समितिको मिति २०६८।१।९ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

३१. यही २०६८ बैशाख १८ गतेका दिन १२२ औं अन्तर्राष्ट्रिय मई दिवस विविध कार्यक्रम सहित भव्यताका साथ मनाउन आ.स. उपलब्ध गराइदिन नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट) तथा पेशागत महासंघ नेपाल (कोनेप) सम्मिलित १२२ औं अन्तर्राष्ट्रिय मई दिवस संयुक्त आयोजक कमिटि, मकवानपुरको मिति २०६८।१।५ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

३२. यही २०६८ बैशाख १८ गतेका दिन देशभर १२२ औं अन्तर्राष्ट्रिय मई दिवस विविध कार्यक्रम सहित भव्यताका साथ मनाउन आ.स. उपलब्ध गराइदिन नेपाल प्रगतिशील ट्रेड यूनियन महासंघ (फिनेप्ट), केन्द्रीय कार्यालय, काठमाण्डौंको मिति २०६८।१।१३ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

३३. यही २०६८ बैशाख २४-२६ सम्म यसै नगरीमा आयोजना हुन गैरहेको घेदुंगको सातौं राष्ट्रिय महाधिबेसनका लागि आ.स. उपलब्ध गराइदिन नेपाल तामांग घेदुंग (संघ), जिल्ला कार्य समिति, मकवानपुरको मिति २०६८।१।१६ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३४. हे.न.पा. ८ स्थित राजपानीमा रहेको प्राकृतिक मुलको धारा बर्षादका कारण क्षति पुग्न गएको र स्थानीय क्षेत्रका करीव २०० भन्दा बढी परिवारले उपभोग गर्दै आएकोले सो धारा मर्मतका लागि स्थानीय बासिन्दाहरुबाट संयुक्त निवेदनमार्फत अनुरोध भैआएकोमा प्राविधिक शाखाबाट पेश हुन आएको रु.१,१७,१३३।२८ ल.ई. बराबरको उक्त कार्य स्थानीय उपभोक्ताबाट २० प्रतिशत जनश्रमदान जुटाई कार्य गर्नेगरी योजना स्वीकृत गरियो ।

३५. शौचालय निर्माणको कार्य रकम अभावले सम्पन्न गर्न समस्या परेकोले थप रकम सहयोग उपलब्ध गराइपाउन श्री ज्ञानदा माध्यमिक बिद्यालयको मिति २०६८।१।२९ को पत्रबाट अनुरोध भई आएकोमा शौचालय निर्माणको अधुरो कार्य सम्पन्न गर्न थप रु.६०,०००।- पूजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

३६. हे.न.पा. ७ स्थित सुकुम्बासी बस्तीमा खानेपानीको श्रोतको रुपमा प्रयोग गरिंदै आएको इनार भास्सिन गई साह्रै समस्या परेकाले सो इनारको पुनर्निर्माण कार्यका लागि स्थानीय टोलबासीबाट माग भई आएकोमा उक्त स्थानको खानेपानी समस्या समाधानका लागि सम्भावनाका आधारमा टंकी सहितको खानेपानी धारा जडान गरी व्यवस्थापनका लागि सम्बन्धित टोलबासीलाई जिम्मेवार बनाउने गरी कार्य अघि बढाउन समाज कल्याण शाखालाई निदेशन दिने निर्णय गरियो ।

३७. नेपाल रेडक्रस सोसाइटी, छतिवन उपशाखाको आतिथ्यमा यही २०६७ चैत्र २५ गते आयोजना हुन गैरहेको ४३ औं बार्षिक जिल्ला सभाका लागि आ.स. उपलब्ध गराइदिन नेपाल रेडक्रस सोसाइटी, मकवानपुरको मिति २०६७।११।२९ को पत्रबाट अनुरोध भई आएकोमा रु.३,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

३८. हे.न.पा. ५ स्थित माछा प्लान कुनाटोलमा नयां बाटो खोल्ने कार्यका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुरोध भई आएकोमा प्राविधिक शाखाबाट स्थलगत निरीक्षण भई पेश हुन आएको ल.ई. सम्बन्धमा बैठकमा छलफल हुंदा सो स्थानमा स्थानीय जग्गाधनी तथा टोलबासीहरुको लिखित सहमति लिई बाटोको ट्रयाक खोल्नका लागि ह्युमपाइपको लागतको ५० प्रतिशत रकम लागत सहभागिता बापत उपभोक्ताबाट जम्मा गर्न लगाई ल.ई. बमोजिमको ह्युमपाइप र लोडर (इन्धनसहित) कार्यालयबाट उपलब्ध गराउने निर्णय भयो । र साथै सो योजनामा ग्रेभलिंग कार्यका लागि कार्यालयबाट १ दिनको लागि १ लोडर र ५ थान ट्रिपर (भाडा र इन्धन) उपभोक्ता समितिलाई उपलब्ध गराई अन्य व्यवस्थापन उपभोक्ता समितिले गर्नेगरी उपभोक्ता समितिमार्फत कार्य गराउनेगरी योजना स्वीकृत गरियो ।

आज मिति २०६८।२।२० गतेका दिन दिनको ५:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

निर्णयहरु :

१. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपी) तर्फको बायो इन्जिनीयरिंग तर्फ चालु आ.व. २०६७।०६८ का लागि स्वीकृत बजेटबाट हे.न.पा. ६ र ७ नं. को सिमानाको खहरे (रंगशाला सडक) मा निर्मित लच्का र हे.न.पा. ८ स्थित सीप विकास तालीम केन्द्र पछाडीको खहरेमा निर्मित लच्काको संरक्षणका लागि ग्याविन तार जालीमा ढुंगा भरी संरक्षणको कार्य गर्ने र हे.न.पा. ११ स्थित गोल्फिंगटार जाने बाटोको ह्युमपाइप राखिएको खोल्सीमा ग्याविन तार जालीमा ढुंगा भरी संरक्षणको कार्य गर्ने र ती स्थानहरुमा बांस लगायतका बिरुवा समेत रोपन गर्नेगरी संरक्षण सम्बन्धी कार्य अघि बढाउन स्वीकृति दिइयो ।

२. नगरक्षेत्रका विभिन्न स्थानमा ग्रेभलिंग कार्यका लागि माग भई आएकोमा ११ नं. वडाको सिद्धार्थ टोल विकास संस्था अन्तर्गतको सडक र तल्लो ताल क्षेत्रका सडकमा ग्रेभलिंगका लागि १ दिन, ७ नं. वडाको सागरपथ, स्मृति टोल र शान्ति पथ टोल विकास संस्था अन्तर्गतको शाखा सडकहरु र ६ नं. वडाको हात्तीलेटबाट कलिन्टार जाने बाटोका लागि २ दिन १ लोडर र ६ ट्रिपर परिचालन गरी वडा स्तरीय दलीय संयन्त्रको समन्वयमा ग्रेभलिंग कार्य गराउने । ८ नं. वडास्थित नयां कर्रापुलबाट बिन्धबासिनी टोल जाने बाटोमा समेत यसै चरणमा अनुकूल मिलाई ग्रेभल गराउने र ५ नं. वडाको सिंचाई कुनाका लागि माग भई आएको ग्रेभलको हकमा १० ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय गरियो । र साथै ग्रेभल हालिसकेपछि सम्याउनका लागि कार्यालयबाट ग्रेडर पठाउने समेत निर्णय गरियो ।

३. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपी) तर्फ लक्षित समूह अन्तर्गतको कार्यक्रममा स्वीकृत हे.न.पा. ८ स्थित महिला सामुदायिक भवन निर्माण कार्यको रु.१४,५२,७०९।२६ बराबरको संशोधित ल.ई पेश हुन आएकोमा पेश भए बमोजिम उक्त ल.ई. स्वीकृत गरियो ।

४. हे.न.पा. ५ स्थित शान्तिनगर, गर्दोइमा निर्माणाधीन शिव पाञ्चायन मन्दिरको निर्माण कार्य सम्पन्न गर्न रकम अभावका कारण समस्या परेकोले थप सहयोग उपलब्ध गराइदिन अनुरोध भई आएकोमा रु.२५,०००।- थप पूंजीगत अनुदान उपलब्ध गराउने निर्णय भयो ।

५. हे.न.पा. ६, चौघडास्थित प्रहरी चौकीमा खानेपानी समस्या भएकोले खानेपानी धारा जडान तथा टंकीका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित माग भई आएकोमा धारा जडानका लागि आवश्यक लागत न.पा. बाट व्यहोरीदिने निर्णय गरियो ।

६. हे.न.पा. २ स्थित न.पा. कार्यालय अगाडीको सडक लोकप्रीय मोडसम्म र हे.न.पा. २।३ स्थित देवी पथ सडकको ढल पुनर्निर्माणको स्वीकृत योजना कार्यान्वयनका लागि न.पा. को स्वीकृत लागत सहभागिता नीति अनुरुप कार्यान्वयन गर्न नसकिने भनी उपभोक्ता समितिबाट योजना कार्यान्वयन हुन नसकेको स्थिती रहेको र बजार क्षेत्रको मुख्य बस्तीको ढल जीर्ण हुंदा नगरको सौन्दर्यता समेत विग्रीन गएको र ढल निकास अवरुद्ध रहेको अवस्था देखिएको सन्दर्भमा उक्त योजनाहरु उपभोक्ताको २५ प्रतिशत लागत सहभागितामा सञ्चालन गर्ने गरी कार्य अघि बढाउने निर्णय गरियो ।

७. मिति २०६८।१।९ गतेका दिन हे.न.पा. १० टि.सी.एन. गेट अगाडी रहेको यस नगरपालिकाको सवारी करचौकी नजिक ना.४ ख ३६२९ नं. को बस कर्मचारी (खलासी) बसबाट खसी घाइते भएकोमा तत्काल परिस्थितीलाई सहज बनाउन राहात सहयोग स्वरुप मितेरी कम्पनी, हेटौंडाका इन्चार्ज दिपक तामाङ्ग हस्ते उपलब्ध गराइएको रु.२०,०००।- रकम करचौकी इन्चार्ज श्री बिनोद सुवेदीलाई सोधभर्ना दिने निर्णय गरियो ।

८. भिटामिन ए, पोलियो थोपा जस्ता स्वास्थ्य सम्बन्धी विभिन्न राष्ट्रिय कार्यक्रमहरुमा खटिंदा खाजा तथा चिया खर्च बापत उपलब्ध हुंदै आएको रकम न्यून भएकोले बृद्धि गराइपाउन महिला स्वास्थ्य र स्वयंसेविका सरसफाइ र विकास समिति, हेटौंडाको मिति २०६८।१।५ को पत्रबाट अनुरोध भई आएकोमा सम्बन्धित शाखा प्रमुखबाट भई आएको सिफारिस समेतका आधारमा साविकको दरलाई परिवर्तन गरी प्रति केन्द्र रु.२००।- का दरले खाजा, चिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

९. नेपाल पर्यटन वर्ष २०११ प्रति समर्पित गरी महासंघबाट यस क्षेत्रका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुलाई उजागर गर्नेगरी प्रकाशन हुन लागेको मध्यमाञ्चल सन्देशमा नगरपालिका क्षेत्रभित्रका त्यस्ता

स्थलहरुको चिनारी समेत समाबेश गरिने हुंदा नगरपालिकाको तर्फबाट प्रकाशन सहयोग उपलब्ध गराइदिन गैरसरकारी संस्था महासंघ नेपाल, मध्यमाञ्चल क्षेत्रीय समिति, हेटौंडाको मिति २०६७।११।३० को पत्रबाट अनुरोध भई आएकोमा सम्बन्धित कार्यक्रम शीर्षकबाट रु.१०,०००।- (प्रकाशनमा सहयोग रकम उल्लेख गर्नेगरी) प्रकाशन सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१०. गत २०६७ माघ १ गतेदेखि यस नगरपालिकाको मुख्य बजार क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नारायणी युवा क्लवसंगको सहकार्यमा सशुल्क पार्किंगको कार्य थालनी गरिएकोमा स्थानीय व्यवसायीबाट पर्याप्त सहयोग र समर्थन प्राप्त नभएको र कानूनी प्रश्न समेत उठेको सन्दर्भमा क्रमश: सो कार्य छाडिएकोमा हाल साझेदार संस्थाबाट उक्त कार्य व्यवस्थापनका सन्दर्भमा भएका खर्चको भुक्तानी माग भई आएकोमा सम्बन्धित शाखाबाट पेश भएको टिप्पणी राय समेतका आधारमा यस कार्यालयबाट साझेदार संस्थालाई रु.३०,९२५।- रकम उपलब्ध गराउने निर्णय गरियो ।

११. यही २०६८ जेष्ठ ७ देखि ९ गतेसम्म जिल्ला स्तरीय राष्ट्रपति रनिंग शिल्ड (विद्यालय स्तरीय) प्रतियोगिता आयोजनार्थ आ.स. उपलब्ध गराइदिन मकवानपुर जिल्ला खेलकूद विकास समिति, हेटौंडाको मिति २०६७।१।२९ को पत्रबाट अनुरोध भई आएकोमा रु.८,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१२. यही २०६८ जेष्ठ १ देखि अखिल नेपाल फुटवल संघको तत्वाधानमा एन्फा मकवानपुर जिल्ला लिग फुटवल प्रतियोगिता आयोजना हुन गैरहेकोले सो प्रतियोगिताका लागि आवश्यक सहयोग उपलब्ध गराइदिन मकवानपुर जिल्ला फुटवल संघको मिति २०६८।१।२५ को पत्रबाट अनुरोध भई आएकोमा प्रतियोगिता आयोजनार्थ रु.५,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१३. विश्व वातावरण दिवस (५ जुन २०११) को अवसरमा स्थानीय सरोकारवाला मकवानपुर उद्योग बाणिज्य संघ, वातावरण सुधार समन्वय समिति, टोल विकास संस्थाहरु, अन्य सामाजिक संघसंस्थाहरु समेतको संयुक्त पहलमा यस नगरपालिका क्षेत्रमा २०६८ जेष्ठ २२ गते देखि कालो प्लाष्टिक झोला खरीद बिक्री तथा उपयोग सम्बन्धी कार्यमा निषेध गराउने र २०६८ साल श्रावण १ गतेदेखि कालो प्लाष्टिक झोला खरीद बिक्री तथा उपभोग सम्बन्धी कार्यमा पूर्ण रुपमा प्रतिबन्ध लगाउने सम्बन्धमा विभिन्न चरणमा भएको छलफलपश्चात प्रतिबन्ध लगाउने सम्बन्धमा भएको निर्णयलाई हार्दिकताका साथ समर्थन गर्दै सो सम्बन्धमा आगामी वातारण दिवसका दिन संयुक्त रुपमा घोषणा गर्ने निर्णय गरियो । साथै यस घोषणाको प्रभावकारी कार्यान्वयनका लागि समाज कल्याण शाखाबाट पेश भए बमोजिम कार्यालयका शहरी विकास अनुसन्धान तथा वातावरण महाशाखा प्रमुख श्री वि. के. महर्जनको संयोजकत्वमा १५ सदस्यीय अनुगमन समिति गठन गरी अनुगमन, रेखदेख तथा दण्ड जरिवाना लगायतका कार्य गर्न जिम्मेवारी दिनेगरी समिति गठनको प्रस्ताव पेश भए बमोजिम अनुमोदन गरियो ।

१४. यस नगर क्षेत्रमा संचालित शहरी स्वास्थ्य कार्यक्रम अन्तर्गत हे.न.पा. ८ स्थित वडा समिति कार्यालयको भवनमा निर्माण गर्न लागिएको शहरी स्वास्थ्य क्लिनीक भवनको लागि चालु आ.व. मा पूर्वाधार निर्माण तर्फ स्वास्थ्य सेवा विभागबाट प्राप्त हुने रु.७,७०,०००।- बजेटबाट निर्माण कार्य प्रारम्भ गर्न सम्बन्धित शाखाबाट पेश भएको टिप्पणी सम्बन्धमा छलफल गर्दा रु.१४,३२,८७६।९० ल.ई. बराबरको कार्य हाल विभागबाट प्राप्त हुने रकमबाट कार्य प्रारम्भ गर्ने र सो निर्माण कार्यका लागि वडा स्तरीय दलीय संयन्त्र समेतको सहमति एवं समन्वयमा भवन निर्माण समिति बनाई सो समितिबाट कार्य अघि बढाउने र न.पा. बाट पूर्व गठित क्लिनीक अनुगमन समितिबाट निर्माण सम्बन्धी कार्यको अनुगमन गराउने गरी योजना स्वीकृत गरियो ।

१५. नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको व्यवस्था नभएसम्मको लागि नगरपालिकाबाट सञ्चालन गरिने कार्यक्रम तथा आयोजनाका प्रस्तावहरु छनौट गरी नगरपालिकालाई सुझाव दिने प्रयोजनका लागि नगरपालिका अनुदान सञ्चालन कार्यविधि, २०६७ को भाग ४(१५) मा एकीकृत योजना तर्जुमा समितिको प्रावधान रहेको र यस नगरपालिकाको १६ औं नगरपरिषद्बाट स्वीकृत गरिने आ.व. २०६८।०६९ को नीति कार्यक्रम तथा बजेटको मस्यौदा तर्जुमाका लागि समिति समेत गठन भई कार्य प्रारम्भ भइसकेको हुंदा कार्यविधिले व्यवस्था गरे बमोजिमको ढांचा र प्रक्रिया अनुरुप बजेट तथा कार्यक्रम निर्माणको कार्य अघि बढाउन कार्यविधिमा तोकिए अनुसार देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

(क) नगरपालिकाको प्रमुख एवं कार्यकारी अधिकृत — संयोजक

(ख) नगरपालिकाको सर्वदलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका एक दल एक प्रतिनिधि — सदस्य

(ग) टोल विकास संस्था नगर समन्वय समितिले तोकी पठाएको महिला प्रतिनिधि (एक) — सदस्य

(घ) गै.स.स. महासंघ, मकवानपुर शाखाले छनौंट गरी पठाएको प्रतिनिधि (एक) — सदस्य

(ङ) नगर स्तरीय दलित समन्वय समितिले छनौंट गरी पठाएको दलित संस्थाको प्रतिनिधि (एक) — सदस्य

(च) अन्तर पार्टी महिला सञ्जाल, नगर समन्वय समितिले छनौंट गरी पठाएका महिला संस्थाका प्रतिनिधि (२ जना) — सदस्य

(छ) नगरक्षेत्रमा रहेका बाल क्लवहरुले आफूमध्येबाट छनौंट गरी पठाएका बाल प्रतिनिधि (१ जना) — सदस्य

(ज) नगर स्तरीय आदिबासी, जनजाति समन्वय समितिले छनौंट गरी पठाएका आदिबासी, जनजाति संस्थाका प्रतिनिधि (एक) — सदस्य

(झ) डा. मोतिउर रहमान, पशु चिकित्सक — सदस्य

(ञ) मकवानपुर उद्योग बाणिज्य संघको प्रतिनिधि (एक) — सदस्य

(ट) श्री हरिबहादुर महत, पूर्व नगर उपप्रमुख — सदस्य

(ठ) श्री भीमप्रसाद तिमल्सिना, प्रवन्धक सा.प्र.तथा सु.प्र महाशाखा — सदस्य सचिव

१७. यही २०६८ जेष्ठ १५-२० सम्म गणतन्त्र दिवस, २०६८ को सम्झनामा काठमाण्डौंमा आयोजना हुन गैरहेको अन्तर क्याम्पस स्तरीय स्ववियू काउन्सिल कप राष्ट्रिय भलिवल प्रतियोगिताका लागि आ.स.उपलब्ध गराइदिन स्वतन्त्र विद्यार्थी युनियन काउन्सिल नेपाल, केन्द्रीय कमिटिको मिति २०६८।१।१० को पत्रबाट अनुरोध भई आएकोमा रु.४,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१८. कार्यालयको मुल प्रबेशद्धारमा रहेको सुरक्षा पोष्ट निर्माणार्थ आवश्यक इटा सहयोगस्वरुप उपलब्ध गराइदिन क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल विकास क्षेत्र हेटौंडाको मिति २०६८।१।२१ को पत्रबाट अनुरोध भई आएकोमा १५०० थान इटा सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१९. सवारी साधन विग्रन गई गस्ती पेट्रोलिंग गर्न बाधा परेकोले सवारी साधन मर्मतका लागि सहयोग उपलब्ध गराइदिन जिल्ला प्रहरी कार्यालय, मकवानपुरको मिति २०६७।८।२६ को पत्रबाट अनुरोध भई आएकोमा सवारी साधन मर्मतका लागि रु.१०,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२०. कार्यालयको सवारी साधन मर्मतका आवश्यक सहयोग उपलब्ध गराइदिन वडा प्रहरी कार्यालय, मकवानपुरको मिति २०६८।२।५ को पत्रबाट अनुरोध भई आएकोमा सवारी साधन मर्मत (व्याट्री फेर्न) यस कार्यालयबाट रु.६,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

२१. हे.न.पा. ११ स्थित थानाभरेंगमा राजमार्ग सडकदेखि उत्तरतर्फ रहेको सार्वजनिक जग्गाको संरक्षण गरी सो क्षेत्रमा हरियाली पार्क विकास गर्ने यस न.पा. को पूर्व निर्णय अनुरुप ग्रेडर लगाई सम्याउने कार्य भएकोमा प्रथम चरणमा पार्क क्षेत्रलाई सुरक्षित बनाउन पर्खाल निर्माण गर्नुपर्ने देखिई सो का लागि पेश हुन आएको रु.२४,९५,७९२।७२ बराबरको ल.ई. सम्बन्धमा छलफल हुंदा पूर्व गठीत उपभोक्ता समितिमार्फत कार्य प्रारम्भ गर्न हाललाई रु.४,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

२२. यस नगरपालिकाको १५ औं नगरपरिषद्बाट स्वीकृत नगरपालिकाको संगठन संरचना एवं दरवन्दी अनुरुप पदस्थापन भई कार्य विवरण उपलब्ध गराई कार्य गराउने क्रममा केही असहजता महशुश भएको विषयमा कार्यालय प्रशासनले बैठकमा जानकारी गराएको सम्न्धमा छलफल हुंदा कार्यालयको आन्तरिक संरचनाभित्र आवश्यक छलफल गरी उपयुक्त निकास एवं प्रभावकारी विकल्पको प्रस्ताव न.पा. बोर्ड समक्ष पेश गर्न कार्यालय प्रशासनलाई जिम्मेवारी दिने निर्णय गरियो ।

२३. हे.न.पा. ६ चौघडा रक्षादेवी मार्गमा कंक्रिट स्ल्याव ढलान निर्माण गर्ने कार्य स्थानीय विकास मन्त्रालयको जगेडा कोष अनुदानबाट सञ्चालन गर्नेगरी योजना स्वकिृत भएकोमा सो योजना सञ्चालनका लागि सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता भई कार्यादेश समेत भैसकेकोले सो योजनामा जगेडा कोषबाट व्यहोरिने रकम ७० प्रतिशतले हुने प्रथम किस्ता बापत रु.२०,४०,६१८।- निकाशाका लागि स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

२४. यस नगरपालिकाको १६ औं नगर परिषद् बैठक आवश्यक तयारी नपुगेको कारण आगामी २०६८ आषाढ १५ गते दिनको १:०० बजे न.पा. सभाहलमा आयोजना गर्नेगरी पूर्व निर्धारित कार्यक्रम तालिका संशोधन गर्ने निर्णय गरियो ।

२५. जि.म., हटिया -१ स्थायी ठेगाना भई यस नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा सेवारत श्रीमती पदमा रिमालको गत २०६८ साल जेष्ठ ८ गते क्यान्सर रोगका कारण उपचारकै क्रममा दुखद निधन भएकोमा यस बैठक मृतक आत्माको चीरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनप्रति हार्दिक समबेदना प्रकट गर्दछ ।

आज मिति २०६८ साल आषाढ २ गतेका दिन दिनको ४:३० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिका कार्यालयको सभाकक्षमा बस्न निम्न उपस्थिति भई निम्नानुसार निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | अनु. |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णयहरु :

१. मन्दिरको नाममा दर्ता रहेको हेटौडा १० स्थित कि.नं.४४ को ज.वि.१-७-४ (एक विगाह सात कठ्ठा चार धुर) जग्गाको आर्थिक वर्ष २०६५।०६६ सम्मको भूमिकर तथा सो पश्चात लागू भएको एकीकृत सम्पत्तिकर मिनाहाका लागि भुटनदेवी मन्दिर संचालक समिति, हेटौडा १० बाट अनुरोध भई आएकोमा राजश्व प्रशासन शाखावाट सो सम्बन्धमा पेश भएको टिप्पणी सम्वन्धमा छलफल गर्दा भुटनदेवी मन्दिर लगायत नगर क्षेत्रभित्र दर्ता भई सञ्चालनमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा लगायतका धार्मिक संस्थाको हकमा आगामी नगर परिषद् बैठकबाट अनुमोदन गराउने गरी बक्यौता भूमिकर मिनाहा गरिदिने निर्णय गरियो ।

२. राजेश हाउजिंग एण्ड ल्याण्ड डेभ्लोप्मेन्ट प्रा.लि.द्धारा यस नगरपालिका वडा नं. ६ र ७ को सिमाना खहरेमा तटवन्धन गरी जग्गा विकास कार्य भैरहेको कारणबाट ६ नं. वडातर्फको बस्ती असुरक्षित भएको भनी स्थानीय बासिन्दाबाट काममा अवरोध गरी बस्ती संरक्षणका लागि भैरहेको माग र यस सम्बन्धमा सरोकारवाला पक्षहरुका बीचमा भैरहेको सहमति प्रयासका बारेमा बैठकमा जानकारी भयो । सो सम्वन्धमा आपसी सहमतिबाट समस्या समाधान गर्न सम्बन्धित पक्षहरुलाई अनुरोध गर्ने निर्णय भयो ।

३. हे.न.पा. ७ स्थित हरियाली टोल (सुकुम्बासी बस्ती) मा रहेको इनार मर्मत कार्यका लागि सम्बन्धित वडा समितिको सिफारिस सहित टोल विकास संस्थाबाट अनुरोध भई आएकोमा रु.१,०४,५१०।४६ ल.ई. बराबरको इनार पुनर्निर्माण कार्य स्थानीय उपभोक्ताको २० प्रतिशत (१० प्रतिशत नगद, १० प्रतिशत श्रमदान) लागत सहभागितामा योजना संचालन गर्नेगरी स्वीकृत गरियो ।

४. हेटौडा नगर क्षेत्रभित्र संचालनमा रहेका उद्योगहरुलाई नगरपालिकाको राजश्व परिचालनमा आवद्ध गराउने सन्दर्भमा मिति २०६८।२।१८ गते सरोकारवाला निकायहरुको सहभागितामा सम्पन्न *नगरपालिकाको राजश्व परिचालन, औद्योगिक क्षेत्र, संभावना र चुनौती* विषयक कार्यशालावाट प्राप्त सुझाव समेतका आधारमा सो सम्वन्धमा आवश्यक अध्ययन गरी सुझाव पेश गर्न नगरपालिकाका वित्तिय ब्यवस्थापन महाशाखा प्रमुख श्री शंकर प्रसाद उपाध्यायको संयोजकत्वमा नगरपालिकाका कानूनी सल्लाहकार श्री मुकुन्द अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधि र उद्योग संघ, हेटौंडाका प्रतिनिधि सदस्य, राजस्व प्रशासन शाखा प्रमुख सदस्य सचिव रहनेगरी एक कार्यदल गठन गर्ने सम्बन्धमा राजस्व प्रशासन शाखाबाट टिप्पणी पेश भएकोमा पेश भए बमोजिम स्वीकृत गरियो ।

५. यस नगरपालिकाको १६ औं नगर परिषद्को उद्घाटन सत्रका लागि प्रमुख अतिथिका रुपमा मकवानपुर जिल्ला क्षेत्र नं.३ वाट संविधान सभामा प्रतिनिधित्व गर्नुहुने माननीय संविधान सभा सदस्य श्री प्रल्हाद लामिछानेज्यूलाई आतिथ्यता ग्रहणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको मिति २०६८।१।२० को निर्णयानुसार नगर क्षेत्रका वडा नं.५, ६, ७ र ८ का विभिन्न शाखा सडकमा ग्रेभलिंग गराउंदा केही शाखा सडकमा ग्रेभल नपुग भएको भन्ने गुनासो आएकोमा ७ नं. वडाको छुट भएको स्थानमा स्थानीय दलीय संयन्त्रको समन्वयमा ग्रेभलिंग कार्य गराउन १ लोडर, ४ वटा ट्रिपर एक दिनका लागि उपलब्ध गराउने निर्णय गरियो ।

७. हे.न.पा. ७ स्थित देवीथानमा रहेको कुलो गत बर्षको वर्षादमा भत्कन गई स्थानीय क्षेत्रमा सिंचाइ गर्न समस्या परेकोले कुलो मर्मतका लागि आवश्यक सहयोग गरिदिन सम्बन्धित वडा कार्यालयको सिफारिस सहित स्थानीय बासिन्दाहरुबाट संयुक्त निवेदन मार्फत माग भई आएकोमा कुलो मर्मतका लागि २ ट्रिप फुटाएको ढुंगा उपलब्ध गराउने निर्णय गरियो ।

८. विभिन्न साना पूर्वाधार निर्माण कार्यका लागि भै आएका मागमा सम्बन्धमा आवश्यक निर्णयका लागि देहायका योजनाहरुको ल.ई. गर्न प्राविधिक शाखामा पठाउने निर्णय गरियो :

(क) बनस्खण्डी देवी सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा तटवन्धनका लागि जालीमा ढुंगा भर्ने कार्य,
(ख) कुष्माण्ड सरोवरमा पानी निकासका लागि ह्युम पाइप राख्ने कार्य,
(ग) रंगशाला खानेपानी टंकी निर्माणाधीन कालोपत्रे सडकमा पानी निकासका लागि ह्युमपाइप राख्ने कार्य,

९. पार्टीको केन्द्रीय कार्य समितिको निर्णयानुसार संविधान निर्माणका लागि जनदवाव सृजना गर्न आगामी जेष्ठ ११ गतेदेखि जनसंघर्ष कार्यक्रम अन्तर्गत संविधान सभा भवन घेराउ कार्यक्रम आयोजनार्थ आर्थिक सहयोग उपलब्ध गराइदिन रा.प्र.पा. नेपाल, मकवानपुरको मिति २०६८।२।८ को पत्रबाट अनुरोध भई आएकोमा रु.५,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

१०. हे.न.पा. २ र ५ नं. वडाको सिमाना खोल्सीमा कलभर्ट निर्माण कार्यका लागि माग भई आएकोमा रु.४,९९,८७९।५७ ल.ई. बराबरको सो कार्य बनाउने कार्य स्थानीय उपभोक्ताको २० प्रतिशत श्रमदान जुटाई संचालन गर्नेगरी योजना स्वीकृत गरियो ।

११. हे.न.पा. ५ स्थित सुगम पथमा सडक ढलान गर्ने कार्यका लागि माग भई आएकोमा रु.११,५८,३५८।८८ ल.ई. बराबरको सो कार्य स्थानीय उपभोक्ताको ४० प्रतिशत (३० प्रतिशत नगद १० प्रतिशत श्रमदान) लागत सहभागितामा उपभोक्ता समितिमार्फत संचालन गर्नेगरी योजना स्वीकृत गरियो ।

१२. हे.न.पा. ११ स्थित शहीद स्मारकबाट दमै खोल्सीतर्फ जाने बाटोमा कलभर्ट निर्माण कार्यका लागि माग भई आएकोमा रु.२,३०,०९०।११ ल.ई बराबरको सो कार्य स्थानीय उपभोक्ताको २० प्रतिशत श्रमदान जुटाई संचालन गर्नेगरी योजना स्वीकृत गरियो ।

१३ हे.न.पा. ८ स्थित भक्ति मार्गमा अधुरो कंक्रिट ढलान सडक निर्माण कार्य सम्पन्न गर्न माग भई आएकोमा रु.१०,३९,५५०।९९ ल.ई. बराबरको सो कार्य स्थानीय उपभोक्ताको ३० प्रतिशत (२० प्रतिशत नगद १० प्रतिशत श्रमदान) लागत सहभागितामा उपभोक्ता समिति मार्फत संचालन गर्नेगरी योजना स्वीकृत गरियो ।

१४. साप्ताहिकको आठौं वर्ष प्रवेशको अवसरमा विविध कार्यक्रम आयोजनार्थ आ.स. उपलब्ध गराइदिन निकास साप्ताहिक, हेटौंडाको मिति २०६८।१।३१ को पत्रबाट अनुरोध भई आएकोमा रु.२,५००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१५. हे.न.पा. ९ स्थित, धावा लामाको घरनजिकको खोल्चीमा ह्युमपाइप राख्नका लागि सहयोग माग भई आएकोमा प्राविधिक शाखाबाट पेश हुन आएको राय अनुसार ६००MM डायमिटरको, NP3 ४ थान ह्युमपाइप उपलब्ध गराउने निर्णय गरियो ।

१६. १६ औं नगर परिषद् बैठक आगामी आषाढ १९ गते दिनको ११:०० बजे न.पा. सभाहलमा बस्नेगरी मिति २०६८।२।२० को बोर्ड बैठकबाट भएको निर्णय संशोधन गर्ने निर्णय गरियो ।

आज मिति २०६८ साल आषाढ ६ गतेका दिन बिहान ७:०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिकाको सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | अनु. |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णय :

१. वसपार्कको तरकारी बजार व्यवस्थापन सम्बन्धमा बसपार्कको ६३ वटा स्टलमा तरकारी बजार निर्माणको क्रममा सारिएका व्यवसायीहरुमध्ये हाल निवेदन प्राप्त भएका २५ जना व्यवसायीहरुलाई अग्रिम सहमति अनुसार सार्ने र अन्य बांकी स्टलहरुमा पुराना तरकारी व्यवसायीहरुलाई ७ दिनको सूचना प्रकाशित गरी बसपार्क तरकारी बजारमा सार्न मौका दिने र सो अवधिसम्ममा पुराना विस्थापित व्यवसायीहरुले माग गर्न नआएमा टि.सी.एन. क्षेत्रमा बजारबाट सारिएका र खोप गल्लीमा रहेका व्यवसायीलाई प्राथमिकता दिई आवश्यक प्रक्रिया अपनाई सार्ने निर्णय गरियो । साथै, बजार क्षेत्रको विस्तार एवं उपभोक्ताहरुको दिन प्रतिदिन बढ्दो मागलाई ध्यान दिई तरकारी बजारको लागि थोक बिक्री स्टल निर्माणको लागि उपयुक्त जग्गाको खोजी व्यवसायीहरु समेतको पहलमा गर्ने समेत निर्णय गरियो । बसपार्कको तरकारी बजारको भाडादरको सम्बन्धमा UEIP बाट निर्धारण गरिएको भाडा दरमा १२ प्रतिशत थप गरी भाडा दर निर्धारण गरी २ वर्षको सम्झौता गर्ने निर्णय गरियो ।

२. हे.न.पा. ९ स्थित पुष्पपथ स्ल्याव ढलान गर्ने कार्यका लागि माग भई आएकोमा रु.६,३८,०५७।३९ ल.ई. बराबरको सो कार्य स्थानीय उपभोक्ताको ४० प्रतिशत (३० प्रतिशत नगद १० प्रतिशत श्रमदान) लागत सहभागितामा उपभोक्ता समितिमार्फत संचालन गर्नेगरी योजना स्वीकृत गरियो ।

३. हे.न.पा. ५ स्थित बुद्धपथमा ढल निर्माण गर्ने कार्यका लागि माग भई आएकोमा रु.४,०८,६१८।१३ ल.ई. बराबरको सो कार्य स्थानीय उपभोक्ताको ३० प्रतिशत (२० प्रतिशत नगद १० प्रतिशत श्रमदान) लागत सहभागितामा उपभोक्ता समितिमार्फत संचालन गर्नेगरी योजना स्वीकृत गरियो ।

आज मिति २०६८ साल आषाढ ११ गते यस नगरपालिकाको बोर्ड बैठक दिनको ३:०० बजे नगरपालिका सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

*उपस्थिति:*

श्री शंकर प्रसाद उपाध्याय — नि.कार्यकारी अधिकृत

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | अनु. |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | अनु. |

अन्य आमन्त्रित

| | |
|---|---|
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

१. यस नगरपालिकाको १६ औ नगर परिषदवाट स्वीकृत गरिने आ.व. २०६८।०६९ को लागि नीति कार्यक्रम तथा वजेट मस्यौदा तर्जुमा गर्न न.पा. वोर्डको मिति २०६८।१।१३ गते को वैठकवाट गठित **नीति कार्यक्रम तथा वजेट मस्यौदा तयारी समिति**द्वारा तयार गरिएको आगामी आर्थिक वर्ष २०६८।०६९ को नीति कार्यक्रम तथा वजेट मस्यौदा आजको वैठकमा पेश भयो । अथक मेहनत र लगनशिलताका साथ मस्यौदा तयार गरी समयमै जिम्मेवारी सम्पादन गरेकोमा समितिलाई आजको वैठक धन्यवाद ज्ञापन गर्दछ ।

२. आगामी आर्थिक वर्ष २०६८।०६९ का लागि प्रस्तावित कर दस्तुर, शुल्क समाविष्ट राजश्व अनुमान र कर दरवन्दीका विषयमा वैठकमा छलफल भयो ।

आज मिति २०६८ साल आषाढ १२ गते विहान ७:०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिकाको सभाकक्षमा बस्न निम्न अनुसार उपस्थित भई निम्न निर्णय गरियो ।

*उपस्थिति:*

श्री भरतबहादुर ढुंगाना — प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | अनु. |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | |

| | |
|---|---|
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

<u>अन्य आमन्त्रित</u>

| | |
|---|---|
| श्री शंकर प्रसाद उपाध्याय | संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री सत्यनारायण साह | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भोजमान श्रेष्ठ | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री मनोज सुवेदी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भानुभक्त थपलिया | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री हिम प्रसाद पौडेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

१. यस नगरपालिकाको १६ औ नगर परिषदवाट पारित गरिने आगामी आ.व.२०६८।०६९ को मस्यौदा नीति कार्यक्रम तथा वजेट सम्वन्धी छलफलमा आजको वैठकमा वार्षिक आय अनुमानको सम्वन्धमा छलफल भयो ।

२. यस नगरपालिकाको आर्थिक वर्ष २०६७ को स्वीकृत योजना अन्तर्गत स्थानीय विकास शुल्क जगेडा कोष संचालन कार्यविधि, २०६६ वमोजिम लागत सहभागितामा आ.व.२०६७।०६८ मा संचालन भएका योजनाहरु मध्ये तपसील वमोजिमका योजनाहरु निर्माण सम्पन्न भै फरफारक समेत गरी सकेकोले जगेडा कोषवाट व्यहोरिने रकम मध्ये वांकी ३० (तीस) प्रतिशतले हुने रकम निकासाको लागि स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| १. सडक कालोपत्रे वडा नं.४ मित्र नगर | रु.४,८६,०१७।६२ |
| २. सडक कालोपत्रे वडा नं.४ विरेन्द्रनगर पशुपति मन्दिर | रु.६,५०,७००।०० |
| ३. सडक कालोपत्रे वडा नं.८ मदनपथ | रु.४,६३,१३७।३२ |
| ४. सडक कालोपत्रे वडा नं.७ र ८ कर्णावती | रु.६,५०,१००।०० |

३. हे.न.पा.२ स्थित वनस्खण्डी क्षेत्रमा वस्ती वचाउ कार्यका लागि जिल्ला भू संरक्षण कार्यालयवाट तारजाली उपलब्ध भएकोले सो तारजालीमा भर्ने ढुंगा उपलब्ध गराई दिन श्री वनस्खण्डी देवी सामुदायिक वन उपभोक्ता समुह, हेटौडा २ वाट माग भई आएकोमा उक्त कार्यका लागि ल.ई रु.७९,२००।०० वरावरको १८ ट्रिप ढुंगा उपलब्ध गराउने निर्णय गरियो ।

आज मिति २०६८ साल आषाढ १२ गते यस नगरपालिकाको बोर्ड बैठक दिनको ३.०० बजे नगरपालिकाको सभाकक्षमा बस्न निम्नानुसार उपस्थित भई निम्न निर्णय गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री भरतबहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

<u>आमन्त्रित</u>

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |

श्री श्यामकृष्ण भुजेल प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा प्रतिनिधि, रा.प्र.पा. नेपाल

अन्य आमन्त्रित

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री कृष्णबहादुर अधिकारी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री ध्रुवबहादुर भुजेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भोजमान श्रेष्ठ | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री मनोजकुमार सुवेदी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भानुभक्त थपलिया | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री हिम प्रसाद पौडेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

१. यस नगरपालिकाको १६ औ नगर परिषदवाट पारित गरिने आगामी आ.व.२०६८।०६९ को मस्यौदा नीति कार्यक्रम तथा वजेट सम्वन्धी छलफलमा आजको वैठकमा वार्षिक ब्यय अनुमान, चालु खर्च, यसैगरी पुंजीगत खर्च जसमा पुर्वाधार र प्रवर्धनात्मक योजनाहरुको योजनागत रुपमा छलफल भयो ।

२. नेपाल सरकार सचिव स्तरको मिति २०६७।०७।१५ गतेको निर्णयवाट निजामती सेवाको कर्मचारीहरुलाई पोशाक सुविधा उपलब्ध गराइसकिएको र स्थानीय निकायका कर्मचारीहरुलाई पनि निजामती सेवालाई आधार मानी सेवा सुविधा उपलब्ध गराउदै आएको सन्दर्भमा नेपाल नगरपालिका कर्मचारी एशोसियसन इकाई समित हेटौडाद्धारा मिति २०६८।०१।०५ गते पेश गरेको पत्र तथा कार्यालयको सुशासन प्रवर्धन समितिको मिति २०६८।०३।०७ गतेको बैठक निर्णय सहित प्रशासन शाखावाट पेश हुन आएको टिप्पणी समेतको आधारमा चालु आ.व. वाट विगतमा खाइपाई आएको सवै तहका कर्मचारीहरुको पोशाक सुविधामा पेश भए बमोजिम समायोजन गरी पोशाक सुविधा उपलब्ध गराउने सम्बन्धमा मिति २०६८।३।७ मा भएको निर्णय अनुमोदन गरियो ।

आज मिति २०६८ साल आषाढ १३ गते विहान ७.०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिकाको सभाकक्षमा बस्न निम्नानुसार उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थिति:

श्री भरत वहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल अनु. |

अन्य आमन्त्रित

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

| | |
|---|---|
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री ध्रुव वहादुर भुजेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री सत्यनारायण साह | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री हिम प्रसाद पौडेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

१. यस नगरपालिकाको १६ औ नगर परिषदवाट पारित गरिने आगामी आ.व.२०६८।०६९ को मस्यौदा नीति कार्यक्रम तथा वजेट सम्वन्धी छलफलमा आजको वैठकमा लक्षित वर्ग अन्तर्गत प्रस्तावित कार्यक्रमहरुको सम्वन्धमा योजनागत रुपमा छलफल भयो ।

आज मिति २०६८ साल आषाढ १३ गते दिनको ४:३० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिका सभाकक्षमा बस्न निम्नानुसार उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थितिः

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | नि. कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

**अन्य आमन्त्रित**

| | |
|---|---|
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री कृष्ण वहादुर अधिकारी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री ध्रुव वहादुर भुजेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री सत्यनारायण साह | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री मनोजकुमार सुवेदी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री जगन्नाथ सापकोटा | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भानुभक्त थपलिया | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री हिम प्रसाद पौडेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

१. यस नगरपालिकाको १६ औ नगर परिषदवाट पारित गरिने आगामी आ.व.२०६८।०६९ को मस्यौदा नीति कार्यक्रम तथा वजेट सम्वन्धी छलफलमा आजको वैठकमा लक्षित वर्ग अन्तर्गत प्रस्तावित कार्यक्रमहरुको सम्वन्धमा योजनागत रुपमा छलफल भयो ।

आज मिति २०६८ साल आषाढ १४ गते विहान ७:०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिका सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थितिः

श्री शंकरप्रसाद उपाध्याय    नि. कार्यकारी अधिकृत

आमन्त्रित
श्री डि.बि. थापा    प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी
श्री ईश्वरलाल श्रेष्ठ    प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ    प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी    प्रतिनिधि, ने.क.पा. माले
श्री रबिन्द्रकुमार अधिकारी    प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल    प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल    प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा    प्रतिनिधि, रा.प्र.पा. नेपाल

अन्य आमन्त्रित
श्री वि.के.महर्जन    सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री भीमप्रसाद तिमल्सिना    सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री कृष्ण वहादुर अधिकारी    सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री सत्यनारायण साह    सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री गंगा चौलागाई    सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री हिम प्रसाद पौडेल    सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति

निर्णय :

(१) आजको बैठकमा मस्यौदा बजेट तथा कार्यक्रम अन्तर्गत प्रस्तावित प्रवर्धनात्मक कार्यक्रमहरुको बारेमा योजनागत छलफल गरियो ।

आज मिति २०६८ साल आषाढ १४ गते दिनको ५:०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिका सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निम्न निर्णय गरियो ।

*उपस्थितिः*

श्री शंकरप्रसाद उपाध्याय    नि. कार्यकारी अधिकृत

आमन्त्रित
श्री डि.बि. थापा    प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी
श्री ईश्वरलाल श्रेष्ठ    प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ    प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी    प्रतिनिधि, ने.क.पा. माले
श्री रबिन्द्रकुमार अधिकारी    प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल    प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल    प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा    प्रतिनिधि, रा.प्र.पा. नेपाल

अन्य आमन्त्रित
श्री वि.के.महर्जन    सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री भीमप्रसाद तिमल्सिना    सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति

| | |
|---|---|
| श्री ध्रुव वहादुर भुजेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री हिम प्रसाद पौडेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

(१) आजको बैठकमा आगामी आ.व. २०६८।०६९ का लागि प्रस्तावित बजेट तथा कार्यक्रम अन्तर्गत प्रवर्धनात्मक तर्फको छलफल गर्न बांकी योजनाहरुको योजनागत छलफल गरियो ।

आज मिति २०६८ साल आषाढ १५ गते दिनको ४:०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिका सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थितिः

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | नि. कार्यकारी अधिकृत |

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

अन्य आमन्त्रित

| | |
|---|---|
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री मनोजकुमार सुवेदी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री हिम प्रसाद पौडेल | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

(१) आजको बैठकमा योजनागत छलफलको बांकी खण्ड उपर बिस्तृत रुपमा छलफल गरियो ।

(२) नगरपालिकाको आगामी आ.व. २०६८।०६९ को बार्षिक नीति तथा कार्यक्रमको मस्यौदा उपर विभिन्न मितिमा भएका छलफल समेतका आधारमा मस्यौदा उपर गरिएका संशोधन एवं सामान्य परिमार्जन समेत समेटी तयार भएको मस्यौदा (परिस्कृत) थप छलफलका लागि भोलि बस्ने एकीकृत योजना तर्जुमा समितिको बैठकमा पेश गर्ने निर्णय गरियो ।

(३) स्थानीय विकास मन्त्रालयको थप स्थानीय विकास शुल्क अनुदान अन्तर्गत संचालित कार्यालय भवन तथा आवास गृह निर्माण कार्य सम्पन्न भएकोले सो योजनाको अन्तिम किस्ता मध्येको निकाशा हुन बांकी रकम रु.२९,००,०००।- मन्त्रालयसंग माग गर्ने निर्णय भयो ।

आज मिति २०६८ साल आषाढ १६ गते यस नगरपालिकाको बोर्ड बैठक दिनको ५:३० बजे नगरपालिकाको सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थितिः

श्री भरत वहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

<u>आमन्त्रित</u>

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

<u>अन्य आमन्त्रित</u>

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री सत्यनारायण साह | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री मनोजकुमार सुवेदी | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

(१) आज सम्पन्न एकीकृत योजना तर्जुमा समितिको बैठकमा समितिका सदस्यहरुबाट उठाइएका महत्वपूर्ण सुझावहरुलाई श्रोत साधनले भ्याएसम्म समेटी मस्यौदालाई अन्तिम रुप दिन र निर्णयार्थ छलफलका लागि नीति कार्यक्रम तथा बजेटको पूर्ण मस्यौदा नगरपालिका बोर्ड समक्ष पेश गर्न नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृतज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

(२) आर्थिक अवस्था कमजोर भएकोले उच्च शिक्षा अध्ययनलाई निरन्तरता दिन कठिनाई भएकोले आर्थिक सहयोग उपलब्ध गराइदिन हेटौंडा २ बस्ने चेतप्रसाद पौडेलले मिति २०६८।३।१० मा पेश गर्नुभएको निवेदन सम्बन्धमा शैक्षिक सहयोग बापत रु.५,०००।- आ.स. उपलब्ध गराउने निर्णय गरियो ।

(३) नागरिक दैनिक पत्रिकामा प्रकाशित समबेदना विज्ञापनको भुक्तानी उपलब्ध गराइदिन National Media Service, काठमाण्डौंको मिति २०६७।९।४ को पत्रबाट भुक्तानी माग भई आएकोमा रु.५,०००।- भुक्तानी गरिदिने निर्णय गरियो ।

(४) यस नगरपालिका कार्यालयको पुरानो कार्यालय भवन र बारुण यन्त्र कर्मचारीहरुको आवास गृह भत्काउंदा निस्केका काठ, जस्ता, इटा लगायतका निर्माण सामग्रीको स्थलगत रुपमा अवस्था बुझी सामग्रीको विवरण पेश गर्न कार्यालयका प्रशासन महाशाखा प्रवन्धक श्री भीमप्रसाद तिमल्सिनाको संयोजकत्वमा ई. सत्यनारायण साह, शाखा अधिकृत जगन्नाथ सापकोटा र नगर प्रहरी इन्चार्ज केन्द्र गोविन्द जोशी सदस्य रहेको कार्यदल गठन गर्ने निर्णय गरियो ।

आज मिति २०६८ साल आषाढ १७ गतेका दिन दिनको ३:०० बजे यस नगरपालिकाको बोर्ड बैठक नगरपालिकाको सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थितिः

श्री भरत वहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

<u>आमन्त्रित</u>

श्री डि.बि. थापा	प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी
श्री ईश्वरलाल श्रेष्ठ	प्रतिनिधि, ने.का.
श्री गोपालबहादुर श्रेष्ठ	प्रतिनिधि, ने.क.पा. एमाले
श्री उपेन्द्र अधिकारी	प्रतिनिधि, ने.क.पा. माले
श्री रबिन्द्रकुमार अधिकारी	प्रतिनिधि, रा.प्र.पा.
श्री प्रकाशचन्द्र अर्याल	प्रतिनिधि, राष्ट्रिय जनमोर्चा
श्री श्यामकृष्ण भुजेल	प्रतिनिधि, ने.क.पा. एकीकृत
श्री गुरुप्रसाद सापकोटा	प्रतिनिधि, रा.प्र.पा. नेपाल

अन्य आमन्त्रित
श्री शंकरप्रसाद उपाध्याय	संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री वि.के.महर्जन	सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री भीमप्रसाद तिमल्सिना	सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति
श्री गंगा चौलागाई	सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति

निर्णय :

(१) कल डे स्याक र राष्ट्रिय भवन संहिताको कार्यान्वयनका क्रममा देखा परेका जटिल पक्षको विषयमा केन्द्रीत रही आवश्यक सुधारका लागि अध्ययन गरी सुझाव पेश गर्न मिति २०६७।१२।२३ को न.पा. बोर्ड बैठकबाट गठीत अध्ययन कार्यदलको प्रतिबेदन आजको बैठकमा प्रस्तुत भई सो सम्बन्धमा छलफल भयो र सो प्रतिवेदनका आधारमा थप निर्णय गर्न अर्को बैठकमा विस्तृत रुपमा छलफल गर्ने निर्णय गरियो ।

(२) स्थानीय विकास मन्त्रालयको जगेडा कोष योजना अन्तर्गत संचालित देहायका योजनाहरुको कार्य सम्पन्न भई योजना फरफारक समेत भैसकेकोले सो योजनाका मन्त्रालयबाट व्योहोरिने लागतको बांकी ३० प्रतिशत रकम माग गर्ने निर्णय गरियो ।

देहाय :
(ग) रक्षादेवी मार्ग स्ल्याव ढलान कार्य, हे.न.पा. ६
(क) कुष्माण्ड सरोवर त्रिवेणीधाम भौतिक पूर्वाधर निर्माण कार्य, हे.न.पा. ९
(ख) शहीद स्तम्भ, चमेना गृह, ड्रेन तथा फुटपाथ निर्माण कार्य, हे.न.पा. ११

(३) स्थानीय विकास मन्त्रालयको थप स्थानीय विकास शुल्क अनुदान अन्तर्गत संचालित कार्यालय भवन तथा आवास गृह निर्माण कार्य सम्पन्न भएकोले सो योजनाको अन्तिम किस्ता मध्येको निकाशा हुन बांकी रकम रु.२९,००,०००।- स्थानीय विकास मन्त्रालयसंग माग गर्ने निर्णय भयो ।

(४) चालु आ.व. २०६७०६८ मा यस नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP) अन्तर्गत संचालित योजनाहरुको सन्दर्भमा तपसील बमोजिम गर्ने निर्णय गरियो ।

तपसील :
(क) लक्षित वर्ग कार्यक्रम तर्फ विद्यालय तथा विभिन्न संघसंस्थाहरुको भौतिक पूर्वाधार निर्माणका लागि नगरपालिकको तर्फबाट उपलब्ध गराइएको पूंजीगत अनुदानको हकमा सम्बन्धित संस्था र न.पा. को लागत सहभागिताबाट मात्र सम्पन्न गर्न नसकिने प्रकृतिका योजना भएकोले ती योजनाका लागि न.पा. बाट उपलब्ध गराइएको अनुदान रकम र २० प्रतिशत थप जनश्रमदान मूल्यांकन भएको अवस्थामा बील भपाई र मूल्यांकनका आधारमा योजनाका लागि न.पा. बाट छुट्टिएको रकम उपलब्ध गराई हिसाव फरफारक गरिदिने ।

(ख) चालु आ.व. २०६७०६८ मा यस नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP) अन्तर्गत चालु खर्च तर्फका कार्यक्रममा निकाशा रोक्का भएको सन्दर्भमा स्वीकृत तथा सम्झौता भईसकेका चालु खर्च शीर्षक अन्तर्गतका योजना तथा कार्यक्रमहरुको हकमा LGCDP तर्फको खर्च नभै बचत रहेको अन्य शीर्षकबाट खर्च भुक्तानी दिने ।

(ग) चालु आ.व. २०६७०६८ मा यस नगरपालिकामा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP) तर्फ पूंजीगत अनुदान अन्तर्गत संचालित केही योजनाहरुमा काम थपका लागि माग भई आएकोमा सो का लागि प्राविधिक शाखाबाट पेश हुन आएको संशोधन ल.ई. बमोजिम केही लागत बढ्न जाने देखिएकोले

देहायका योजनाहरुमा योजना सम्झौता गर्दाकै लागत सहभागिता अनुपातको आधारमा देहाय बमोजिम थप रकम LGCDP तर्फको खर्च नभै बचत रहेको अन्य शीर्षकबाट खर्च भुक्तानी दिने ।

देहाय :

| योजनाको नाम | थप कार्यको ल.ई. रु. | न.पा. ले व्यहोर्नुपर्ने थप रकम रु. |
|---|---|---|
| (क) जागरणपथ सडक कालोपत्रे हेटौंडा-७ | २,०३,२१६।०० | १,४२,२५१।०० |
| (ख) कंक्रिट सडक र ढल निर्माण हेटौंडा-१, वडा समिति मार्ग | १,५२,२७०।२६ | १,०६,५८९।१८ |
| (ग) पानीटंकी रोड कालोपत्रे हेटौंडा-६, (ह्युमपाइप र थप ढल समेत) | ३,८५,६६८।२६ | २,६९,९६७।६४ |
| (घ) कंक्रिट सडक निर्माण हेटौंडा-१० (ल.ई. गर्दा भएको प्राविधिक त्रुटी र मूल्यांकनलाई समायोजन गर्दा) | - | १३,७०८।७४ |
| (ङ) कंक्रिट सडक निर्माण हेटौंडा-९, धर्मपथ | १,१५,९८६।७७ | ६९,५९३।- |
| (च) मसानघाट निर्माण हेटौंडा-९ | नियमानुसार डस्टको थप भुक्तानी दिने । | |

(५) हे.न.पा. ९ स्थित चौधघरे बस्तीको हाल प्रचलनमा रहेको नाम समयानुकूल नभएकोले परिवर्तनका लागि स्थानीय टोल विकास संस्था, टोलवासी एवं वडा दलीय संयन्त्र सहितको बृहत भेलाबाट सर्वसम्मत रुपमा पारित निर्णय बमोजिम सो बस्तीको नाम त्रिवेणीनगर कायम गर्न श्री त्रिवेणी टोल विकास संस्था, हेटौंडा-९ को मिति २०६८।३।१४ को पत्रबाट अनुरोध भई आएकोमा माग बमोजिम नाम कायमका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

(६) हे.न.पा. ५ पिप्लेकुनाबाट मक्रान्चुली जाने पिप्ले-कुर्ले सडक बंक्रिट ढलान गर्ने कार्य स्थानीय उपभोक्ता समितिबाट ४० प्रतिशत (३० प्रतिशत नगद १० प्रतिशत श्रमदान) लागत सहभागितामा सञ्चालन गर्नेगरी स्वीकृत भई योजना संचालन गर्ने क्रममा उक्त योजनामा स्थानीय उपभोक्ताबाट पर्याप्त जनश्रमदान जुट्न नसकेको हुंदा लागत सहभागिता बापतको रकममा केही कम गरिदिन सम्बन्धित उपभोक्ता समितिबाट अनुरोध भई आएकोमा उक्त योजनामा ३० प्रतिशत (२० प्रतिशत नगद र १० प्रतिशत) मात्र लागत सहभागिता कायम गर्ने गरी नपुग लागत सहभागिता न.पा. बाट थप व्यहोर्ने निर्णय गरियो ।

आज मिति २०६८ साल आषाढ १८ गते यस नगरपालिकाको बोर्ड बैठक बिहान ८:०० बजे नगरपालिका सभाकक्षमा बस्न निम्न अनुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थितिः

श्री भरत वहादुर ढुंगाना — प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

श्री डि.बि. थापा — प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी

| | |
|---|---|
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

अन्य आमन्त्रित

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

(१) आजको बैठकमा आगामी आ.व. २०६८।०६९ का लागि प्रस्तावित नीति तथा कार्यक्रमको बारेमा विस्तृत रुपमा छलफल भयो । साथै नगर परिषद्मा छलफलका लागि पेश गरिने सम्पूर्ण प्रस्तावहरुको बारेमा छलफल गर्न आज दिनको ४:०० बजे अर्को बैठक बस्ने निर्णय गरियो ।

आज मिति २०६८ साल आषाढ १८ गते दिनको ४:०० यस नगरपालिकाको बोर्ड बैठक नगरपालिका सभाकक्षमा बस्न निम्नानुसारको उपस्थिति भई निम्न निर्णय गरियो ।

उपस्थिति:

श्री भरत वहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | |
|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल |

अन्य आमन्त्रित

| | |
|---|---|
| श्री शंकरप्रसाद उपाध्याय | संयोजक नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री वि.के.महर्जन | सह संयोजक, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री भीमप्रसाद तिमल्सिना | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |
| श्री गंगा चौलागाई | सदस्य, नीति कार्यक्रम तथा वजेट मस्यौदा समिति |

निर्णय :

१. चालु आर्थिक वर्ष २०६७।०६८ को संशोधित आय तथा व्यय अनुमान रु.३२,५५,७३,६२४।९२ आगामी नगर परिषद् बैठकमा स्वीकृतिका लागि पेश गर्नेगरी समर्थन गरियो ।

२. यस नगरपालिकाको आ.व. २०६८।०६९ को नीति कार्यक्रम तथा बजेट तर्जुमाका लागि गठित बजेट मस्यौदा तर्जुमा समितिबाट तयार भै पेश हुनआएको नीति, कार्यक्रम तथा बजेट र नगर स्तरीय राजस्व परामर्श समितिको बैठकबाट सुझावसहित पेश हुन आएको राजस्व प्रक्षेपण तथा कर दरवन्दी सम्बन्धी प्रस्ताव उपर विभिन्न मितिमा बसेको सर्वदलीय संयन्त्रको बैठक र एकीकृत योजना तर्जुमा समितिको बैठकबाट प्राप्त सुझावहरु समेत समेटी तयार भएको अनुमानित रु.२५,२५,८१,०००।- बराबरको आय व्यय बजेट अनुमान, नीति तथा कार्यक्रम र करका दर सम्बन्धी प्रस्ताव आगामी नगर परिषद् बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय भयो ।

३. यस नगरपालिकामा संचालित आयोजनाहरुको जांचपास तथा फरफारक गर्ने प्रयोजनका लागि नगरपालिकाबाट गठीत योजना जांचपास तथा फरफारक समितिबाट नगरपालिका बोर्डको अधिकार प्रयोग गरी जांचपास तथा फरफारक गरिएका योजनाहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १२३ (घ) तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १३८(४) मा भएको व्यवस्था बमोजिम अनुमोदनका लागि आगामी नगर परिषद् बैठकमा पेश गर्ने निर्णय भयो । साथै नगरपालिका बोर्डको अधिकार प्रयोग गरी विभिन्न संघ-संस्थाहरुलाई उपलब्ध गराइएको नगद अनुदान तथा जिन्सी सहयोग समेत अनुमोदनका लागि नगर परिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

४. यस नगरपालिकाको आ.व.२०६६।०६७ को नगरपालिकाको आन्तरिक कोष, शहरी तथा वातावरणीय सुधार परियोजना, शहरी वातावरणका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम (PPPUE) तथा गांउ नगर साझेदारी विकास कोष तर्फको अन्तिम लेखा परीक्षण भई लेखा परीक्षकबाट प्राप्त प्रतिवेदन उपर बिस्तृत छलफल गरियो । उक्त प्रतिबेदनमा औल्याइएका- पेश्की फछ्र्यौट समयमै गर्नुपर्ने, पूराना पेश्की फछ्र्यौटका लागि विशेष ध्यान दिनुपर्ने, जिन्सी व्यवस्थापन तथा अभिलेखनलाई थप व्यवस्थित गर्नुपर्ने, कार्यक्रममा गरिएको लगानीको आधारमा प्रभावकारिता मापन गरिनुपर्ने जस्ता सुझावहरु क्रमशः कार्यान्वयन गर्नेगरी लेखा परीक्षण प्रतिबेदन अनुमोदनका लागि आगामी नगर परिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

५. यस नगरपालिकामा गठीत पदपूर्ति समितिको तर्फबाट पेश हुन आएको चालु आ.व. २०६७।०६८ को हालसम्मको कार्य प्रगति समाविष्ट प्रतिबेदन अनुमोदनका लागि नगर परिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

६. यस नगरपालिकाको प्रकोप व्यवस्थापन योजना (Disaster Management Plan) तयार भई आएकोमा उक्त योजना स्वीकृतिका लागि नगर परिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

७. यस कार्यालयका कर्मचारी श्री हिमप्रसाद पौडेल नेपाल नगरपालिका कर्मचारी एशोसिएशनको चौथो केन्द्रीय अधिवेशनबाट एशोसिएशनको केन्द्रीय अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भई यस नगरपालिकाकै प्रतिष्ठा अभिबृद्धि हुन गएकोमा उहांको सफल कार्यकालको शुभकामना सहित १६ औं नगर परिषद्को अवसरमा उहांलाई प्रशंशा पत्र प्रदान गर्ने निर्णय गरियो ।

८. नगरपरिषद्को सन्दर्भमा देहाय बमोजिमका कर्मचारी, करदाता, उपभोक्ता समिति तथा संघसंस्था एवं व्यक्तिहरुलाई देहाय बमोजिम पुरस्कृत तथा सम्मान गर्ने निर्णय गरियो :

देहाय :

(क) कर्मचारी प्रोत्साहन पुरस्कार :

| | |
|---|---|
| (१) श्री भुपेन्द्र पौडेल, वरिष्ट सहायक | नगद रु.१,५०१।- र २ तलव बृद्धि |
| (२) श्री रामलाल थिंग, कार्यालय सहायक | नगद रु.१,५०१।- र २ तलव बृद्धि |
| (३) श्री सुनिता पौडेल, कार्यालय सहायक | नगद रु.१,५०१।- र २ तलव बृद्धि |
| (४) श्री केशव देवकोटा, कार्यालय सहायक | नगद रु.१,५०१।- र २ तलव बृद्धि |

(५) श्री गोमा सुवेदी, कार्यालय सहायक नगद रु.१,५०१।- र २ तलव बृद्धि

(६) श्री निर्मला लामिछाने, कार्यालय सहायक नगद रु.१,५०१।- र २ तलव बृद्धि

(७) श्री सुस्मिता महत, कार्यालय सहायक नगद रु.१,५०१।- र २ तलव बृद्धि

(८) श्री नानीमाया चापागाई नगद रु.१,५०१।- र २ तलव बृद्धि

(९) श्री विजयालक्ष्मी शर्मा नगद रु.१,५०१।- र २ तलव बृद्धि

(१०) श्री बिनोद राई, भारी सवारी चालक नगद रु.३००१।-

(११) श्री सन्तबहादुर देउला, भारी सवारी चालक नगद रु.३००१।-

(१२) श्री सोमबहादुर पुजारी, बारुणयन्त्र हवल्दार नगद रु.३००१।-

(१३) श्री अर्जुनप्रसाद सापकोटा, नगर प्रहरी हवल्दार नगद रु.३००१।-

(१४) श्री बद्री दर्लामी मगर, सहायक इलेक्ट्रिसीयन नगद रु.१,५०१।- र २ तलव बृद्धि

(१५) श्री सीता स्यांगतान, कार्यालय सहयोगी नगद रु.३००१।-

(१६) श्री भक्तबहादुर फुयाल, कार्यालय सहयोगीनगद रु.३००१।-

(१७) श्रीमती लक्ष्मी रेग्मी, कार्यालय सहयोगी नगद रु.३००१।-

(१८) श्री रामकृष्ण पोडे, सफाई कर्मचारी नगद रु.३००१।-

(१९) श्रीमती कान्छी देउला, सफाई कर्मचारी नगद रु.३००१।-

(ख) उत्कृष्ट करदाता सम्मान : (सम्मान पत्रबाट सम्मान गर्ने)

(१) संस्थागत : नेपाल टेलिकम

(२) व्यक्तिगत : श्री गणेश थापा, हेटौंडा-४

(ग) उत्कृष्ट उपभोक्ता समिति सम्मान : (सम्मान पत्रबाट सम्मान गर्ने)

कर्णावती कालोपत्रे सडक निर्माण उपभोक्ता समिति, हेटौंडा ७ र ८

(घ) उत्कृष्ट टोल विकास संस्था : (प्रसंशा पत्रबाट सम्मान गर्ने )

पशुपति टोल विकास संस्था, हेटौंडा-९

(ङ) नगरपालिकाको प्रतिक चिन्ह लोगो डिजाइनर : (नगद रु.१०,००१।-सहित प्रशंशा पत्र)

श्री चन्दनध्वज राना

(च) मरणोपरान्त सम्मान : (नगद रु.१०,००१।- सहित सम्मान पत्र )

स्व. पदमा रिमाल (महिला स्वास्थ्य स्वयंसेविका) :

(ज) बासुदेव स्मृति पुरस्कार (२०६६ सालको एस.एल.सी. नतिजाको आधारमा सामुदायिक विद्यालय तर्फको उत्कृष्ट विद्यालय, छात्र छात्रा )

विद्यालय तर्फ :

(१) श्री आधुनिक राष्ट्रिय माध्यमिक बिद्यालय, हेटौंडा-४ (नगद रु. ३५,००१।- र प्रमाणपत्र)

(२) श्री प्रगति उच्च माध्यमिक बिद्यालय, हेटौंडा-९ (नगद रु. २५,००१।- र प्रमाणपत्र)

(३) श्री श्रमिक माध्यमिक बिद्यालय, हेटौंडा-४ (नगद रु. १५,००१।- र प्रमाणपत्र)

विद्यार्थी तर्फ : (जनही नगद रु.१०,००१।- र प्रमाण पत्र)

(१) श्री आशिष अधिकारी, श्री प्रगति उ.मा.बि. (प्राप्तांक प्रतिशत ८८.५ )

(२) सुश्री सृष्टि पुडासैनी, श्री बालज्योति मा.बि. (प्राप्तांक प्रतिशत ८४.८७ )

९. नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि, २०६५ (MCPM) बमोजिम हालै विषय विज्ञ सम्मिलित नियमित मूल्यांकन टोली र Quality Assurance Team बाट भएको यस नगरपालिकाको आ.व. २०६६।०६७ को मूल्यांकन कार्य भएकोमा मूल्यांकनका क्रममा देखाइएका कमी कमजोरी तथा दिइएका सुझावहरु क्रमशः कार्यान्वयन गर्ने निर्णय भयो ।

१०. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा व्यवस्था भए बमोजिम यस नगरपालिका कार्यालयको खरीद एकाईबाट तयार भई पेश हुन आएको आगामी आ.व. २०६८।०६९ को बार्षिक खरीद योजना स्वीकृतिका लागि नगरपरिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

११. यस नगरपालिकाले चालु आ.व. मा गर्नुपर्ने सार्वजनिक सुनुवाईको कार्यक्रमका लागि नगरपालिका बोर्डबाट विभिन्न मितिमा निर्णय भई विविध कारणबश स्थगित हुँदै आएकोमा सो कार्यक्रम आगामी आषाढ ३० गते १ नं. वडाको श्री अमर नि.मा.बि. को सभाहलमा र आषाढ ३१ गते ५ नं. वडा स्थित श्री बालज्योति मा.वि. को प्रांगणमा आयोजना गर्ने निर्णय गरियो । र साथै आवश्यक तयारीका कार्य गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

१२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१४ मा व्यवस्था भए बमोजिम यस कार्यालयको आ.व. २०६६।०६७ को जिन्सी निरीक्षणका लागि न.पा. बाट गठीत जिन्सी निरीक्षण समितिबाट पेश हुन आएको जिन्सी निरीक्षण प्रतिबेदन अनुमोदनका लागि नगरपरिषद् बैठकमा पेश गर्ने निर्णय भयो ।

१३. यस नगरपालिकाको १५ औं नगर परिषद् बैठकबाट स्वीकृत नगरपालिकाको संगठन संरचना स्वीकृति एवं समर्थनका लागि नगरपरिषद् बैठकमा पेश गर्ने निर्णय गरियो । साथै गत नगर परिषद् बैठकबाट स्वीकृत यस नगरपालिका कार्यालयको कर्मचारी दरवन्दी संख्या २०६ र यसै परिषद्बाट अनुमोदन गराउने गरी बोर्ड बैठकबाट थप भएका अधिकृत स्तर छैटौं तह (प्रा) इन्जिनीयर १ (एक) पद र सहायकस्तर चौथो तह (प्रा) अमिन १ (एक) समेत गरी कूल २०८ पदको दरवन्दी स्वीकृति एवं समर्थनका लागि नगरपरिषद्मा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकाको १५ औं नगरपरिषद्बाट स्वीकृत संगठन संरचना एवं दरवन्दी अनुरुप चालु आ.व.मा बढुवा तथा नियुक्ति भएका कर्मचारीहरुलाई स्वीकृत संरचनात्मक ढांचा अनुरुप पदस्थापन गराई नगरपालिका कार्यालयले तोकेको कार्य विवरण उपलब्ध गराई कार्यान्वयन गर्ने क्रममा संस्थागत काम कारबाहीमा केही असहजता भएको र संरचना पुनरावलोकनका लागि कर्मचारी एशोसिएशनबाट समेत निर्णय सहित लिखित रुपमा अनुरोध भई आएको सन्दर्भमा संगठनात्मक संरचनामा थप सुधारको आवश्यकता महशुश भएकोले स्थानीय विकास मन्त्रालयको च.नं.३९८४, मिति २०६७।१२।१८ को पत्रलाई समेत दृष्टिगत गरी कार्यालयको आन्तरिक बस्तुगत परिस्थितिलाई मध्यनजर गरी तत्काल पुनरावलोकनका लागि आवश्यक अध्ययन गरी निकाश निकाल्नुपर्ने देखिएकोले अध्ययन कार्यदल गठन गरी कार्य अघि बढाउने सम्बन्धी प्रस्ताव छलफलका लागि नगर परिषद् बैठकमा पेश गर्ने निर्णय भयो । साथै हाल स्वीकृत संगठन संरचनाको पुनरावलोकन नभएसम्मका लागि सार्वजनिक निर्माण शाखाका प्रमुख श्री सत्यनारायण साहलाई महाशाखा प्रमुख सरहको जिम्मेवारी दिने समेत निर्णय गरियो ।

१५. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धिका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत यस नगरपालिकाको आगामी ३ बर्षका लागि क्षमता विकास योजना (Capacity Development Plan) तर्जुमा भई कार्यान्वयन हुदैं आएकोमा त्यसमा आवश्यक पुनरावलोकनका लागि नियुक्त परामर्श दाता संस्था वन झुरुसु राष्ट्रिय अध्ययन केन्द्र, काठमाण्डौंले पेश गरेको प्रतिबेदन अनुसारको संशोधित क्षमता विकास योजना स्वीकृत गर्दै प्रस्तुत कार्य तालिका बमोजिमको कार्य क्रमश: कार्यान्वयन गर्ने निर्णय भयो । र यस निर्णय अनुमोदनका लागि नगर परिषद् बैठकमा पेश गर्ने समेत निर्णय भयो ।

आज मिति २०६८।३।२९ गतेका दिन दिनको ४:०० यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

*उपस्थिति:*

| | |
|---|---|
| श्री भरत वहादुर ढुंगाना | प्रमुख एवं कार्यकारी अधिकृत |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | अनु. |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | अनु. |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णय :

१. यस नगरपालिकाको सोह्रौं नगरपरिषद् बैठकबाट स्वीकृत योजनाहरुमध्ये देहायका योजनाहरु स्थानीय विकास मन्त्रालयको जगेडा कोष अनुदानबाट सञ्चालन गर्नका लागि उक्त योजनाहरु स्वीकृतार्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**देहाय :**

(क) पारिजात पथ स्तरीकरण तथा नमुना सडक निर्माण कार्य,
(ख) ढल पुनर्निर्माण तथा सडक पेटी निर्माण कार्य, कान्तिराजपथ
(ग) ढल मर्मत तथा पुनर्निर्माण कार्य, मुख्य बजार क्षेत्र
(घ) सरस्वती, प्रगतिपथ, तल्लोताल, डांगडुंगे कंक्रिट सडक निर्माण कार्य,
(ङ) कर्णावती- ढकाल टोल सडक कालोपत्रे निर्माण कार्य
(च) जोशी वन नर्सरी क्षेत्र र सृजना टोल सडक कालोपत्रे तथा कंक्रिट सडक निर्माण कार्य ।

२. हे.न.पा. ४ र ८ को सिमाना भएर बग्ने कर्रा नदीले वडा नं. ४ तर्फको भुभागमा वर्षेनी कटान गर्दै गएको कारणबाट सो क्षेत्रको मानव बस्ती असुरक्षित बन्दै गएको सन्दर्भमा स्थानीय उपभोक्ता समिति एवं स्थानीय निकाय समेतको सहयोगमा तटवन्धनका लागि आवश्यक कार्य हुँदै गरेकोमा उक्त कार्यलाई सम्पन्न गर्न निक्कै ठूलो लागत लाग्ने भएकोले आवश्यक बजेट विनियोजन तथा तटवन्धन कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायमा सिफारिस गरीपांउ भनी कर्रानदी नियन्त्रण तथा संरक्षण समिति, हे.न.पा. -४ को मिति २०६८।३।२० र २०६८।३।२७ को पत्रबाट अनुरोध भई आएकोमा आवश्यक बजेटका लागि जल उत्पन्न प्रकोप नियन्त्रण विभागमा सिफारिस गरिदिने निर्णय गरियो ।

३. यस नगरपालिका र सडक बोर्ड नेपाल समेतको लागतमा नगरका मुख्य बजार क्षेत्रका कालोपत्रे सडक मर्मत तथा प्याचिंग गर्ने ल.ई. रु.५०,३७,९९७।४० बराबरको कार्यका लागि बोलपत्र आव्हान भएकोमा रु.३१,८६,७२३।०१ (ल.ई. भन्दा ३६.७५ प्रतिशत कम) अंक कबोल गर्ने Simple Construction, पिप्ले -१,

चितवनको बोलपत्र प्रस्ताव (टेण्डर) स्वीकृत गर्ने निर्णय गयिो । र साथै सो कार्यका लागि सडक बोर्डबाट व्यहोरिने लागतको किस्ता निकाशा माग गर्ने समेत निर्णय गरियो ।

४. यस नगरपालिकाबाट गठित कल डे स्याक (Cul_de_Sack) तथा राष्ट्रिय भवन संहिता कार्यान्वयनमा देखिएका समस्या समाधान सम्बन्धी अध्ययन तथा सुझाव कार्यदलले पेश गरे अनुसार तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपसील :**

क) कल डे स्याक (Cul _de_ Sac) सम्बन्धमा :

अ) जग्गा विकासको क्रममा २०० फिट भन्दा लामो नयां बाटो खोल्दा उक्त बाटो अर्को बाटोसंग नजोडिई निकासको व्यवस्था नरहने अवस्थामा सवारी साधन घुमाउने प्रयोजनका लागि ९०० वर्ग फिट क्षेत्रफल (लम्बाई र चौडाई नगरपालिकाले तोके बमोजिम हुने गरी) कल डे स्याकको व्यवस्था हुनु पर्नेछ ।

आ) उपरोक्त अ बमोजिम व्यवस्था हुने कल डे स्याक सडकको लम्बाई २०० फिट भन्दा कम भए तापनि बिचमा घुमाउरो सडक रहेमा उक्त स्थानमा पर्ने गरी ४५० वर्ग फिटमा नघट्ने गरी कल डे स्याक व्यवस्था गर्नु पर्नेछ ।

ख) नियमानुसार पूर्व स्वीकृत लिई मात्र भवन निर्माण कार्य गराउने तर्फ नगरवासीहरुलाई सुसूचित गराउन र गैर कानूनी ढंगबाट हुन सक्ने संभावित निर्माण कार्यहरुलाई निरुत्साहित गर्न नगरपालिकाको घरनक्सा इजाजत शाखा र नियमन उपशाखा बीच तालमेल मिलाई अनुगमन कार्यलाई कडाईका साथ व्यवस्थित गर्ने र अनुगमनको क्रममा स्वीकृत डिजाइन र वास्तविक निर्माण बिच प्राविधिक दृष्टिकोणबाट मनासिव कारणमा वाहेक फरक परेको अवस्थामा लागु भएको मितिले १ (एक) बर्ष सम्मको लागि परीक्षण काल मानी घरधनी, डिजाइनर र श्रम ठेकेदारलाई उचित दण्ड जरिवाना र कारबाहीको व्यवस्था गर्ने ।

ग) राष्ट्रिय भवन सहिता कार्यान्वियनको सन्दर्भमा हालसालै निर्माण भएका संरचनाहरू २०६७ माघ १ गते अगाडीनै निर्माण भएको भन्ने वहानाका साथ साविक कै मापदण्ड बमोजिम नियमितका लागि आउने प्रवृत्ति बढिरहेको सन्दर्भमा यस्ता कार्यलाई निरूत्साहित गर्न एक पटकका लागि १ बर्षको समयसिमा निर्धारण गरी राष्ट्रिय भवन संहिता बमोजिम नक्सा नियमति गर्न गराउन सार्वजनिक रूपमा आव्हान गर्ने र यसरी आव्हान गरिएको समयभित्र नक्सा नियमितका लागि आउने घरधनीहरूलाई निम्न बमोजिमको थप शुल्क लिई नक्सा नियमित गरिदिने ।

निम्न :

अ) यो संहिता लागु हुनु अगाबै छुटपुट निर्माण भएका भबनहरूको हकमा सर्बसाधारणलाई पुराना भवनको नक्सा दर्ता गर्न ट्राफिक चोकमा होर्डिङ बोर्डको ब्यवस्था गरी वडा समितिको कार्यालय, टोल बिकास संस्थाहरूलाई समेत पत्राचार गर्ने र पत्र पत्रिका मार्फत ३५ दिने सार्बजनिक सुचना गरी नियमित गरी दिने ।

आ) उपरोक्त बमोजिमको म्याद समाप्त हुना साथै २ महिनाभित्र नक्सा दर्ता गर्नेहरूको हकमा साविकमा लाग्ने नक्सा दस्तुरको ३० प्रतिसत थप शुल्क लिई नियमित तर्फ प्रकृया अगाडि बढाउने ।

इ) त्यस पश्चात ४ महिना भित्र नक्सा दर्ता गर्नेहरूको हकमा साविकमा लाग्ने नक्सा दस्तुरको ७५ प्रतिशत थप शुल्क लिई नियमित तर्फ प्रकृया अगाडि बढाउने ।

ई) त्यस पश्चात ६ महिना भित्र नक्सा दर्ता गर्नेहरूको हकमा साविकमा लाग्ने नक्सा दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नियमित नियमित तर्फ प्रकृया अगाडि बढाउने ।

उ) उक्त समयावधि भन्दा पछि यो संहिता लागु भएको मितिले एक बर्ष सम्म नक्सा दर्ता गर्नेहरूको हकमा प्रत्येक महिनाको २० प्रतिसत थप शुल्क लिई नियमित गरिदिने ।

घ) नगर क्षेत्रभित्र भवन निर्माणार्थ नक्सा इजाजतका लागि पेश गरिएको नक्सा तथा डिजाईन राष्ट्रिय भवन सहिता –२०६० अन्तर्गतका Professional Engineered Building का लागि आवश्यक Structural Design पेश गर्नु पर्ने र यसका न्यूनतम मापदण्ड भवन नियमावली –२०६६ अन्तर्गतको फाराम भर्नु पर्ने ।

ङ) नगरपालिकामा पेश हुन आएका तथा हुने नक्सा तथा डिजाईन सम्बन्धी समस्याहरूका निराकरणका लागि र विशेष प्रकारका संरचनाहरूका सम्बन्धमा प्राविधिक राय सुझावका लागि विशेषज्ञ सहितको निम्न बमोजिमको प्राविधिक समिति बनाउने ।

निम्नः

अ) योजना तर्जुमा तथा पूर्बाधार बिकाश महाशाखा प्रमुख –संयोजक
आ) शहरी विकास तथा भवन निर्माण विभागका प्रतिनिधी –सदस्य
इ) नेपाल ईन्जिनियरिङ्ग एसोसियसनको स्थानीय प्रतिनिधी –सदस्य
ई) स्ट्रक्चर ईन्जिनियर वा सो सम्बन्धी दखल भएको प्रमाणीत ईन्जिनियर –सदस्य
उ) शाखा प्रमुख, भवन इजाजत व्यवस्थापन शाखा –सदस्य सचिव

च) राष्ट्रिय भवन सहिता कार्यान्वियनको प्रभावकारी कार्यान्वियनमा श्रम ठेकेदार र श्रमिक वर्गको पनि महत्वपूर्ण योगदान रहने तथ्यलाई ध्यानमा राखी यस सम्बन्धमा आधारभूत तालीम प्राप्त गरेका श्रमिकहरूको विवरण सूचिकृत गर्ने र नयां श्रमिक वर्ग पनि पहिचान गरी आधारभूत तालीमको व्यवस्था गरी क्रमशः सूचिकृत गर्दै जाने ।

५. यस नगरपालिकाको शहरी तथा वातावरणीय सुधार परियोजना (UEIP) अन्तर्गत मुख्य बजार क्षेत्रमा निर्मित भूमिगत ढल प्रयोगमा ल्याउनका लागि आवश्यक Sewerage Policy स्वीकृत गर्नुपर्ने भई सो को मस्यौदा बैठकमा पेश हुन आएकोमा सो सम्बन्धमा यथाशिघ्र सरोकारवालाहरुको उपस्थितिमा कार्याशाला आयोजना गरी कार्याशालाबाट प्राप्त सुझाव समेतका आधारमा स्वीकृति सम्बन्धी कार्यवाही अघि बढाउने निर्णय गरियो ।

६. विभिन्न टोल विकास संस्था अन्तर्गतका शाखा सडकहरुमा ग्रेभलिंग तथा सडक मर्मत कार्यका लागि ग्रेभल तथा ढुंगा उपलब्ध गराइदिन अनुरोध भई आएकोमा देहाय बमोजिम ग्रेभल तथा ढुंगा उपलब्ध गराउने निर्णय गरियो ।

**देहाय :**

(क) मिति २०६८।१।२८ को पत्रबाट माग भई आएकोमा हे.न.पा. ५ स्थित लक्ष्मी नारायण मन्दिर शाखा रोड, महादेवटोलका लागि १० ट्रिप ग्रेभल ।
(ख) भैरवकुञ्ज टोल विकास संस्था, हेटौंडा-११, डांगडुंगेको मिति २०६८।३।१३ को पत्रबाट माग भई आएकोमा १५ ट्रिप ग्रेभल ।
(ग) रुद्रेश्वर टोल विकास संस्था, ढकालटोल हेटौंडा-५ को मिति २०६८।३।९ को पत्रबाट माग भई आएकोमा ८ ट्रिप ग्रेभल ।
(घ) धर्मपथ टोल विकास संस्था, हेटौंडा-९, लामसुरेको मिति २०६८।३।१९ को पत्रबाट माग भई आएकोमा १० ट्रिप ग्रेभल ।
(ङ) हे.न.पा. ५ स्थित बानियाटोलबाट शान्तिनगरतर्फ जाने दुई वटा शाखा सडकमा ग्रेभलिंग गर्न १०।१० ट्रिप ग्रेभल ।
(च) हे.न.पा. ५ स्थित लक्ष्मी नारायण टोल विकास संस्थाको मिति २०६७।१२।२० को पत्रबाट माग भई आएकोमा प्रगतिपथ ढलान सडकमा वाल निर्माण कार्यका लागि ३ ट्रिप फुटाएको ढुंगा ।
(छ) सीतानगर टोल विकास संस्था, हेटौंडा-५ पिप्लेको मिति २०६८।३।१५ को पत्रबाट माग भई आएकोमा ४ ट्रिप ग्रेभल ।

७. यस कार्यालयबाट सम्पादन गरिने विभिन्न कामहरु ( नक्शापास गर्ने, भौतिक निर्माण, घर तथा जग्गा बहाल आदि ) को सिलसिलामा कार्यालयको नाममा विभिन्न व्यक्ति तथा संघसंस्थाहरुले जम्मा गरेका म्याद नाघिसकेका रु.११,९००।- बराबरको धरौटी रकम सदर स्याहा गरी नगरपालिका कोषमा आम्दानी बांध्ने सम्बन्धमा आर्थिक प्रशासन शाखाबाट पेश हुन आएको टिप्पणी उपर छलफल हुंदा पेश भए बमोजिम धरौटी रकम सदरस्याहा गर्ने तर्फ कारबाही अगाडी बढाउने निर्णय गरियो ।

८. नेपाल संगीत तथा नाटक प्रज्ञा प्रतिष्ठानको आयोजना र तरंग सांस्कृतिक परिषद् स्थानीय आयोजक रहेको बहुभाषिक नाटक महोत्सव-२०६८ का अतिथिज्यूहरुको स्वागातार्थ राखिएको सडकको व्यानरको भुक्तानी उपलब्ध गराइदिन बहुभाषिक नाटक महोत्सव-२०६८, हेटौंडाको मिति २०६८।३।२१ को पत्रबाट अनुरोध भई आएकोमा रु. ३,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

९. दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको स्वामित्वमा रहेको हेटौंडास्थित कि.नं. २५९२ र कि.नं. २५९३ को २१ विगाहा ५ कठ्ठा जग्गा मध्ये कार्यालय क्षेत्र, आवास क्षेत्र र स:मिल तथा Treatment Plant रहेको क्षेत्र बाहेक न्युरेनी क्षेत्र लगायत दक्षिण पश्चिम क्षेत्रको १५ विगाहा जग्गा स्थानीय विकास मन्त्रालयको स्वामित्वमा ल्याउनका लागि आवश्यक कार्यबाही अघि बढी वन तथा भू-संरक्षण मन्त्रालय मार्फत टि.सी.एन.को लागि रु.३४ करोडको अख्तियारी पठाइसकिएको र मन्त्री परिषद्को निर्णयानुसार सो जग्गा यस नगरपालिकाको नाममा ४० बर्षको लागि भोगाधिकार प्रदान गरिने भएकोले जग्गाको आवश्यक रेखदेख र संरक्षणको प्रक्रिया समेत शुरु गर्न स्थानीय विकास मन्त्रालय, नगरपालिका व्यवस्था शाखाको च.नं.५२८, मिति २०६८।३।२२ को पत्रबाट जानकारी हुन आएकोमा नगरपालिकाको बृहत्तर विकासमा योगदान पुग्न जाने सहयोगप्रति यस बैठक स्थानीय विकास मन्त्रालयलाई हार्दिक धन्यबाद एवं आभार व्यक्त गर्दछ । र साथै सो जग्गाको संरक्षणका लागि आवश्यक पूर्वाधार निर्माण गर्न नगरपालिकालाई प्राप्त हुने नियमित बजेट भन्दा अलग थप बजेट उपलब्ध गराइदिन स्थानीय विकास मन्त्रालयमा अनुरोध समेत गर्ने निर्णय गरियो ।

१०. हे.न.पा. ४ स्थित नगर विकास समितिको स्वामित्वमा रहेको खानेपानी टंकी नजिकको जग्गामा तरकारी बजार सञ्चालन गर्न हेटौडा नगर विकास समितिको मिति २०६८।३।२७ को पत्रसाथ संलग्न सो समितिको बैठक निर्णयबाट समिति इच्छुक रहेको बुझिएकोले सो सम्बन्धी कार्य अघि बढाउन तत्काल सो स्थानको पूर्वाधार व्यवस्थित गर्न ग्रेभल गराउने निर्णय गरियो ।

११. पत्रकारिकताको विद्यमान चुनौतीका बारेमा अध्ययन अवलोकन भ्रमण कार्यक्रम आयोजनार्थ आ.स. उपलब्ध गराइदिन नेपाल पत्रकार हकहित संरक्षण मञ्च नेपाल, हेटौंडा, मकवानपुरबाट अनुरोध भई आएकोमा रु.५,०००।- सहयोग उपलब्ध गराउने सम्बन्धमा मिति २०६८।३।२२ मा भएको निर्णय समर्थन गरियो ।

१२. यही २०६८ साल जेष्ठ २१ गते छतिवन गा.वि.स. मा आयोजना हुन गैरहेको स्वास्थ्य शिवीरका लागि सहयोग उपलब्ध गराइदिन सुनौलो मकवानपुर साप्ताहिकबाट अनुरोध भई आएकोमा रु.२,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

१३. यस हेटौंडा नगरपालिका कार्यालय समेतको तर्फबाट गर्नुपर्ने मुद्धा मामिला तथा यस नगरपालिका कार्यालय समेतलाई विपक्षी बनाई दिइएको रिट निवेदन लगायतका मुद्धाहरुमा सम्मानित सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत लगायतका न्यायिक, अर्धन्यायिक निकायहरुमा निवेदन दिन, मुद्धा दायर गर्न, प्रतिवाद-प्रत्युत्तर, लिखित जवाफ समेत दर्ता गरी मुद्धाको अन्तिम निर्णय नहुंदा सम्म विभिन्न चरणमा अदालती प्रयोजनार्थ रकम खर्च हुने र कतिपय अदालती लिफाहरु खुल्ला विक्री हुनेहुंदा सो को रसीद प्राप्त नहुने भई खर्च फांटबारी पेश गर्न समेत कठिनाइ हुने भएकोले स्टेशनरी तथा अदालत खर्च बापत सम्बन्धित कार्यका लागि मुकरर गरिएका कर्मचारीलाई एकमुष्ठ प्रति मुद्धा बापत निकाशा दिनेगरी निर्णय हुन सम्बन्धित शाखाबाट पेश हुन आएको टिप्पणी उपर छलफल हुंदा देहाय बमोजिम एकमुष्ट रकम निकाशा दिने निर्णय गरियो :

देहाय :
(क) विभिन्न निवेदन, लिखित जवाफ, टाइप प्रिन्ट, अदालत दस्तुर, नक्कल, निवेदन दस्तुर, वकालतनामा समेतको प्रति मुद्धा रु.३,०००।-
(ख) वारेशको लागि (स्थानीय अदालत) प्रति तारेख रु.२५०।-

(ग) जिल्ला बाहिर कानुन व्यवसायी मुकरर गर्दा प्रति एक बहस रु.५,०००।-
(घ) वारेशको लागि (जिल्ला बाहिर) नियमानुसार रु.२५०।-

आज मिति २०६८।४।१० गतेका दिन बिहान ८:०० बजे यस नगरपालिकाको बोर्ड बैठक न.पा. सभाहलमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय भयो ।

उपस्थितिः

श्री भरत वहादुर ढुंगाना प्रमुख एवं कार्यकारी अधिकृत

आमन्त्रित

| | | |
|---|---|---|
| श्री डि.बि. थापा | प्रतिनिधि, एकीकृत ने.क.पा. माओबादी | |
| श्री ईश्वरलाल श्रेष्ठ | प्रतिनिधि, ने.का. | |
| श्री गोपालबहादुर श्रेष्ठ | प्रतिनिधि, ने.क.पा. एमाले | |
| श्री उपेन्द्र अधिकारी | प्रतिनिधि, ने.क.पा. माले | अनु. |
| श्री रबिन्द्रकुमार अधिकारी | प्रतिनिधि, रा.प्र.पा. | |
| श्री प्रकाशचन्द्र अर्याल | प्रतिनिधि, राष्ट्रिय जनमोर्चा | |
| श्री श्यामकृष्ण भुजेल | प्रतिनिधि, ने.क.पा. एकीकृत | अनु. |
| श्री गुरुप्रसाद सापकोटा | प्रतिनिधि, रा.प्र.पा. नेपाल | |

निर्णय :

१. यस नगरपालिका र स्थानीय विकास मन्त्रालयको थप स्थानीय विकास शुल्क अनुदान कार्यक्रम अन्तर्गत हे.न.पा. २ कार्यालय हाताभित्र कार्यालय भवन आवास गृह एवं ग्यारेज निर्माण गर्ने कार्य श्री सपना । अस्मिता । श्रेष्ठ सिभिल जे.भी. हेटौंडा-२ संग रु.२,२९,५१,४८२।६६ मा ठेक्का स्वीकृत भई काम गर्ने सिलसिलामा विविध कारणले सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्न नसकिएकोले म्याद थपका लागि ठेकेदारबाट माग भई आएकोमा म्याद थप एवं काम गर्ने सिलसिलामा रु.६,६६,७४६।०० बढी रकमको थप कार्य हुन आएकोले उक्त रकम न.पा. कोष बाट व्यहोर्ने गरी स्वीकृत हुन सम्बन्धित शाखाबाट पेश हुन आएको टिप्पणी सम्बन्धमा छलफल हुंदा २०६८ श्रावण मसान्त सम्मको म्याद थप गरिदिने र पेश भए बमोजिम थप कार्यको भुक्तानी गरिदिने निर्णय गरियो ।

२. हे.न.पा. २ स्थित श्रीदेवी टोलमा हालै आएको अविरल बर्षादका कारण केही घर समेत पैरोले बगाउने जोखिम ज्यादै बढेकोले सो को रोकथामका लागि आवश्यक तटवन्ध निर्माण गर्न सहयोग उपलब्ध गराइदिन सम्बन्धित टोल विकास संस्थाको सिफारिस सहित उत्तरा कुमारी श्रेष्ठले मिति २०६८।४।५ मा पेश गर्नु भएको निवेदन सम्बन्धमा छलफल हुंदा ग्याविन तारजाली भर्न ४ ट्रिप ढुंगा उपलब्ध गराउने निर्णय गरियो ।

३. सचेत टोल विकास संस्था, हेटौंडा-५ पिप्लेको मिति २०६८।४।८ को पत्रबाट पिप्ले सडक अन्तर्गतका गणतन्त्र मार्ग, लोकतन्त्र गल्ली, सुमार्ग गल्ली लगायतका शाखा सडकहरुमा ग्रेभलिंग कार्यका लागि ग्रेभल माग भई आएकोमा १० ट्रिप ग्रेभल उपलब्ध गराउने निर्णय गरियो ।

४. स्वास्थ्य अवस्था निक्कै कमजोर भएको र औषधी उपचारका लागि आर्थिक समस्या भएकोले आ.स. उपलब्ध गराइदिन हेटौंडा ६ बस्ने भरत सापकोटाले मिति २०६८।४।३ मा निवेदन दिनुभएकोमा रु.२,०००।- आ.स. उपलब्ध गराउने सम्बन्धमा मिति २०६८।४।६ मा भएको निर्णय अनुमोदन गरियो ।

५. यस नगरपालिकाको कार्यालय भवन तथा बारुणयन्त्र आवास गृह भत्काउंदा निस्केका काठ, जस्ता, इटा लगायतका निर्माण सामग्रीको अवस्थामा बारेमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नगरपालिका बोर्डको मिति २०६८।३।१६ को बैठकबाट कार्यालयका सामान्य प्रशासन तथा सुशासन प्रबर्धन महाशाखा प्रमुख श्री भीमप्रसाद तिमल्सिनाको संयोजकत्वमा गठीत कार्यदलबाट तयार भएको प्रतिबेदन आजको बैठकमा पेश भई प्रतिवेदन उपर बैठकमा छलफल गरियो ।